उमाद

19-49-02

Cinsec

समर्पण



जबसम्म आमरुपमा जनता नै अधिकार र दायित्व बारेमा जानकार हुँदैनन्, तबसम्म मानवअधिकार एउटा नारामा मात्र सीमित हुन जान्छ ।

- अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्ले

उभार

०५७ असोज

संयोजन
समीर नेपाल

सम्पादन
आत्माराम शर्मा

विशेष सहयोगी
शिव खकुरेल
रमेश अधिकारी
सम्झा श्रेष्ठ
गीता माली
सिताराम लम्साल

आवरण
महेन्द्र श्रेष्ठ
एम्ज माउस, पुतलिसडक
फोन : २६५९४४

लेआउट
गोविन्द त्रिपाठी

कम्पयुटर टाइप
उषा थपलिया/सञ्जय थपलिया

फोटो
विमलचन्द्र शर्मा
इन्सेक आबद्ध संस्था

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय
काठमाडौं
फोन-फ्याक्स : २८५४६१

मुद्रण
फुल्चोकी प्रिन्टिंग सपोर्ट
अनामनगर, काठमाडौं
फोन : २३०४३७

पस्म्परागत आर्थिक सामाजिक जगमाथि नयाँ प्रजातन्त्रको भवन तयार पार्ने प्रयत्न भएपछि सामाजिक तनाव हुनु स्वभाविक हो। एकातिर जनताको बढ्दो चेतना अर्कोतिर पुरानै आर्थिक, सामाजिक पटिपाटीभित्र रहेको शोषणका स्वरुपहरु भित्रै बाच्नु पर्ने जनताको बाध्यता। यस्तो अवस्थामा नेपालको प्रजातन्त्रले धुप्रै विकृति र विसंगतिहरु व्यहोर्नु स्वभाविक हुन गयो।

- सुशील प्याकुरेल **१**

चालिसको दशक लाग्दा नलाग्दा नेपालमा मानव अधिकार संरक्षण मञ्चको जन्मदेखि आन्दोलनको रुपमा मानव अधिकारवादी आन्दोलन अघि बढेको हो। नागरिकहरुले मानव अधिकार सम्बन्धी मुद्दालाई अघि पनि उठाएका थिए होलान्। तर त्यो सामाजिक जीवनको आन्दोलन थिएन। मानव अधिकार संरक्षण मञ्चको गठन र त्यसले आरम्भ गरेका गतिविधिहरु नै मानव अधिकार प्राप्तीका सन्दर्भमा व्यापकता हासिल गरेको अभियान थियो।

- प्रदिप नेपाल **३**

साथमा

सामाजिक विकासमा गैर सरकारी संस्थाहरुको भूमिका- ६
मध्यमाञ्चल क्षेत्रीय कार्यालय गतिविधि- ८
धनुषा- १२, महोत्तरी- १७, सर्लाही- २३
सिन्धुली- २६, ढोलखा-३३, रौतहट- ३८
बारा- ४३, पर्सा- ४९, चितवन- ५४
काभ्रेपलाञ्चोक- ६४, काठमाण्डौं- ६९
सिन्धुपाल्चोक- ७४, नुवाकोट- ७९
रसुवा- ८७

शुभकामना

मध्यमाञ्चल क्षेत्रीय कार्यालयले "उभार" प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त हर्षित भएको छु। तपाईहरुको सत्प्रयासले देश र जनताको मानवअधिकारको बहाली र सामाजिक न्यायको प्राप्तिका लागि सदैव सहयोग पुगिरहेको स्मरण गर्दै यस प्रकाशनले पनि यस क्षेत्रका सूचना तथा अभिलेखहरुलाई एकत्रित गरी आफ्नो उद्देश्य प्राप्तिका लागि महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

देशमा मानवअधिकार हननका घटनाहरु श्रृङ्खलाबद्धरुपमा बढिरहेका छन्। यसैले हाम्रा देशभर छरिएर रहेका कार्यकर्ताहरुको काँधमा अझ बढी कार्यभार थपिएको महसुस गरेका छौं। आपराधिक गतिविधिको तीब्रता, शान्ति सुरक्षाको सुस्तता र श्री ५ को सरकारको निर्णयहीन सत्ता सञ्चालन प्रकृयाले जन्माएको विसंगतिले मानवअधिकारमाथि सदैव चुनौती दिइरहेको छ । यी सबै कुरुपता विरुद्ध हाम्रा आवाजहरु सशक्त हुनुपर्नेछ र हाम्रा कार्यशैलीहरु अत्यन्त चुस्त दुरुस्त हुनुपर्दछ। यिनै हाम्रा लक्ष्य र निर्दिष्ट उद्देष्य हुन्। उभारको यस प्रकाशनले यी कुराहरुमा टेवा मिल्नेछ भन्ने अपेक्षा गर्दै तपाईहरुको काममा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

सुवोधराज प्याकुरेल
महासचिव
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

०५७ असोज

शुभकामना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जनताको मौलिक हक अधिकारको संरक्षण एवं संवर्द्धनका लागि कार्यरत रही मानवअधिकार तथा सामाजिक न्यायकालागि आफ्ना अभियानहरु संचालन गरिरहेको छ। यस्ता कार्यक्रमहरु संचालन गर्न थालिएको एक दशक बितिसकेको छ। यस समयको अन्तरालमा देशमा मानवअधिकारका लागि गरिएका हरेक प्रयासहरु वा संस्थागत विकासमा इन्सेकको उपस्थिति कुनै न कुनै किसिमले सबै क्षेत्रमा प्रखररुपमा रहेको छ ।राष्ट्रिय परिदृष्यमा हाम्रो उपस्थितिको यो झलकले के देखाउँछ भने हाम्रा कामहरुले जनताको भावनालाई छोएको छ। जनताका हरेक पीडा र मर्महरुमा हामी साथै छौं । महिलाहरुमाथि गरिने भेदभावपूर्ण अन्याय, दलितहरुमाथि गरिने सामाजिक तथा आर्थिक शोषण, वालमजदुरीको भयावह स्थिति, कमैयाहरुमाथिका अन्यायपूर्ण सामन्ती व्यवहार, सबैखाले आतंकले जनताको जिउधनको असुरक्षा वा विभिन्न राजनैतिक समूहले अख्तियार गरेका राजनैतिक कारणले जनताको हत्या हुने सवाल होस् यी सबैमा इन्सेकको उपस्थिति रहेको छ।

इन्सेकका केन्द्र, क्षेत्र र जिल्लातहमा कार्यरत संपूर्ण कार्यकर्ताहरुको अनुपम लगनशीलता र दृढ प्रतिबद्धताले नै यी सफलताहरु प्राप्त भएका हुन्। यिनै कुराहरुलाई लिपिबद्ध गर्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयले आफ्ना कार्यक्षेत्र भित्रका संस्था एवं तिनीहरुका गतिविधि र क्रियाकलापहरुको विस्तृत विवरण सहितको पुस्तक **उभार** प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दै म उहाँहरुलाई हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछु।

देविकानन्द तिमिल्सिना
निर्देशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

०५७ असोज

शुभकामना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जनताको मौलिक हक अधिकारको संरक्षण एवं संवर्द्धनका लागि कार्यरत रही मानवअधिकार तथा सामाजिक न्यायका लागि आफ्ना अभियानहरु संचालन गर्न थालेको एक दशक बितिसकेको छ। यस समयको अन्तरालमा देशमा मानवअधिकारका लागि गरिएका हरेक प्रयासहरु र संस्थागत विकासमा इन्सेकको उपस्थिति कुनै न कुनै रुपमा देखिदै गएको छ। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृष्यमा मानवअधिकार संस्थाको उपस्थितिको यो झलकले सावित गर्छ हाम्रा हरेक सोच र कामहरुले नागरिक समाजको भावनालाई छोएको छ, जनताका हरेक पीडा, समस्या र मर्महरुमा हामी साथै छौं।

इन्सेकका केन्द्र, क्षेत्र र जिल्लातहमा कार्यरत संपूर्ण कार्यकर्ताहरुको अनुपम लगनशीलता र दृढ प्रतिबद्धताले नै यी सफलताहरु प्राप्त भएका हुन्। संस्थाले गरेका यिनै काम र कुरालाई लिपिबद्ध गर्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयले आफ्ना कार्यक्षेत्र भित्रका संस्था एवं तिनीहरुका गतिविधि र क्रियाकलापहरुको विवरण सहितको पुस्तक **उभार** प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु। आगामी दिनमा यस्ता कामहरुले निरन्तरता पाउन्, हाम्रो जन-सम्पर्क तथा सवलीकरण अभियान अझ बढी गतिशील बनोस्।

मुकुन्दराज कट्टेल
निर्देशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

०५७ असोज

प्रकाशकीय

नेपालको प्रजातान्त्रिक आन्दोलनसंगै मानवअधिकार आन्दोलन पनि अगाडि बढ्दै आएको तथ्य हामी सबैका अगाडि घाम जतिकै छर्लंग छ । नेपालको मानवअधिकार आन्दोलनको इतिहास खोतल्दा असंगठित अवस्थामा लामो समयसम्म रहे पनि संगठित अवस्थाको समय भने अत्यन्त छोटो छ। प्रजातन्त्रको पुनर्स्थापना पछि नेपालमा विभिन्न मानवअधिकार संस्थाहरु क्रियाशील छन्। छरिएर रहेका यस्ता संस्थाहरुले नेपालको मानवअधिकार आन्दोलनलाई अगाडि बढाइरहेका छन्। केही वर्ष यता नेपालको मानवअधिकार आन्दोलनसंगठित रुपमा अगाडि बढ्दैछ। असंगठित छरपस्ट रहेको नेपालको मानवअधिकार आन्दोलनलाई संगठित स्वरुप दिने नेतृत्वकारी व्यक्तित्व स्व. प्रकाश काफ्लेको महत्वपूर्ण सोच र अगुवाइमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को स्थापना भएको हो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत एक दशक भन्दा बढी समयदेखि नेपालको मानवअधिकार आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ०४५ सालदेखि नै यस संस्थाले ग्रामीण जनसमुदायसम्म पुगेर आफ्ना गतिविधिहरु संचालन गर्ने क्रममा देशका पाँचवटै विकास क्षेत्रमा आफ्नो क्षेत्रीय कार्यालयको स्थापना गरेर काम गर्दै आएको छ। विगत लामो समयसम्म मध्यमाञ्चल क्षेत्रीय कार्यालयको काम इन्सेक केन्द्रीय कार्यालय मातहतबाट हुन पुग्यो। केही वर्ष अगाडिदेखि मध्यमाञ्चलले छुट्टै स्वायत्तता प्राप्त गरेपछि यस क्षेत्रीय कार्यालयले थप जिम्मेवारीको महसुस गऱ्यो। यस कार्यालय अन्तरगत हाल १४ वटा जिल्लामा इन्सेक आबद्ध मानवअधिकार संस्थाहरु कार्यरत छन् ।

यस मध्यमाञ्चल क्षेत्रभित्र कार्यरत विगत लामो समयदेखि ग्रामीण जनसमुदायसंग अत्यन्त नजिकमा रहेर काम गर्दै आएका तिनै १४ वटा मानवअधिकार संस्थाहरुका अहिलेसम्म भए गरेका काम र गतिविधिहरुलाई यथासम्भव सूत्रबद्ध गर्दै यो उभारमा संकलन गरिएको छ । मूलतः यस पुस्तकको प्रकाशन गर्दा हामीले नेपालको मानवअधिकार आन्दोलनमा गाउँका कुना कुनासम्म पुगेर आफ्ना काम र गतिविधि संचालन गर्दै आएका मानवअधिकार संस्थाहरुको परिचय नमेटियोस् भन्ने उद्देश्य राखेर यो उभारमा ती संस्थाहरुको चिनारी प्रकाशित गरेका हौं ।

नेपालको राजधानी काठमाडौंबाट चारैतर्फ फैलिदै गएको यो मानवअधिकारको जनउभारलाई हामीले "उभार" नाममा समेटेका छौं। यसमा विगतदेखि वर्तमानसम्म संस्थाले गरेका कामलाई महत्वपूर्ण स्थान दिएका छौं । यो पुस्तक प्रकाशन गर्दा नजिकबाट सहयोग गर्नुहुने शिव खकुरेल, रमेश अधिकारी, सम्झना श्रेष्ठ, उषा थपलिया, सिताराम लम्साल र संस्थाका गतिविधि लेख्नु हुने आबद्ध संस्थाका मित्रहरु, आवरणमा सहयोग गर्नुहुने महेन्द्र श्रेष्ठ, लेआउट गर्नुहुने गोविन्द त्रिपाठी र फोटो खिचेर सहयोग गर्नुहुने विमलचन्द्र शमलि यो पुस्तक प्रकाशनमा जिम्मेवारी पूरा गरेर प्रशंसनीय कार्य गर्नु भएको छ। पुस्तकलाई आफ्ना लेख रचना दिनु हुने नेपालका प्रबुद्ध वर्ग, विज्ञापन दाता, मुद्रणमा सहयोग गर्ने फुल्चोकी प्रिंटिंग सपोर्ट र सम्पादनको जिम्मेवारी पूरा गर्ने आत्माराम शर्मा सबै धन्यवादका पात्र हुनुहुन्छ ।

"उभार" नेपालको मानवअधिकार आन्दोलनको इतिहासमा फैलिदै गएको मानवअधिकार संस्था र कार्यकर्ताहरुको छुट्टै चिनारी हो । हामो यो पहिलो प्रयासलाई आदरणीय पाठकहरुले ग्रामीण जनसमुदाय बीच पुगेर कार्य गर्दै गरेका संस्थाहरुको गम्भीर दस्तावेजको रुपमा लिनु हुनेछ भन्ने आशा लिएका छौं ।

समीर नेपाल
क्षेत्रीय संयोजक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं

प्रजातन्त्रको एक दशक र मानव अधिकार

- सुशील प्याकुरेल

आगामी ०५८ साल वैशाख ७ मा नेपालमा प्रजातन्त्र पुर्नस्थापना भएको १० वर्ष पुराभै ११ वर्षमा प्रवेश लाग्दैछ, अब प्रजातन्त्रलाई शिशु भन्न सकिन्न्। अर्थात प्रजातन्त्रले अब आफ्नो उपयोगिता प्रमाणित गर्नु पर्ने समय भएको छ। नेपाली जनताले लामो, कठोर तथा बलिदानीपूर्ण संघर्ष गरेर देशबाट तानाशाही व्यवस्थालाई उखेली प्रजातान्त्रिक व्यवस्थाको पुर्नस्थापना गरेको एक दशक पुरा भएको छ।

२००७ सालमा स्थापित प्रजातन्त्रलाई समाप्त पारी थोपरिएको निरंकुश पंचायती व्यवस्था ३० वर्ष पुरा हुँदा अर्थात् २०४६सालमा प्रवेश गर्दा नगर्दा नेपालको प्रजातान्त्रिक आन्दोलन परिपक्क भैसकेको थियो। त्यस आन्दोलनले प्रजातन्त्र किन र कसको लागि भन्ने कुरा जन समक्ष ल्याउन सफलता पाप्त गरेको थियो। प्रजातन्त्र कुनै एक दलको लागि मात्र नभएर समस्त नागरिकहरुका लागि भन्ने कुरा आन्दोलन आफैले आत्मसात गरिसकेको थियो। त्यतिमात्र होइन समकालिन राजनैतिक परिवेशमा देशका दुई प्रमुख राजनैतिक धरोहर अर्थात नेपाली कांग्रेस र वाममोर्चाहरु वीचको एकता विना प्रजातान्त्रिक आन्दोलनले सफलता नपाउने कुरामा दुवै धार सहमत भएका थिए। त्यसैले ०४६सालमा जन आन्दोलनको नेतृत्व नेपाली कांग्रेस र संयुक्त वाम मोर्चा दुवैले एकसाथ गरे। यसर्थ ०४६सालको जन आन्दोलन संयुक्त जनआनदोलन बन्न पुग्यो।

जन आन्दोलनमा मानव अधिकार एउटा प्रमुख एजेण्डको रुपमा अगाडि आयो। त्यसअघि प्रजातान्त्रिक आन्दोलन भन्ने गरिएको थिएन तर त्यस क्रममा प्रजातन्त्र तथा मानव अधिकारको लागि जनआन्दोलन भनिन थालियो। जनआन्दोलनका क्रममा मानवअधिकार संस्था र मानवअधिकार आन्दोलनका अगुवाहरु जन आन्दोलनका नेताको रुपमा स्थापित भए। त्यसैको परिणामका रुपमा जनआन्दोलनको सफलतापछि गठन गरिएको आन्तरिक संयुक्त सरकारमा दुई जना मानवअधिकार प्रवक्ताहरुलाई पनि समावेश गराइएको थियो। विश्वमा जनआन्दोलन पछि स्थापित सरकारमा मानवअधिकार कार्यकर्ताहरु समावेश भएको विरलै पाइन्छ।

जन आन्दोलनपश्चात स्थापित प्रजातान्त्रिक व्यवस्थाले संविधान निर्माण गर्दा जनतामा राजनैतिक अधिकारहरुलाई सम्वैधानिक ग्यारेण्टीको रुपमा स्थापित गऱ्यो। जन आन्दोलन पश्चात गठन गरिएको अन्तरिम सरकारले, मानव अधिकारको संसक्षण र सम्वर्द्धनको दिशामा प्रमुख सयन्त्र भनिएको नागरिक तथा राजनैतिक अधिकार , आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अभिसन्धिमा अनुमोदन गरी नेपाललाई पक्ष राष्ट्र बनायो। त्यति मात्र नभएर त्यसपछिका दिनहरुमा अन्य कतिपय संयुक्त राष्ट्र संघिय संयन्त्रहरु, अन्तर्राष्ट्रिय दस्तावेजहरुमा नेपाल पक्ष राष्ट्र बनिसकेको छ। प्रजातन्त्र ११ औं वर्षमा प्रवेश गर्दा नगर्दा नेपाल १६भन्दा बढी संयुक्त राष्ट्र संघिय दस्तावेजहरुको पक्ष राष्ट्र भैसकेको छ। त्यो बाहेक अन्तराष्ट्रिय श्रम संगठनका कतिपय जन अधिकारको ग्यारेण्टी गर्ने प्रस्तावहरुलाई पनि नेपालले अनुमोदन गरी सकेको छ।

विशेषगरी नागरिक तथा राजनैतिक अधिकारहरलाई प्रत्याभूती दिइएको मात्र छैन तिनको संरक्षणको लागि विभिन्न संयन्त्रहरुको समेत निर्माण गरिएको छ। यातना क्षतिपुर्ति ऐन र मानवअधिकार आयोग ऐन लाई उदाहरणको रुपमा लिन सकिन्छ। तंर मानवअधिकारको प्रमुख दुई क्षेत्रमा नागरिक तथा राजनैतिक अधिकारलाई जति महत्वका साथ स्थान दिइयो, त्यति महत्व आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई दिइएको छैन। प्रजातन्त्रको स्थापनापछि पछिल्लोलाई महत्व नै दिन

> प्रजातन्त्रको दश वर्षभित्र कुनै दल पनि संगठन र विचारको हिसाबले एकताबद्ध रहन सकेनन्। यसले गर्दा "प्रजातन्त्र" लाई असफल सिद्ध गर्न उद्दत तत्वहरुका लागि माटो मलिलो बनिदियो। सामाजिक अन्तरविरोधहरुले गर्दा जन्मिएको माओवादी समस्या दिन प्रतिदिन जटिल बन्दै गएको छ। सामाजिक संरचना अर्थात् शोषणलाई कम गर्दै र सामाजिक परिवर्तनको गतिलाई तिव्र पार्दै अन्तरविरोधहरुको शान्तिपूर्ण समाधान खोजिनु पर्थ्यो । तर समस्याको सैन्य वा सशस्त्र समाधान खोज्ने प्रवृत्तिले गर्दा नेपाली समाज अहिले तनाव र आतंकग्रस्त भएको छ।

छाडियो। प्रजातान्त्रिक आन्दोलनतामा माग गरिएको मानवअधिकारलाई एकपक्षीय रुपमा लियो अर्थात् मात्र राजनैतिक अधिकार तर्फमात्र राजनैतिक दलहरु आकर्शित भए। ३० वर्ष लामो राजनैतिक दमन र त्यसको प्रतिरोधमा अभ्यस्त राजनैतिक दलहरु आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू जनताका आधारभूत अधिकार हुन् र तिनको ग्यारेण्टी गरिनु पर्छ भन्ने तर्फलागेनन्। फलस्वरुप ०४७ सालमा निर्माण गरिएको नेपाल अधिराज्यको संविधान व्यक्तिको स्वतन्त्रताको सवालमा उसको नागरिक र राजनैतिक अधिकारमा मात्र सीमित रह्यो। बहुदलीय प्रजातन्त्र र राजनैतिक अधिकारलाई कुनै पनि अवस्थामा अपरिवर्तनीय र अहरणीय बनाइयो। तर जनताका आर्थिक, सामाजिक अधिकारहरुलाई संविधानको निर्देशक सिद्धान्तमा मात्र सीमित परियो। जनताका आधारभूत अधिकारहरुलाई केवल नैतिक बन्धनको रुपमा मात्र हेरियो। फलस्वरुप प्रजातन्त्रको आगमन पश्चात् राजनैतिक प्रणालीको स्वरुपमा परिवर्तन भयो। त्यसको गुणमा भने कुनै परिवर्तन आउन सकेन। माथिल्लो संरचनामा फेरबदल भयो तर त्यसको जग अर्थात् आर्थिक, सामाजिक परिपाटी भने पुरानो ढाँचाको रह्यो। यसरी सामाजिक संरचनालाई पुरानै स्वरुपमा राखि त्यसै जगमा परिवर्तित राजनैतिक प्रणालीलाई ठड्याउन खोजियो।

जनआनदोलन पछि एकातिर जनताको एउटा पंक्तिमा चेतना व्यापक अभिवृद्धि भयो र त्यसको असर जनताको तल्लो वर्गसम्म पनि पुग्यो। त्यसपछि जनताले राजनैतिक अधिकारको उपयोग गर्दा आर्थिक, सामाजिक अधिकारको आवश्यकता महसुस गर्नु मात्र हैन त्यसको माग गर्नु पनि स्वभाविक थियो। राजनैतिक स्वतन्त्रताले जनतालाई आर्थिक अवसर र सामाजिक सुरक्षा प्रदान गर्न सक्नुपर्छ अनि मात्र जनताले प्रजातन्त्रलाई आत्मसात गर्दछन्। तर नेपालमा विशेषगरी राजनैतिक नेतृत्व शहरीया निम्न पुँजीपति वर्ग र ग्रामीण संभ्रान्त वा मध्यम वर्गको हातमा रहेको तथा ३० बर्षे पंचायती तानाशाहीको दमन र यातना यसै वर्गकाले बढी भोग्नु परेको हुनाले उनीहरुमा राजनैतिक स्वतन्त्रताप्रति बढी चासो हुनु स्वभाविक थियो। वामपन्थी आन्दोलन समेत व्यापक रुपमा सर्वहाराकरण नभैसकेको स्थितिमा नेपालको राजनैतिक नेतृत्वले जनतामाझ आर्थिक/सामाजिक अधिकारलाई अहमं महत्वका साथ स्थापित गर्न सकेनन्। संविधानको निर्माताका रुपमा रहेका नेपालका तीनथरी राजनैतिक धार कम्युनिष्ट-कांग्रेस र दरबार सबैले सामाजिक संरचनाको परिवर्तनमा ध्यान दिएनन्। यसले गर्दा जनताले माग गरेको अधिकार त पाए तर उपभोग गर्ने अवसर पाएनन्।

पुरानै आर्थिक सामाजिक ढाँचामा नयाँ समाज बनाउने प्रयत्न थालियो। अर्थात् परम्परागत आर्थिक सामाजिक जगमाथि नयाँ प्रजातन्त्रको भवन तयार पार्ने प्रयत्न भएपछि सामाजिक तनाव हुनु स्वभाविक हो। एकातिर जनताको बढ्दो चेतना अर्कोतिर पुरानै आर्थिक, सामाजिक परिपाटीभित्र रहेको शोषणका स्वरुपहरु भित्रै बाँच्नु पर्ने जनताको बाध्यता। यस्तो अवस्थामा नेपालको प्रजातन्त्रले थुप्रै विकृति र विसंगतिहरु व्यहोर्नु स्वभाविक हुन गयो।

कुनै पनि राजनैतिक व्यवस्थाको आधार भनेको आर्थिक प्रणाली नै हो। तर बिडम्बना नेपालमा निरंकुश राजतन्त्रले अगिंकार गरेकै आर्थिक संरचना भित्र प्रजातन्त्रलाई स्थापित गर्ने प्रयत्न भयो। शोषणका माध्यम र स्वरुपहरु नष्ट पार्ने कुरा त परैजाओस् तिनीहरुमा कुनै सुधार समेत गरिएन। हिजोका पंचायती शासकहरु रातारात "प्रजातान्त्रिक" बनेको मात्र हैन बिगतका तिनका सम्पूर्ण कुकृत्यहरुले अभयदान समेत पाएको देखियो।

उपरोक्त पृष्ठभूमिमा अगाडि बढ्दा जनताको चेतना र पछाडि धकेलिएको सामाजिक ढाँचाका बीचमा तनाव हुनु स्वभाविक थियो र त्यस्तै भयो। राज्य संचालकहरु राजनैतिक दलहरु सबै आ-आफ्नै अन्तरविरोध भित्र नराम्ररी जकडिए।

प्रजातन्त्रको दश वर्षभित्र कुनै दल पनि संगठन र विचारको हिसाबले एकताबद्ध रहन सकेनन्। यसले गर्दा "प्रजातन्त्र" लाई असफल सिद्ध गर्न उद्दत तत्वहरुका लागि माटो मलिलो बनिदियो। सामाजिक अन्तरविरोधहरुले गर्दा जन्मिएको माओवादी समस्या दिन प्रतिदिन जटिल बन्दै गएको छ। सामाजिक संरचना अर्थात् शोषणलाई कम गर्दै र सामाजिक परिवर्तनको गतिलाई तिब्र पार्दै अन्तरविरोधहरुको शान्तिपूर्ण समाधान खोजिनु पर्थ्यो। तर समस्याको सैन्य वा सशस्त्र समाधान खोज्ने प्रवृत्तिले गर्दा नेपाली समाज अहिले तनाव र आतंकग्रस्त भएको छ।

जनता अब कुनै पनि किसिमको आतंकमा बस्न र बाँच्न चाहदैनन्। नेपालको जनआन्दोलन र त्यसपछिको १० वर्षले नेपाली जनता भित्र स्वतन्त्रताको भावनालाई राम्ररी जागृत पारिसकेको छ। त्यसैले आर्थिक अधिकार र सामाजिक परिवर्तन नेपाली जनताको माग हो। त्यस्तो मागको पूर्ती कदापी राजनैतिक स्वतन्त्रताको मूल्यमा भने हुन सक्दैन। अबको नेपाल सामाजिक न्यायमा आधारित आर्थिक अवसरहरुको समान पहुँचको राजनैतिक प्रणाली तर्फ अग्रसर हुँदैछ। जबसम्म पम्परागत बनौटमा परिवर्तन हुँदैन अर्थात जनताको स्रोत/साधनमा पहुँचको स्थितिको सृजना हुँदैन, जबसम्म राष्ट्रिय सम्पदाहरुमा जनताको स्वामित्वकी स्थिति ल्याइदैन, जबसम्म सीमित वर्गले राष्ट्रिय आयको अधिकांश हिस्सा हजम गर्ने ढाँचा रहिरहन्छ, तबसम्म देशमा मानवअधिकारको स्थिति सुधन सक्दैन। बिगतको १० वर्षले दिएको शिक्षा नै यही हो। त्यसैले यदि सही मानेको प्रजातान्त्रिक विकास गर्ने हो भने आगामी दशक सामाजिक परिवर्तनको दशक हुनु अनिवार्य छ।

(इन्सेकका पूर्व अधयक्ष श्री प्याकुरेल राष्ट्रिय मानवअधिकार आयोगका सदस्य हुनुहुन्छ।)

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र विकासमा राजनैतिक पार्टीहरूको भूमिका

प्रदिप नेपाल

मानव अधिकार अहिले झण्डै झण्डै एउटा फेसन जस्तो भएको छ। मानव अधिकार जीवन प्रकृयाको अंग होइन, सबैका लागि विद्वताको भाषण गर्ने एउटा धारो भएको छ। त्यसैले मानव अधिकार सारको सन्दर्भमा टुहुरो जस्तो भएको छ। दश वर्ष अगाडि राजनीतिक अधिकार प्राप्तीका लागि संघर्षरत नेपाली जनताको मानव अधिकार यतिबेला बाटो हराएको बटुवा जस्तो बनेको छ। त्यो आफैं भित्रका अन्तर विरोधपूर्ण परिभाषाहरुमा हराएको छ।

मैले नकारात्मक कोणबाट यो टिप्पणी गर्न खोजेको होइन। कसैले लेखे पनि या कसैले लुकाए पनि यो नै आजको वास्तविकता हो। मानव अधिकार यतिबेला, अरुका लागि अर्ति उपदेशको विषय भएको छ। आफ्नो सन्दर्भमा मानव अधिकार विस्मृतिको उपन्यासमा खुम्चिएको छ।

राजनीतिक पार्टीहरुले मानव अधिकारका शव्दहरुलाई बुझेका छन्। राजनीतिक पार्टीहरु मात्र होइन, सबै सामाजिक संघ संस्थाले पनि अहिले त्यसलाई शव्दमा मात्र बुझेका छन्। त्यसैले सबैले मानव अधिकारको भाषण गर्न जानेका छन्। तर अहं, मानव अधिकारको रक्षा ब्यवहारको विषय बन्न सकेको छैन । त्यसैले राजनीतिक पार्टीहरु हत्या र हिंसालाई जीवनको अधिकार ठान्छन्। आफ्ना इच्छाहरु अरु माथि थोपर्नुलाई आफ्नो शक्तिवृद्धिको हिसाबमा चढाउछन्। सत्ताको स्वेच्छाचारी शासनलाई उनीहरु निगाहको अधिकार प्रत्यायोजन ठान्छन्।

मानव अधिकार, वास्तविक अर्थमा भोक विरुद्धको अधिकार हो । जीवन रक्षाको अधिकार हो । मानिसलाई अघाउंजी खान दिइएन भने उसलाई दिइएको बोल्ने, लेख्ने, सभा संगठन गर्ने अधिकारहरु प्रयोजनहीन हुन्छन् । तिनीहरु सगरमाथाको टुप्पामा खेती गर्न सुकुम्बासीलाई बाँडिने जग्गा जस्तो मात्र हुन्छन् । अथवा तिनीहरु सिंहदरबार अगाडिको पृथ्वीनारायण शाहको सालिकदेखि भद्रकालीसम्मको कालो अलकत्रामा गरिने धान खेती जस्ता हुन्छन् । त्यसैले मानव अधिकारलाई जहिलेसम्म मानिसको जीवनको अधिकार, बाँच्न पाउने अधिकार, सुरक्षापूर्वक घरमा बस्न पाउने अधिकारमा लगेर जोडन सकिदैन तबसम्म मुलुकमा मानव अधिकारलाई बुझ्ने र कार्यान्वयन गर्ने काम आरम्भ समेत हुन सक्दैना सबैले बुझ्नु पर्छ- पेट भरि खान नदिने हो भने मानव अधिकारको नारा अर्थहीन र उत्तेजनात्मक जुलुसको अंशमा सीमित हुन्छ ।

यथार्थमा नेपालका बहुसंख्यक राजनीतिक पार्टीहरुले मानव अधिकारको वास्तविक मर्म बुझ्नै सकेका छैनन्।

मानव अधिकार, वास्तविक अर्थमा भोक विरुद्धको अधिकार हो। जीवन रक्षाको अधिकार हो। मानिसलाई अघाउंजी खान दिइएन भने उसलाई दिइएको बोल्ने, लेख्ने, सभा संगठन गर्ने अधिकारहरु प्रयोजनहीन हुन्छन्। तिनीहरु सगरमाथाको टुप्पामा खेती गर्न सुकुम्बासीलाई बाँडिने जग्गा जस्तो मात्र हुन्छन्। अथवा तिनीहरु सिंहदरबार अगाडिको पृथ्वीनारायण शाहको सालिकदेखि भद्रकालीसम्मको कालो अलकत्रामा गरिने धान खेती जस्ता हुन्छन्। त्यसैले मानव अधिकारलाई जहिलेसम्म मानिसको जीवनको अधिकार, बाँच्न पाउने अधिकार, सुरक्षापूर्वक घरमा बस्न पाउने अधिकारमा लगेर जोडन सकिदैन तबसम्म मुलुकमा मानव अधिकारलाई बुझ्ने र कार्यान्वयन गर्ने काम आरम्भ समेत हुन सक्दैन। सबैले बुझ्नु पर्छ- पेट भरि खान नदिने हो भने मानव अधिकारको नारा अर्थहीन

र उत्तेजनात्मक जुलुसको अंशमा सीमित हुन्छ।

मानिसलाई खान दिनुपर्छ भन्नेलाई कम्युनिस्ट भएको आरोप लगाइन्छ। मानौं जीविकाको अधिकार कम्युनिस्टहरुको बपौती हो। अहिलेसम्म नेपालका मानव अधिकारवादी पार्टी र संघ संस्थाहरुमा एकाधलाई छोडेर अरु कसैले जीवनको अधिकारलाई मानव अधिकारको सार मानेको देखिएको छैन। किन ? किनभने जीवनको अधिकारको माग राख्ने बित्तिकै त्यो कम्युनिस्ट पार्टीको नारा हुन जान्छ भन्ने भयले आक्रान्त छ राजनीति, भयाक्रान्त छ कथित मानव अधिकारको आन्दोलन।

जहिलेसम्म मान्छेको मनबाट यो भयलाई उखेलेर फ्याँक्न सकिदैन, तबसम्म मानव अधिकार जोगाउने कामको थालनी समेत गर्न सकिदैन।

यति बुझेर पनि मानव अधिकारको रक्षा, संवर्द्धन र विकास सहज सम्भव हुन सक्दैन। किनभने सबै कुराको जरो राजनीतिक प्रणाली हो र राजनीतिक प्रणालीमा शुद्धता नल्याइन्जेल अरु क्षेत्रको शुद्धताको खोजी पनि प्रयोजनहीन हुन्छ। अहिले मानव अधिकारको संरक्षण या संवर्द्धनलाई पनि यो सत्यबाट अलग्याएर हेर्न सकिन्न। नेपालको मानव अधिकारवादी आन्दोलनको अग्रगति यथार्थमा नेपालमा विद्यमान प्रणाली, व्यवस्था र नेपाली राजनीतिको सत्तासँग जोडिएको छ। तिनको दृष्टिकोण र व्यवहारसँग जोडिएको छ।

व्यवस्थाका दुइटा रुपहरु संसारमा प्रचलित छन्। तिनका धेरै उपरुपहरु हुन सक्छन्, तर आधारभूत चरित्रका हिसाबले तिनीहरु दुइ किनारमा उभिएका हुन्छन्। तिनीहरु मध्यको एउटा रुप, जीवनको बाह्य पक्ष हो। आवरण हो। त्यसले मानव अधिकारलाई पनि त्यसको रुप पक्षमा मात्र बुझ्ने कोशिश गर्छ । मानव अधिकार भनेको बोलनु हो, लेख्नु हो, संगठित हुनु हो भन्ने ठान्छ। अर्को रुप भनेको व्यवस्थाको सार पक्ष हो। त्यसको अन्तरनिहित जिन्दगी हो। त्यसले मानव अधिकारलाई पनि सारमै खोज्ने गर्छ। अर्थात्, बोल्न, लेख्न, सभा-संगठन गर्न चाहिने मानव जातिको अस्तित्वलाई त्यसले मानव अधिकारको आधारभूत पक्ष ठान्छ।

बाह्य आवरणको अर्थात, पहिलो पक्षको बाहुल्यता भएको समाजमा मानव अधिकारको रक्षा, संवर्द्धन र विकास सम्भव हुदैन। हाम्रो देश अहिले त्यही आवरणमा जीवन बिताइरहेछ। त्यसैले वर्तमान सत्ताले मानव अधिकारको ग्यारेण्टी गर्नै सक्दैन। त्यसको संवर्द्धन र विकासको त यसले कल्पना समेत गर्न सक्दैन। यो व्यवस्थाका लागि मानव अधिकार भनेको उत्पीडनको अधिकार हो, मृत्युको अधिकार हो, अभावको अधिकार हो, तुषको अधिकार हो।

नेपालको मानव अधिकार आन्दोलनको इतिहासलाई हेर्ने हो भने पनि माथिको उठान सही साबित हुन्छ। राजनीतिक धरातलमा उभिएर मानव अधिकार आन्दोलनको विकास खोज्दा भोक विरुद्धको अधिकारले नै नेपाली मानव अधिकारवादी आन्दोलनलाई गति दिएको प्रमाणित हुन्छ। जीवनको अधिकारलाई राजनीतिसँग जोडेर, राजनीतिको अभिव्यक्तिको पक्षलाई नैसर्गिक अधिकारसँग जोडेर नेपालको मानव अधिकारवादी आन्दोलन अघि बढेको छ।

मैले यहाँ नेपालको कम्युनिस्ट पार्टीको गीत गाउन खोजेको होइन। मानिसहरुलाई इतिहासको सच्चाइ मन पर्छ भने एकपल्ट सबैलाई अध्ययन गर्न मन लागोस भन्ने आग्रह गर्न मात्र खोजिएको हो। मैले भनेका कुरा अन्तिम सत्य हुन् भनेर पनि म भन्दिन। मैले अगाडि सारेका सन्दर्भहरु गलत छन् भने साबित गरिदिने जोकोहीलाई पनि धन्यवाद दिन मैले तयार हुनुपर्छ। तर यी सन्दर्भहरु सत्य हुन् भने यसलाई स्वीकार गर्न कसैलाई पनि अप्ठ्यारो लाग्नु हुदैन।

नेपालको मानव अधिकार आन्दोलन यथार्थमा नेपालको कम्युनिस्ट आन्दोलनको एउटा अंग हो। कम्युनिस्ट नहुनेहरुले पनि यसलाई अत्यन्तै सहज ढंगले स्वीकार गर्नुपर्छ । मैले कम्युनिस्ट पार्टीले आफ्नो जन्मका दिनमा नागरिक अधिकारको माग गर्ने कार्यक्रम राख्यो भनेर यो टिप्पणी गरेको होइन। जन्मिदाको टिप्पणी इतिहास हो र इतिहासमा राजनीतिक पार्टीहरुले धेरैखालका बकपत्र गरेका हुन्छन्। जन्मिदा, नेपालको कांग्रेस पार्टीले पनि आफूलाई सामन्तवाद, साम्राज्यवाद र उपनिवेशवाद विरोधी पार्टी हो भनी घोषणा गरेको थियो। त्यसैले इतिहास एउटा अंश हो।

सम्पूर्णता त वर्तमान भित्रै खोजिनु पर्छ। नेपाली राजनीतिक पार्टीहरुको वर्तमान तिनीहरुका काममा अभिव्यक्त भैरहेको हुन्छ। पार्टीहरुले हिजो के भनेका थिए भनेर आजको मूल्याङ्कन गर्न सकिन्न। गर्नु हुदैन। आज पार्टीहरु के गरिरहेका छन् भन्ने आधारमै तिनीहरुलाई सही गलत साबित गर्छन् भन्ने सच्चाइलाई सबैले सहज स्वीकार गर्नुपर्छ।

चालिसको दशक लाग्दा नलाग्दा नेपालमा मानव अधिकार संरक्षण मञ्चको जन्मदेखि आन्दोलनका रुपमा मानव अधिकारवादी आन्दोलन अघि बढेको हो। नागरिकहरुले मानव अधिकार सम्बन्धी मुद्दालाई अघि पनि उठाएका थिए होलान्। तर त्यो सामाजिक जीवनको आन्दोलन थिएन। मानव अधिकार संरक्षण मञ्चको गठन र त्यसले आरम्भ गरेका गतिविधिहरु नै मानव अधिकार प्राप्तीका सन्दर्भमा व्यापकता हासिल गरेको अभियान थियो।

र, सबैलाई थाहा छ, मानव अधिकार संरक्षण मञ्चको स्थापना, संचालन र विस्तार नेपालको कम्युनिस्ट पार्टीले गरेको थियो।

सच्चाइको स्वाद सधैंभरि मीठो हुदैन। त्यो करबीर जस्तो तीतो पनि हुन्छ कहिले काहीं। यतिबेला पूंजीवादका पक्षधर पार्टी, संस्था र नियोगहरुका लागि कम्युनिस्ट पार्टीले नेपालको मानव अधिकार आन्दोलनलाई अगाडि बढाएको सच्चाइ त्यही करबीर जस्तो तीतो हुन सक्छ। तर जति तीतो भए पनि सत्य छोपिन सक्दैन। चालिसको दशकमा पंचायतले आततायी राज संचालन गरिरहेको बेला, अरु पूंजीवादी पार्टीहरुले सबैखाले आन्दोलनमा निराशालाई आफ्नो जीवनको आधार बनाइरहेको बेला व्यापक जनसमुदायलाई समेटी आनदोलन विस्तार गर्न र नागरिक हक बहाली गर्न कम्युनिस्ट पार्टीले नै मानव अधिकार संरक्षण मञ्चको स्थापना गरेको थियो। त्यसको कार्यक्रम बनाएको थियो। मानव अधिकार आन्दोलनलाई गति दिनका लागि आफ्ना जुझारु कार्यकर्ताहरु त्यसमा लगानी गरेको थियो।

अहिले मानव अधिकार आन्दोलनको सुदृढीकरणको चर्चा गरिरहंदा त्यसको स्थापनाकालको सच्चाइलाई बेवास्ता गर्न सकिन्न। किनभने स्थापनाकालका अवधारणाहरु अहिले पनि आधारभूत रुपमा सान्दर्भिक छन्। त्यतिबेला आन्दोलनले मागेका केही पक्षहरु प्राप्त भैसकेको छन्। आन्दोलनले लेख्न, बोल्न, सभा-संगठन गर्न स्वतन्त्रताको माग गरेको थियो र अहिले आधारभूत रुपमा तिनीहरुको प्राप्ती भैसकेको छ। आन्दोलनले त्यतिबेला

मताधिकारको माग गरेको थियो र अहिले मानिसहरु मत खसाल्न पाउने भएका छन । त्यसैले सिद्धान्तका हिसाबले भन्ने हो भने अहिले त्यो पनि प्राप्त भैसकेको छ। आन्दोलनले त्यतिबेला स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने अधिकारको माग गरेको थियो र अहिले त्यो पनि प्राप्त भैसकेको छ।

तर मानव अधिकारको मूल पक्ष अहिले पनि परै छ र आन्दोलनको मुल मुद्दा बनेर हाम्रो ओरिपरि घुमिरहेछ। आन्दोलनले त्यतिबेला एक पेट खाने, आङ ढाक्ने गरी लाउन पाउने र ओत लाग्ने छानो पाउनु पर्ने माग गरेको थियो। त्यसको पूर्ति अहिलेसम्म हुन सकेको छैन। मानिसहरु भोकले मरिरहेका छन्। मानिसहरु नांगा नांगै बाँच्न विवस छन्। मानिसहरु घरबारबिहीन खातेको जीवन बिताइरहेका छन्। त्यसैले मानव अधिकारको मूल पक्ष अहिले पनि खण्डित छ। अहिले पनि अप्राप्य छ।

मानव अधिकार आन्दोलनको रक्षा, संवर्द्धन र विकासको सवाल आधारभूत रुपमा यही जीवनको अधिकारसँग जोडिएको छ।

यो आन्दोलनलाई अघि बढाउने र सफलतामा टुंग्याउने आधारभूत जिम्मेवारी राजनीतिक पार्टीहरुकै काँधमा रहेको छ। मानव अधिकारवादी संगठनहरु यो अग्रगतिका औजार हुन सक्छन्। तर तिनीहरु आफैं निर्णायक बन्न सक्दैनन्। उसै पनि मानव अधिकारवादी दृष्टिकोणहरु नेपालमा विभाजित छन्। तिनीहरु सबै मानव अधिकार भनेको जीवनको अधिकार हो भन्ने सच्चाइलाई स्वीकार्न पनि तयार छैनन्। यस्तो स्थितिमा राजनीतिक पार्टीहरुको भूमिका अझ गह्रुंगो हुन जान्छ। पार्टीहरुले जनताको जीवनको अधिकार रक्षाका लागि आन्दोलन या संरचना संगठित गर्ने मात्र होइन, स्वयम् अन्धकुपको शिकार बनेका कतिपय मानव अधिकारवादीहरुलाई जीवनको सन्दर्भ बोध गराउन विशेष ध्यान दिनु पर्छ। विशेष कार्यक्रम बनाउनु पर्छ। ●

सामाजिक विकासमा गैर सरकारी संस्थाहरूको भूमिका

- सूर्यप्रकाश भट्टराई

भूमिका

हाम्रो देशमा सामाजिक क्षेत्रको विकास गर्न मानिसहरुले परम्परागत रुपमा पाटी, पौवा, मन्दिर र चौतारो बनाएर तात्कालिन समाजको आवश्यकता पूरा गरेको पाइन्छ। नेपालका कतिपय जातजाति र समुदायमा साझा सामाजिक आवश्यकता परिपूर्तिका लागि गुठीको विकास भएको पनि देखिन्छ। यो गुठीको परम्परा खासगरी काठमाडौं उपत्यकामा विभिन्न जातजातिमा अझै रहेको छ। कतिपय मठ-मन्दिर र देवलहरुमा गुठी अझै क्रियाशील रहेका छन्। गैरसरकारी संघ संस्थाहरुको खोजि गर्दै जाँदा हामी यो गुठीसम्म पनि पुग्न सक्दछौं। मुलत: ०४६ सालको परिवर्तन पश्चात् गैर सरकारी संस्थाहरु धेरै मात्रमा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले स्थापना भएका छन्। वर्तमान यी सामाजिक संघ संस्थाहरु हिजोका तिनै गुठीका विकसित र परिमार्जित संस्था हुनु भन्दा पनि फरक पर्दैन। हाल यस्ता संस्थाहरुले सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि मात्र आफ्नो सामाजिक काम र गतिविधि शुरु गर्दछन्। यसरी देशभर दर्ता भएका संस्थाहरु मध्ये सबभन्दा बढी संख्यामा राजधानी काठमाडौंमा नै रहेका छन्। जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सबै संस्थाहरु क्रियाशील छैनन्। हाल सामाजिक गतिविधिमा क्रियाशील संस्थाहरु आफ्नै साधन स्रोतमा संचालित हुन सकिरहेका छैनन् र यिनीहरुको काम गर्ने क्षेत्र र गतिविधि हिजोका गुठीको भन्दा निकै फराकिलो रहेको छ। यस्ता संस्थाहरुले विदेशी दातृ संस्थाहरुले दिएको सहयोगका भरमा काम गर्दै आएका छन्।

गैर सरकारी संस्थाहरुको प्रचलन कसरी भयो भनेर खोजी गर्दा पहिले खासगरी बेलायतमा स्वयंसेवी संस्था भनिने संगठनात्मक व्यवस्थालाई अहिले गैर सरकारी संस्था भनिन्छ। यो गैर सरकारी शब्द ग्रीक साहित्यको प्रत्यक्ष अनुवाद हो। जसको अर्थ विना वा गैर हुन्छ। गैर सरकारी संस्थाहरु मूलत: एक वा त्यो भन्दा बढी उद्देश्यहरु राखेर संगठित भएका सामाजिक कार्यकर्ताहरु, मानवअधिकारवादी कार्यकर्ताहरु, विकास, व्यवसायिक, परोपकारी कार्यकर्ताहरु वा वातावरण क्षेत्रमा काम गर्ने सामाजिक कार्यकर्ताहरुका हुन्, जो आम रुपमा अरुका लागि काम गर्दछन्। यिनीहरु सामाजिक सेवा लगायत विकास र कल्याणकारी, अधिकारका बारेमा चेतना जगाउने कामलाई व्यवस्थित गर्ने कानुन अन्तरगत दर्ता भएका र प्राथमिक उद्देश्य अनुरुप नाफाको लागि काम नगर्ने प्रतिबद्धता व्यक्त गर्ने सामाजिक संस्थाहरु हुन्। यस्ता संस्था आफ्नै विधान अन्तरगत संचालित र क्रियाशील रहँदै आएका छन्।

हालका दिनमा सामाजिक क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरुको संख्या करीब ११ हजार पुगेको अनुमान छ भने अन्तर्राट्रिय गैर सरकारी संस्थाको संख्या पनि एक सय नाघिसकेको प्रकाशमा आएको छ। यस अवधिमा देशको विकासको लागि भनेर यी संस्थाहरले अरवौं लगानी गरेका छन्। तर एन. जि. ओ., आई. एन. जि. ओ. मार्फत् भएको लगानीको दश प्रतिशत पनि प्रतिफल प्राप्त भएको छैन भनी पत्रपत्रिकाहरुले उल्लेख गर्ने गरेका पनि छन्। नेपालमा श्री ५ को सरकारले एन. जि. ओ. र आई. एन. जि. ओ. सम्बन्धी सम्पूर्ण कामको जिम्मा समाज कल्याण परिषद्लाई दिएको छ।

सर्वप्रथमत: गैर सरकारी संस्थाहरुले आफ्ना काम तथा स्रोत र साधनको उपयोगलाई स्पष्ट रुपमा जनसमक्ष ल्याउन सक्नु पर्दछ। गैर सरकारी संस्थाहरुको सबभन्दा ठूलो रोग जहाँ पैसा आउँछ, त्यही काम गर्ने प्रवृत्ति देखिएको छ। यस्तो परम्परालाई हटाउनु पर्दछ। गैर सरकारी संस्थाभित्र रहेका दुर्वल पक्षहरुलाई सूक्ष्म रुपले केलाउँदा संगठनको निर्माणमा अति उत्साहित हुनु र संचालन प्रक्रियामा निस्क्रियता, पारदर्शिताको अभाव, जवाफदेहितोको अभाव र व्यक्ति नै संस्था भएको नेतृत्वशैली आदि प्रमुख रुपमा रहेका दूर्वलता हुन्। त्यसैगरी सवल पक्षहरु पनि रहेका छन्। जस्तै सेवाको प्रभावकारी विस्तार भएको छ, स्वरोजगारका अवसरहरुको सिर्जना, जनचेतना वृद्धिका लागि सवल प्रयत्नहरु, बाह्य स्रोतको प्राप्ति र संचालन, गैर सरकारी संस्थामा सम्बद्ध

जनशक्तिको विकास, क्षमता वृद्धि र मानवअधिकारको स्थितिमा सुधारका प्रयत्नहरु आदिलाई सकारात्मक रुपमा लिन सकिन्छ।

सामाजिक गैर सरकारी संस्थाहरु मध्ये सामाजिक सेवालाई व्यवसायिक ढंगले संचालन गर्नेहरुको त्यही काममा दक्षता बढाउनु, विपन्न वर्गका जनताको जीवनस्तर सुधारका लागि उनीहरुलाई सहयोग गर्नुपर्दछ। सामाजिक संस्थाहरुले सामाजिक न्याय र समानताको लागि आन्दोलन गर्नु पर्दछ। यसमा गैर सरकारी संस्थाहरुको दायित्व भनेको समाजमा रहेको नराम्रो परिपाटी बदल्दै जानु हो। समाज विकासका लागि जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तरमा परिवर्तन ल्याउनकालागि पहल गर्नुपर्ने हुन्छ। समाज परिवर्तन गर्ने काम त्यति सजिलो छैन। त्यसैले यस क्षेत्रमा काम गर्ने स्वयंसेवक, कार्यकर्ता अथवा कर्मचारीले आफूलाई समाज अनुकूल बनाउँदै समाजका तल्लो वर्ग, जो अधिकारबाट वंचित छन् उनीहरुको समस्यालाई आफ्नो समस्या ठानी संघर्षमा लाग्न-सक्नु पर्दछ। गैर सरकारी संस्था जो आफैमा निर्जिव कुरा हो। त्यस संस्थाको भूमिका अथवा क्रियाकलाप भनेको त्यसभित्र रहेर काम गर्ने मानिसहरुले निर्वाह गर्ने भूमिका अथवा क्रियाकलापबाट मात्र देख्न सकिन्छ।

यस्ता समाजिक संस्थाहरु मध्ये थौरै मात्र लक्षित समुदाय किटान गरेर लक्षित जनसमुदाय समक्ष पुग्न सफल भएका छन् र उनीहरुको लागि केही गर्न सफल भएका छन्। कतिपय संस्थाहरुले श्री ५को सरकारले गर्न नसकेका काम गरेर देखाएका छन्। यस्ता उल्लेख्य गतिला काम गर्ने संस्थाहरुका मानवअधिकार कार्यकर्ताहरुले आफूहरुमाथि आइपरेका सबै खाले चुनौतीको सामना गर्दै पनि आएका छन्। नेपालमा प्रमुख रुपमा देखा परेका सामाजिक समस्याहरुमा महिला, बालबालिका, कमैया प्रथा, जातीय छुवाछूत आदि रहेका छन्। कमैयाका सवालमा आवाज उठाउँदै आएका बेस र इन्सेक लगायतका संस्थाहरुको लगनशिलता र सक्रियताका कारणले गर्दा नै श्री ५ को सरकारले ०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गर्न बाध्य भयो। यो एउटा प्रत्यक्ष उदाहरण मान्न सकिन्छ कि गैर सरकारी संस्थाहरुले साँच्चै जनताका पक्षमा काम गरेको खण्डमा जनताका सामाजिक परिवर्तनका लागि सफलता पूर्वक काम गर्न सक्दा रहेछन् भन्ने प्रष्टभएको छ।

महिलाको सवालमा नेपालमा थुप्रै संस्थाहरुले महिला बेचबिखन र वेश्यावृत्तिको विरुद्धमा जनचेतना जगाउने काम गर्दै आएका छन्। बालबालिकाका क्षेत्रमा बाल श्रमिक राख्न नहुने, बालबालिकालाई शिक्षा दिइनु पर्ने आदि। बाल अधिकारका बारेमा जनचेतना जगाउने काम प्रशस्त मात्रा भएका छन्। जातीय छुवाछूत पनि हाम्रो समाजको अर्को ठूलो समस्याको रुपमा रहेको छ। जातीय छुवाछूतको मुद्दामा सरोकार राख्ने प्रायः धेरै संस्थाहरुले सामुहिक रुपमा आफ्ना प्रयत्न जारी राखेका छन्।

गैर सरकारी संस्थाहरुले प्रजातन्त्र आएको सुरुका वर्षहरुमा एक्लाएक्लै काम गर्ने गदथे। केही वर्ष यता आएर यसरी छुट्टाछुट्टै काम गर्दा लक्षित समुदायको अवस्थामा खासै परिवर्तन आएको पाइएनन्। अहिले आएर मानवअधिकारका खास खास मुद्दाहरुमा सबै खाले संस्थाहरुले सामुहिक रुपमा आपसी सम्बन्ध बनाएर काममा अघि बढ्नु पर्ने अवस्था छ। ती संस्थाहरुको अहिलेको प्रमुख मुद्दा भनेको जनताका नागरिक र राजनैतिक अधिकारलाई भन्दा पनि सामाजिक र साँस्कृतिक अधिकार दिलाउने तर्फ गैर सरकारी संस्थाहरुको ध्यान जानुपर्ने देखिन्छ।

इन्सेकले ०५६ सालमा कृषि मजदूरहरुको न्यूनतम ज्याला तोक्नुपर्ने भनी देशव्यापी अभियान संचालन गरियो। यही अभियानका कारण श्री ५ को सरकारले ०५६ पौष २९ गते कृषि श्रमिकहरुको दैनिक ८ घण्टा काम गरे बापत न्यूनतम ज्याला रु. ६०।- पाउने भनी निर्णय गऱ्यो। सरकारले गरेको यो निर्णयले जनताले आर्थिक अधिकार पाउन सक्ने भए। यस्ता सवालहरु सामाजिक न्यायका सवाल हुन सक्छन्। अब गैर सकरारी संस्थाहरुले उठाउनु पर्ने सवाल भनेको यिनै महिलालले सम्पत्तिमा समान अधिकार पाउने कुरा प्रमुख हुनसक्छ। प्रत्येक बालबालिकाले प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क पाउनु पर्दछ। कुनै प्रकारको शुल्क सरकारी विद्यालयले लिनु हुँदैन। प्राथमिक स्वास्थ्य प्रत्येक जनताले पाउनु पर्दछ। जनताले काम गर्दागर्दै भोकभोकै मर्नुपर्ने स्थिति हुनुहुँदैन। यस्ता सवाल सामाजिक न्यायका सवाल हुन्। यस्ता अधिकार दिलाउने काममा गैर सरकारी संस्थाहरु अझै क्रियाशील हुनु पर्दछ। गैर सरकारी संस्था क्रियाशील हुनु भनेको त्यस संस्थाभित्र काम गर्ने व्यक्तिहरु क्रियाशील हुनु हो। तसर्थ माथि उल्लेख गरिएका मानवअधिकारका आधारभूत सवाल र मुद्दाबाट जुन संस्था विचलित हुन्छन् र कागजमा मात्र सीमित रहन्छन् तिनीहरुलाई नागरिक समाज र दातृसंस्थाहरुले समेत पत्याउने अवस्था अबका दिनमा छैन। ●

मध्यमाञ्चल क्षेत्रीय कार्यालय गतिविधि

अनौपचारिक क्षेत्र सेवा केंन्द्र (इन्सेक) ०४५ सालदेखि नै मानवअधिकार संरक्षण, सम्बर्द्धन र विकासको लागि निरन्तर लागिरहेको छ। इन्सेकले आफ्नो कामलाई सुव्यवस्थित ढंगले देशका पाँच ओटै विकास क्षेत्रमा लैजाने अभिप्रायले ०५० सालदेखि नै सबै विकास क्षेत्रमा क्षेत्रीय कार्यालय स्थापना गरेको हो। यसरी क्षेत्रीय कार्यालयको स्थापना गरिएता पनि अन्य चारवटा क्षेत्रीय कार्यालयलाई छुट्टै स्वायत्तता प्रदान गरिएको थियो भने यस मध्यमाञ्चल क्षेत्रीय कार्यालय अन्तरगतको काम सिधै केन्द्रीय कार्यालयबाटै हुने गर्दथ्यो। आ.ब. ०५५/५६ देखि मात्रै मध्यमाञ्चल क्षेत्रीय कार्यालयले छुट्टै स्वायत्तता प्राप्त गऱ्यो। ०५० देखि नै जिल्ला स्तरमा सम्बन्धित जिल्लाकै मानवअधिकार संस्थाहरुलाई इन्सेकसंग आबद्धता गराउँदै तिनै संस्थाहरुमार्फत् आफ्ना गतिविधिहरु इन्सेकले हालसम्म संचालन गर्दै आइरहेको छ।

यस मध्यमाञ्चल क्षेत्र भित्र १९ वटा जिल्ला पर्दछन्। १९ वटा जिल्ला मधये १४ जिल्लामा इन्सेकसंग आबद्ध संस्थाहरुले आफ्ना गतिविधि संचालन गर्दै आएका छन्। मानवअधिकार उल्लंघनका घटना संकलन गर्न १९ जिल्लामा मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिहरुको व्यवस्था गरिएको छ। ती प्रतिनिधिहरुले प्राप्त सूचनाहरु मध्यमाञ्चल क्षेत्रीय कार्यालय मार्फत् केन्द्रीय कार्यालयमा संप्रेषण गर्दै आइरहेका छन्।

प्रजातन्त्र स्थापना भएको ११ वर्ष बितिसक्दा पनि विपन्न र निमुखा जनताहरुले अझैपनि पूर्ण रुपले प्रजातन्त्रको अनुभूति गर्न पाएका छैनन्। मानवअधिकारको स्थिति दिनप्रतिदिन खस्कदो अवस्थामा रहेको र सरकार झनै गैर जिम्मेवारी बन्दै गएको छ। यस्तो अवस्थामा यस संस्था माथिअझै थप जिम्मेवारी बढ्दै गएको छ।

लक्ष्य तथा उद्देश्य

यस क्षेत्रीय कार्यालयको मुख्य लक्ष्य भनेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयको नीति तथा निर्णयहरुलाई आफ्नो क्षेत्र तथा मातहतमा

मानवअधिकार शिक्षक तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुहुँदै तत्कालीन अध्यक्ष सुशील प्याकुरेल

कार्यान्वयन गराउनु, मानवअधिकारको संरक्षण, सम्बर्द्धन र सुदृढीकरणमा ठोस योगदान पुऱ्याउनु र जिल्ला जिल्लामा आफ्ना आबद्ध संस्था मार्फत् भएका कामको अनुगमन तथा मूल्यांकन गर्नु गराउनु हो।

यस लक्ष्यलाई परिपूर्ण गराउन विभिन्न उद्देश्यहरु तय गरिएका छन्। यद्यपि अहिले सम्मको कामको आधारमा उद्देश्य पहिल्याउदा निम्नानुसार उल्लेख गर्न सकिन्छ:

१. आफ्नो क्षेत्रमा मानव अधिकारको स्थितिको जानकारी राख्ने ,
२. मानव अधिकारको स्थिती संरक्षण र सुदृढिकरणको लागि पहल गर्ने,
३. मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि केन्द्रीय कार्यालयले तय गरेका नीति तथा कार्यक्रमहरुलाई आफ्नो क्षेत्रमा दृढताका साथ लागू गराउने।

कार्य क्षेत्र / स्थानः

यस क्षेत्रका १४ जिल्लाहरुमा आवद्ध संस्थाहरु मार्फत कार्यक्रम संचालित छन्। काभ्रे, सिन्धुपाल्चोक जिल्लाहरुमा मानवअधिकार शिक्षा साक्षरता तथा सचेतन

कार्यक्रम संचालन गरिएको छ। काठमाडौं, दोलखा, चितवन, बारा, पर्सा, रौतहट, नुवाकोट, सिन्धुली र रसुवामा मानवअधिकार शिक्षा सचेतन कार्यक्रम संचालित छ। यसैगरी धनुषा, महोत्तरी र सर्लाहीमा कृषि मजदूर कार्यक्रम संचालित छन्।

क्षेत्रीय कार्यालयसंग आबद्ध संस्थाहरु

१. समाज उत्थान केन्द्र, धनुषा
२. मानवअधिकार शिक्षा तथा सचेतन केन्द्र, सिन्धुली
३. मानवअधिकार तथा विकास समाज महोत्तरी
४. उत्पीडित महिला समाज, सर्लाही
५. मानवअधिकार जागरण केन्द्र, बारा
६. मानवअधिकार चेतना केन्द्र, रौतहट
७. हाम्रो समाज जागरण संस्था, पर्सा
८. महिला सघन विकास केन्द्र, चितवन
९. मानवअधिकार संरक्षण तथा विकास मंच, काठमाडौं
१०. मानवअधिकार तथा समाज सेवा केन्द्र, रसुवा
११. मानवअधिकार तथा सामाजिक सचेतन केन्द्र, नुवाकोट
१२. मानवअधिकार तथा वातावरणीय शिक्षा केन्द्र, काभ्रे
१३. गतिशील ग्रामीण उत्थान समुह, सिन्धुपाल्चोक
१४. मानवअधिकार सचेतन तथा विकास केन्द्र, दोलखा

यसअघि सर्लाहीमा जनजागृति युवा समाज, धादिङमा मानवअधिकार र विकासका लागि सचेतन केन्द्र, काठमाडौंमा नागरक सहभागीता केन्द्र र सिन्धुलीमा सामाजिक सेवा कार्यक्रम नामक संस्थाहरु पनि इन्सेकसंग आबद्ध भई काम गरेका थिए।

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय अन्तरगत कार्यरत वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरु

१. दोलखा : वालकृष्ण शर्मा
२. सिन्धुपाल्चोक : नातीबाबु धिताल
३. काभ्रे : भोजराज तिमिल्सिना
४. नुवाकोट : रामचन्द्र भट्ट
५. रसुवा : प्रल्हाद खतिवडा
६. भक्तपुर : अकुर न्यौपाने
७. ललितपुर : जिवन्त वाग्ले
८. काठमाडौं : गणेश भण्डारी
९. धादिङ : सीताराम अधिकारी
१०. चितवन : मुकुन्द दहाल
११. रौतहट : लक्ष्मण रेग्मी
१२. बारा : कृष्ण लामा
१३. पर्सा : प्रेम कार्की
१४. सर्लाही : नारायणी ढुंगाना
१५. महोत्तरी : नरेन्द्र कोइराला
१६. धनुषा : रोषनदिप ढकाल
१७. सिन्धुली : आनन्द दाहाल
१८. मकवानपुर : प्रताप विष्ट
१९. रामेछाप : नवराज पथिक

लक्षित समुदायको आकार प्रकार

यस क्षेत्रमा विशेष गरी तराईवासी र पहाडी जनसमुदाय बीच कार्यक्रम संचालन गरिदै आएको छ। तराईको ६ वटा जिल्लामा विशेषगरी मुसहर, चमार, डोम लगायतका उत्पीडित र आर्थिक रुपमा पनि विपन्न जाति र समुदायहरु यी कार्यक्रमका लक्षित समुदाय र वर्ग हुन्। पहाडमा दनुवार, माझी, तामाङ, बाहुन, क्षेत्री जाति र अन्य समुदायहरु बीच धेरैजसो कार्यक्रमहरु संचालित छन्। यी बाहेक नगर क्षेत्रका विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, वकिल,

कार्यक्रममा उत्कृष्ट आबद्ध संस्थालाई पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्नुहुँदै महासचिव सुबोधराज प्याकुरेल

बुद्धिजीवी, पत्रकार, समाजसेवी पनि लक्षित समुदायमा पर्दछन्। साथै विद्यालयका वालवालिकाहरु र उनीहरुका अभिभावकहरु पनि संस्थाका लक्षित समुदाय भित्र पर्दछन्।

लक्षित समुदायको विवरण

यस क्षेत्रका लक्षित समुदायहरु कार्यक्रम अनुसार फरक फरक छन्। कार्यक्रमको उद्देश्य अनुसार लक्षित समुदायलाई विभिन्न वर्ग र तहमा विभाजन गरिएको छ। कार्यक्रममा महिलाहरुको सहभागिता अनिवार्य गराइएको छ। मानवअधिकार शिक्षा कार्यक्रममा विशेषगरी ग्रामीण समुदायका पिछडिएका जाति र जनसमुदायहरु यस संस्थाका लक्षित समुदाय हुन्। ती समुदायमा संचालन गरिएका कार्यक्रममा उल्लेख्य मात्रामा महिला सहभागिता हुनुपर्ने व्यवस्था गरिएको छ। तालिम तथा दिवसहरुमा मानवअधिकारप्रति केही रुपमा सचेत भएका, केही लेखपढ गर्न जान्ने, समाजका अगुवा सामाजिक व्यक्तित्वहरु, शिक्षकहरु, सामाजिक संघ संस्थाका कार्यकर्ताहरु र जनप्रतिनिधि लक्षित समुदाय हुन्। विद्यालयमा वालअधिकार कार्यक्रममा माध्यमिक तहका विद्यार्थी र अभिभावक लक्षित समुदायभित्र पर्दछन्। कृषि मजदूर कार्यक्रममा धनुषा, महोत्तरी र सर्लाहीका मुसहर, चमार, डोम जाति लगायतका कृषि मजदूरका रुपमा कार्यरत जनसमुदायहरु लक्षित समुदाय हुन्।

पेशागत समुदायमा मानवअधिकार शिक्षा कार्यक्रममा सरकारी कार्यालयका प्रतिनिधि, वकिल, संघ संस्थाका प्रतिनिधिहरु यसका लक्षित समुदाय भित्र पर्दछन्। त्यसैगरी कृषि वालश्रम विरुद्ध सचेतन अभियान कार्यक्रमका लक्षित समुदायमा स्थानीय निकाय, बुद्धिजीवी, संघ संस्था लगायत मुख्य रुपमा कृषि क्षेत्रमा लागेका वाल श्रमिकनै छन्। धेरै कार्यक्रममा लक्षित समुदायहरु तोकिएर माथि उल्लेख भएका जनसमुदायका बीचमा कार्यक्रम संचालन भएका छन् भने कतिपय मानवअधिकार सम्बन्धी कार्यक्रमहरुमा सामान्यतया सबै खाले नागरिकहरुको उपस्थिति पनि रहने गरेको छ। समग्रमा भन्नुपर्दा यस संस्थाका लक्षित समुदायहरु विविध वर्ग, तह र प्रकृतिका छन्।

संस्थाले गर्दै आएका नियमित क्रियाकलापहरु

मानवअधिकार शिक्षा कार्यक्रम (आबद्ध संस्था मार्फत)

(क) मानवअधिकार शिक्षा साक्षरता तथा सचेतन कार्यक्रम
(ख) मानवअधिकार शिक्षा सचेतन कार्यक्रम
(ग) एडभोकेसी
(घ) दिवस
(ङ) तालिम
(च) अनुगमन फलोअप
(छ) मानवअधिकार रक्षा कार्यक्रम
(ज) अभियान



धनुषाको यदुकुवामा निर्मित महिला शहीद पार्कको अनावरण पश्चात् जनसभालाई सम्बोधन गर्नुहुँदै पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष स्व. मनमोहन अधिकारी

(झ) सरकारी विद्यालय कार्यक्रम

यसअघि महिला जनप्रतिनिधि सचेतन तालिम कार्यक्रम, इन्सेकको दश वर्ष र मानवअधिकार घोषणापत्रको पचासौं वर्षको सन्दर्भमा यु. डि. एच. आर. कार्यक्रम संचालन गरिएको थियो। त्यसैगरी निर्वाचन पर्यवेक्षण र मतदाता सचेतन कार्यक्रम पनि संचालन हुँदै रहेको छ। साथै यस वर्षदेखि उत्कृष्ट कार्य सम्पादन गर्ने आबद्ध संस्थालाई पुरस्कृत गर्ने प्रक्रियाको थालनी पनि गरिएको छ।

कृषि मजदूर कार्यक्रम

(क) मानवअधिकार शिक्षा साक्षरता तथा सचेतन कार्यक्रम
(ख) सचेतन भेला
(ग) कृषि मजदूर सचेतन भेला
(घ) संगठन निर्माण
(ङ) ज्याला तथा मूल्य सर्भेक्षण
(च) अन्तरक्रिया
(छ) कृषि मजदूरहरुको न्यूनतम ज्याला निर्धारण
(ज) ज्याला अनुगमन

क्षेत्रीय कार्यालयद्वारा संचालन गरिएका कार्यक्रमहरु

(क) विभिन्न तालिम, गोष्ठी र भेला
(ख) मानवअधिकार उल्लंघन तथा हनन्का घटनाहरुको सूचना संकलन र संयोजन गरी केन्द्रीय कार्यालयमा पठाउने
(ग) कार्यक्रमहरुको अनुगमन, मूल्यांकन गर्ने
(घ) आबद्ध संस्थाबाट प्राप्त प्रतिवेदन अध्ययन गरी केन्द्रमा पठाउने
(ङ) मानवअधिकार रक्षाका लागि धर्ना, जुलुसमा सहभागी र प्रेस विज्ञप्ति प्रकाशन गर्ने
(च) आर्थिक व्यवस्थापन
(छ) केन्द्रको निर्देशनमा भैपरी आउने कार्यक्रम संचालन गर्ने र सहभागी हुने
(ज) रेडियो स्रोता क्लवको गठन र परिचालन
(झ) कृषि क्षेत्रमा रहेको वालश्रम शोषण विरुद्ध सचेतन अभियान आदि।

मध्यमाञ्चल बिगतदेखि वर्तमानसम्म

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयले पाँचवटै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयको संरचना निर्माण गरिसकेपछि यस क्षेत्रीय कार्यालयको जिम्मेवारीलाई पूरा गर्न क्षेत्रीय संयोजकको रुपमा विगतमा जिम्मेवारी बहन गर्नेहरुमा रमेश बानिया, राजनारायण नेपाली, इन्दिरा फुँयाल र रमेश पौडेल हुनुहुन्छ भने अन्य जिम्मेवारी सम्हाल्नु हुनेमा प्रवल शर्मा, भोजराज भूसाल र उर्मिला भूर्तेल हुनुहुन्छ। हाल यस क्षेत्रीय कार्यालयमा समीर नेपालले क्षेत्रीय संयोजक, रमेश अधिकारीले वर्ष पुस्तक शाखा र प्रशासन, शिव खकुरेल र उषा थपलियाले कार्यक्रम, सम्झा श्रेष्ठले लेखा र सिताराम लम्सालले कार्यालय सुरक्षा सम्बन्धी जिम्मेवारी सम्हाल्दै आउनु भएको छ।

अन्तमा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) आम जनताको मानवअधिकारको संरक्षण, सम्बर्द्धन र सुदृढीकरणका लागि नेतृत्वदायी संस्थाको रुपमा स्थापित हुन सफल भएको छ। आबद्ध संस्था आफ्ना जिल्लाहरुमा मानवअधिकार संस्थाहरु मध्ये अग्रणी स्थान ओगट्न सफल भएका छन्। त्यसैगरी वर्ष पुस्तक प्रतिनिधिहरु आफ्ना जिल्लामा सक्रिय मानवअधिकार कार्यकर्ताको रुपमा परिचित रहँदै क्रियाशील छन्। यसो हुनुमा जनसमुदायप्रतिको हाम्रो दायित्व, कार्यशैली र क्रियाशीलता नै प्रमुख हुन् भन्ने हामीलाई लागेको छ। आगामी दिनमा पनि नागरिक समाज प्रतिको हाम्रो दायित्व र आम जनसमुदायको मानव अधिकार संरक्षण र सुदृढीकरणका लागि यस संस्था अझ बढी संवेदनशील र क्रियाशील रहने छ। ●

धनुषा



परिचय :

धनुषा जिल्ला उत्तरमा चुरे श्रृंखलादेखि दक्षिणमा भारतको विहार राज्यसँग जोडिएको छ र तराईको समथर भूभागमा अवस्थित छ। यसको पश्चिममा महोत्तरी र पूर्वमा सिराहा जिल्ला पर्दछन्। जम्मा ११८० (एघार सय असी) वर्ग कि. मि. क्षेत्रफल रहेको यस जिल्लाको जनसंख्या राष्ट्रिय जनगणना २०४८ अनुसार ५,४३,६२७ (पाँचलाख त्रिचालिसहजार छसय बहत्तर) रहेको छ। यस जिल्लामा १०१ (एक सय एक) गाविस, १ (एक) नगरपालिका र पाँच वटा संसदीय निर्वाचन क्षेत्रहरु रहेका छन्। यस जिल्लाको जम्मा साक्षरता प्रतिशत ३१.१ प्रतिशत र महिला साक्षरता प्रतिशत १६.१प्रतिशत रहेको छ। यस जिल्लामा उत्पीडित जाति हरुमा मुसहर, चमार, डोमा, दुसाध (पासवान), ढाँगर, बातर, हल्खोर, मण्डल (खत्वे), कुम्हार, तत्मा, शोनार, लोहार, पासी, धोवी आदिको संख्या ६० देखि ८० हजारको बीचमा रहेको छ। ती मध्ये लगभग ६० प्रतिशत सुकुम्वासीको रुपमा रहेका छन् र अधिकांश निरक्षर छन्। बालबालिकालाई जनसंख्याको थोरै प्रतिशतले मात्र स्कुल पठाउँछन्। त्यसमा पनि सबैभन्दा पीडित अवस्थामा मुसहर जाति रहेका छन्। यादव, महत्तो (कोइरी), साहु (तेली, सुडी) जातिका मानिसहरुको अत्यधिक वाहुल्यता रहेको यस जिल्लामा अन्य दर्जनौ जाति, जनजाति पनि बसोवास गर्दछन् ।

हिन्दु धर्मावलम्बीहरुको महत्वपूर्ण तीर्थस्थलको रुपमा रहेको जनकपुर र जानकी मन्दिर पनि यसै जिल्लामा रहेको छ । यहाँ धार्मिक महत्वका सयौं मठ-मन्दिर ताल-तलाउहरु (सरँवरहरु) रहेका छन् । राजनीतिक दृष्टिकोणले महत्वपूर्ण स्थान ओगटेको यस जिल्लाको आर्थिक, सामाजिक स्थितिमा भने कुनै उल्लेख्य परिवर्तन भएको देखिदैन ।

मानवअधिकार शिक्षा सहजकर्ता तालिमको समापन समारोहमा प्रमाणपत्र वितरण गर्नुहुँदै पुनरावेदन अदालतका न्यायाधीस गौरीबहादुर कार्की

समाज उत्थान केन्द्र,धनुषा:एक परिचय

भूमिका

समाज उत्थान केन्द्र, धनुषा विगत ४ वर्षदेखि मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा निरन्तर क्रियाशील, कुनै राजनैतिक सम्प्रदायसँग सरोकार नराख्ने र नाफा कमाउने उद्देश्य नभएको एक निश्पक्ष र स्वतन्त्र सामाजिक संस्था हो । यो संस्था समाज कल्याण परिषदसँग आवद्ध रहनुका साथै गैर सरकारी संस्था महासंघ एवं गैर सरकारी संस्था समन्वय समिति धनुषाको सदस्य समेत रहेको छ । यसको कार्यालय जनकपुर नगरपालिका ९ रजौल, जनकपुरधाममा रहेको छ ।

संस्थाको उद्देश्य :

- नेपाल अधिराज्यका विभिन्न जाति, समुदाय एवं क्षेत्रको उपेक्षित, उत्पीडित एवं दलित जाति, जनजातिका महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने ।
- उपेक्षित, उत्पीडित दलित जातिहरुको चेतनास्तर बढाउन सचेतन अभियानहरु संचालन गर्ने ।
- महिलाहरुलाई जागृत र चेतनशिल बनाउने ।
- मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा निरन्तर क्रियाशिल रहने ।
- खानेपानी, स्वास्थ्य, शिक्षा, वातावरण जस्ता विकासमुलक कार्यक्रमहरु संचालन गर्ने ।
- विभिन्न खाले सिपमुलक कार्यक्रमहरु संचालन गर्ने ।
- समान उद्देश्यकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँग समझदारी र सम्बन्ध कायम गर्ने
- समाज उत्थानको क्षेत्रमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

संस्थाको साधारण सदस्य संख्या :

हाल सम्म संस्थामा महिला र पुरुष गरि जम्मा २८ जना साधारण सदस्यहरु रहेका छन्।

साधारण सभा

(क) प्रथम साधारण सभा २०५४ असोज १५ गते सम्पन्न भएको थियो ।

(ख) दोस्रो साधारण सभा २०५६ असोज २९ गते भएको थियो ।

संस्थाको कार्यसमितिका पदाधिकारीहरु

अध्यक्ष:	श्रीमती तुलसा दहाल
उपाध्यक्ष :	श्री नवराज बस्नेत
सचिव:	श्री सुरेन्द्र राई
कोषाध्यक्ष:	श्रीमती जेठुमाया राई
सदस्य:	श्री कल्पराज न्यौपाने
"	श्रीमती रीता लामा
"	श्रीमती रश्मी गुजराल
"	श्री मनोज शर्मा
"	श्री रामप्रसाद रविदास

संस्थाले हालसम्म गरेका कामहरुको विवरण :

संस्थाले यस धनुषा जिल्लामा आ.व. ०५५/०५६ सम्म मानव अधिकार साक्षरता कक्षा - २५, मानव अधिकार तालिम -४, जनप्रतिनिधि तालिम -२, महिला नेतृत्व विकास तालिम -२, महिला जनप्रतिनिधि सचेतना तालिम -१, सरकारी विद्यालय कार्यक्रम -बाल अधिकार चेतना समूह/बालकदेखि बालकसम्म) -७, महिला अधिकार तथा संसदीय निर्वाचन अन्तरक्रिया -१, दिवसहरु -३९, सचेतन कार्यक्रमहरु २०५३ मा -३६, २०५४ मा -६०, २०५५ मा -१०, २०५६ मा-१०, २०५७ मा -१० समेत गरी जम्मा १२६ वटा सम्पन्न गरिसकेको छ । साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र दोहोरो सम्वाद कार्यक्रम मजदुर -१, विद्यार्थी -१ र ग्रामीण क्षेत्रका -२ केन्द्रमा २०५४ माघदेखि २०५५ आषाढसम्म सञ्चालन गरिएको थियो ।

त्यसै गरी इन्सेकको सहयोगमा विभिन्न गाविसहरुमा महिला जनप्रतिनिधि सचेतन कार्यक्रम - एक वर्षसम्म सञ्चालन गरिएको थियो भने धनुषाको शहीद नगर (यदुकुवा) मा महिला शहीद स्मृति पार्कको निर्माण गरिएको थियो । अहिले पनि संस्था उक्त पार्क संरक्षण समितिको सचिवमा रहेको छ । यसै गरी यस संस्थाले संसदीय निर्वाचनमा मतदाता सचेतन कार्यक्रम, धनुषा जिल्ला निर्वाचन पर्यवेक्षण गर्नुका साथै बन्द हडताल पर्यवेक्षण, जेल निरीक्षण आदि समेत बेला बेलामा गर्ने गरेको छ। साथै संस्थाले आ.व. २०५४/०५५ मा आन्तरिक श्रोतबाट सिलाई काटाई तालिम १ र स्थानीय मन्त्रालयको सहयोगमा बाखा पालन कार्यक्रम एक गाविसमा सञ्चालन गरेको थियो।

यसरी नै संस्थाले विभिन्न दिवशहरुलाई विचार गोष्ठीको रुपमा मनाउने गरेको छ भने मानव अधिकार उल्लंघनका घटनाहरु संकलन गर्ने, सम्बन्धित निकायलाई दवाव दिने जस्ता कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ । यसरी नै ग्रामीण क्षेत्रमा मानव अधिकार उल्लंघनका घटनाहरु बिरुद्ध दवाव सिर्जना गर्ने उद्देश्य मानव अधिकार सचेतन समूह समेत बनाउने गरिएको छ । यस बाहेक बिगत बर्षदेखि धनुषाको ८ गाविसमा छुट्टाछुट्टै रुपमा मजदुरलाई सचेत र संगठित गर्दै, कृषि मजदुरको न्यूनतम् ज्याला निर्धारण गर्ने, अनुगमन गर्ने जस्ता अभियान कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । ३० देखि ५७ जनासम्म कृषि मजदुरहरु संगठित रहेको ती गाविसमा मासिक सचेतन कार्यक्रम ८० वटा सम्पन्न गरिसकेको छ। यस बाहेक युनिसेफको सहयोगमा मिथिलेश्वर मौवाही गाविसहरुमा बाल विकास केन्द्र, २०५७ वैशाखदेखि सञ्चालन गर्न थालिएको छ । यसरी नै यातना पीडित सरोकार केन्द्रको सहयोगमा यातना उपचार कार्यक्रम र संस्थाकै पहलमा महिला हित कोषजस्ता बचत कार्यक्रमहरु र जिल्लाका विभिन्न गाविसहरुमा महिला, युवा तथा बालबचत समूहहरु सञ्चालन गरिएको छ ।

यसरी विभिन्न कार्यक्रमको माध्यमबाट मानव अधिकारको ज्ञान ग्रामीण जनताको बीच (जो मानव अधिकारबाट वञ्चित छन्) पुऱ्याउने कार्य निरन्तर भैराखेको छ । जसले गर्दा ग्रामीण तहका जनताहरु आफ्नो अधिकार आफै रक्षा गर्न, मानव अधिकार उल्लंघन बिरुद्ध आवाज उठाउने वातावरण सिर्जना भएको छ । जसले मानव अधिकारको विकास र प्रजातन्त्रको रक्षा गर्न थोरै मात्र भए पनि टेवा पुगिरहेको मान्न सकिन्छ ।

संस्थाले हालसम्म गरेका कार्यक्रमबाट लाभान्वित संख्या

क्र.सं.	कार्यक्रम	साक्षर संख्या	सहभागी संख्या
१.	मानव अधिकार साक्षरता कक्षामा	६२५	७५०
२.	मानव अधिकार तालिममा	-	१२०
३.	जन प्रतिनिधि तालिममा	-	६०
४.	महिला जनप्रतिनिधि तालिममा	-	३०
५.	सचेतन कार्यक्रममा	-	५०४०
६.	महिला नेतृत्व विकास तालिममा	-	६०
७.	कृषि मजदुर सचेतन कार्यक्रममा	-	४००
८.	सिलाइ कटाइ तालिममा	-	२५
९.	समूहहरुमा आवद्ध संख्या	-	६८५
१०.	महिला जनप्रतिनिधि सचेतन कार्यक्रम	-	१९३

विद्यालय कार्यक्रम संचालित विद्यालयहरु :

* श्री सकल भवन कन्या मा.वि., जनकपुर
* श्री सरस्वती मा.वि., जनकपुर
* श्री क्षिरेश्वर जनता उच्च मा.वि., महेन्द्रनगर
* श्री सार्वजनिक मा.वि., वेङ्गाडावर
* श्री प्रस्तावित मा.वि., मुलाबारी, भिमान
* श्री जानकी मा.वि., जनकपुर
* श्री महेन्द्र मा.वि., ढल्केवर

संस्थाले हालसम्म कार्यक्रम सञ्चालन गरेका गाउँ विकास समितिहरु :

(क) मानव अधिकार साक्षरता कक्षा

वेङ्गाडार, नकटाझिज, सिनुरजोडा, हरिहर, महेन्द्रनगर, पुष्पलपुर, जनकपुर-१५, सवैला,गोदार, लवटोली, देउरी परवाह, वफै, औरही, यज्ञभूमि आदि गाविस।

(ख) कृषि मजदुर ज्याला निर्धारण/सचेतन/अनुगमन

सिनुरजोडा, बनेनीया, ठेरा कचुरी, मिथिलेश्वर मौवाही, सवैला, सतोखर, हट्टीपुर हरवडा, वफै आदि गाविसहरु ।

(ग) जनप्रतिनिधि सचेतन कार्यक्रम

ढल्केवार (वडा नं. १ देखि ९ सम्म)

(घ) बाल विकास केन्द्र

मिथिलेश्वर मौवाही -वडा नं. ६ र ८) मा

(ङ) महिला शहीद स्मृति पार्क शहीदनगर (यदुकुवा) धनुषा ।

(च) बाखा पालन कार्यक्रम

वेङ्गाडावर (वडा नं. ८ र ९)मा

(छ) सिलाई कटाई तालिम

महेन्द्रनगर र नकटाझिज गाविसहरुमा ।

संस्थाको सम्पर्क व्यक्ति :

नवराज बस्नेत

श्रीमती तुलसा दाहाल

फोन नं. ०४१–२३३१५

पत्राचार ठेगाना :

समाज उत्थान केन्द्र, धनुषा

जनकपुर नगरपालिका वडा नं. ९ रजौल

जनकपुरधाम, फोन : २३४३१

विजया दशमी, दिपावली तथा छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

बालकृष्ण ढकाल

नगरप्रमुख

एवं

जलेश्वर नगरपालिका परिवार, महोत्तरी

विजया दशमी, दिपावली तथा छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

रामचरित्र साह

सभापति

एवं

जिल्ला विकास समिति परिवार, धनुषा

विजया दशमी, दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख,
शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

कौशल किशोर सरार्फ
प्रबन्ध संचालक
एवं
एभरेष्ट पेपर मिल्स (प्रा.) लि.
प्रधान कार्यालय जनकपुर धाम, धनुषा

विजया दशमी, दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख,
शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय
शुभकामना

महाप्रबन्धक
एवं
जनकपुर चुरोट कारखाना परिवार, धनुषा

विजया दशमी, दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख,
शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय
शुभकामना

सांसद योगनारायण यादव
क्षेत्र नं. २, धनुषा

विजया दशमी, दिपावली तथा छठ पर्वको शुभ
उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

सूर्य श्रेष्ठ
अध्यक्ष
तुलसी गाविस

विजया दशमी, दिपावली तथा छठ पर्वको शुभ
उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

चन्देस्वर मण्डल
अध्यक्ष
मिथिलेस्वर मौवाही गाविस

विजया दशमी, दिपावली तथा छठ पर्वको
शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

बम्हदेव यादव
अध्यक्ष
सिनुरजोडा गाविस

विजया दशमी, दिपावली तथा छठ पर्वको शुभ
उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

विल्टु यादव
अध्यक्ष
ठेरा कचुरी गाविस

महोत्तरी



ऐतिहासिक पक्ष

भनिन्छ धेरै वर्ष पहिले यो जिल्लाको एउटा गाउँमा महोदरी नाम गरेका ब्राम्हण बस्दथे । उनी आफ्नो सम्पूर्ण समय धर्म कर्ममा दिन बिताउँदथे । उनको स्वभाव अत्यन्तै दयालु र उदार थियो । त्यस गाउँमा मानिसले उनलाई महात्माको संज्ञा दिएका थिए । उतिखेर गाउँमा धेरै जसो कृषकहरु बस्थे । उनीहरुको मुख्य पेशा पशु पालन र कृषि नै थियो । महोदरी बाजे बसेको गाउँमा पानीको अभाव थियो । मानिसहरु खानेपानी जसोतसो खोजेर ल्याउँथे तर पशुहरुकोलागि निकै टाढा हिडाएर पानी भएको ठाउँमा लैजानु पर्दथ्यो । यो स्थितिलाई देखेर महोदरी ब्राम्हणले एउटा इनार र पोखरी बनाउने निश्चय गरे । उनको दृढ निश्चयलाई गाउँलेहरुले राम्रोसंग सहयोग गरेको हुनाले इनार र पोखरीको निर्माण समयमै पुरा भयो । इनार र पोखरी गाउमै भएको हुनाले गाउलेहरुले निक्कै सुख पाए । ब्राम्हणको सुविचारको कदर स्वरुप त्यस पोखरीको नाम नै महोदरी पोखरी राखे । महोदरी पोखरीको अपभ्रंशबाट महोत्तरी पोखरी हुन गयो भन्ने भनाई छ । यो महोत्तरी पोखरीको नामबाट यस जिल्लाको नामाकरण महोत्तरी रहन गयो भन्ने जनधारणा रहेको पाईन्छ ।

यस्तै पौराणिक कथामा उल्लेख गरिएका अन्य पोखरीहरु पनि यस जिल्लामा छन् । ती आजसम्म पनि यी पौराणिक पोखरी, इनारहरुको बारेमा अनुसन्धान गर्ने कार्य पुरातत्वविदहरुले गरेका छैनन् । त्यस्तै ओझेलमा परेको केही ठाउँ र केहि पोखरीहरुको बारेमा यहाँ उल्लेख गर्नु सार्न्दभिक हुने छ ।

क. निगोल ठाकुर पोखरी

यो पोखरी गौशाला नमुना गाविसको पूर्वमा रहेको छ। यस पोखरीको बारेमा त्यस गाउका बुढापाकालाई सोद्धा धेरै पहिले दैत्य र भुत मिलेर एक रातमा खनेको हो भन्ने भनाई छ । पोखरीको क्षेत्रफल करिव चार विघामा अवस्थित छ ।

ख. सोनमा गाउँ

यो गाउँ लगभग भारतको विहार प्रान्तको बेला भन्ने गाउको नजिकमा पर्दछ । सोनमा परापूर्वकाल देखि नै सुरक्षाको दृष्ट्रिले गढिरहेको थियो । भारतीय वादशाह गयासुद्धिनले उपत्यका आक्रमण गर्न जादा यहि सोनमागढि हुँदै उपत्यका पसेका थिए । गयासुद्धिनको फौज

लक्ष्मिनिया गाविस– ८ मा संचालित प्रौढ साक्षरता तथा सचेतन कक्षाको एक झलक

उपत्यका पस्नु भन्दा पहिले सोनमा गढीमा सात दिनसम्म मिथिलाको फौजसंग लडेको थियो भन्ने भनाई छ । गढीमा रहेका फौजीहरुकोलागि एउटा इनार बनाइएको थियो, जुन इनार हालसम्म पनि यथावत छ ।

ग. सोनामाईको मन्दिर

यो मन्दिर औरही, खोपी, श्रीपुर र मेघनाथ गाविसको विचमा पर्दछ । यो मन्दिरकै नामले माथि उल्लेखित गाविसको बीचमा रहेको वस्तीलाई सोनामाई गाविस नामाकरण गरिएको हो । यस मन्दिरमा वर्षको एक पटक बडा दशैंमा ठूलो मेला लाग्दछ । भक्तालुहरुको आफुले इच्छाईएको कुरा प्राप्त हुन्छ भन्ने विश्वास अझ सम्म कायमै रहेको छ । आफूले इच्छा गरेको कुरा प्राप्त भएपछि भक्तालुहरुले यहाँ बोका, परेवा, कुखुरा र राँगो चढाउँने गर्दछन् । अझ अचम्मको कुरा के छ भने बोक्सी विद्या जानेका भनिने महिलाहरु यो मन्दिरमा गए भने देवीको शक्तिले ती महिलाहरुलाई मुखबाट रगत निकालेर मारिदिनुहुन्छ भन्ने अन्धविश्वास अझ सम्म पनि प्रचलित नै छ । यिनै अन्धविश्वासको कारणले गाउँघरमा बोक्सी आरोप लागेका महिलाहरु यो मन्दिरमा जादैनन् ।

घ. कारी थान

यो मन्दिर पडौल गाविसमा पर्दछ । यो मन्दिरको पनि आफ्नै विशेषता छ । यदि घरपरिवारभित्र कसैलाई ठूलो रोग लागेको छ भने यो मन्दिरमा वास गर्ने महाकाली देवीलाई भाकल गरे ठीक अथवा निको हुन्छ भन्ने किंवदन्ति छ र सोही अनुरुप भक्तालुहरुले यी कालीदेवीलाई भाकल गरेर बोका, परेवा, कुखुरा, हाँस आदि चढाउँछन् । यसरी चढाएको पशु पन्छिको मासु

त्यहि मन्दिरको छेउछाउमा पकाएर खानु पर्दछ र खाई नसकेको मासु घर ल्याउन पाईदैन, पशुलाई पनि खान दिनु हुँदैन । मन्दिरको क्षेत्रमा एउटा गोलो रेखा छ, त्यो रेखाबाट नै बाहिर लैजानु हुँदैन। त्यस मन्दिरको वरीपरिको गाउँमा कहिल्यै पनि झिंगा लाग्दैन।

ड. टुटेश्वर महादेवको मन्दिर

धेरै वर्ष पहिले चुरे पहाडको छेउमा रहेको समतल भूमीमा कोदो, फापरको खेती हुन्थ्यो। एकदिन एउटा साँढे कोदो खान खेतमा आयो र कोदो खाईरहेको थियो । साँढेले कोदो खाईरहेको देखेर एउटा भोटे जातिको मान्छेले घरबाट खुकुरी लिएर कुद्दै आयो र साँढेतिर खुकुरीले झटारो हान्यो । खुकुरी साँढेको सिंङमा लागेर सिङ नै भाँचियो। भाँचिएको सिङ भुईमा पर्ने वित्तिकै शिवलिंगको आकार ग्रहण गर्‍यो र साँढे तत्कालै अदृश्य भयो। साँढेको सिङबाट टुटेर बनेको शिवलिंगलाई टुटेश्वर महादेव भनेर नामाकरण गरियो। यो मन्दिर माईस्थान गाविसमा पर्दछ । यसरी नै जल अर्थात पानीभित्र शिवलिंग भेटिएको हुनाले जलेश्वर महादेव भनियो। महोत्तरी जिल्लाको एक मात्र नगरपालिका जसको नाम नै जलेश्वर नगरपालिका रहेको छ र यो नगरपालिका नै महोत्तरी जिल्लाको सदरमुकाम हो। यो नगरपालिका भारतको विहार राज्यसंग जोडिएको छ।

यस्तै यस जिल्लाको विशिष्ट ठाउँहरु अरु पनि छन्। जस्तै: मंगलनाथको मन्दिर, चेरु माईस्थानको मन्दिर आदि। जुन मन्दिरहरु समेत उत्तिकै महत्वपुर्ण मानिन्छन् र ती मन्दिरहरुको बारेमा पनि छुट्टाछुट्टै किंवदन्ति रहेको छ।

यस जिल्लाको जनसंख्या र साक्षरता

कुल जनसंख्या:	४४०१४६
पुरुषको जनसंख्या:	२२७६२७
महिलाको जनसंख्या:	२१२५१९
कुल घर संख्या (घरधुरी):	७९६४०
कुल साक्षरता:	२६.४ प्रतिशत
पुरुष साक्षरता:	३७.३ प्रतिशत
महिला साक्षरता:	१३.९ प्रतिशत

जिल्लाको क्षेत्रफल

वर्ग कि.मि.:	१००२
हेक्टरमा:	७५३२३
गाविस संख्या:	७६
न.पा. संख्या:	१
निर्वाचन क्षेत्र:	४

निर्वाचन क्षेत्र नं १: १९ गाविस पर्दछन् ।
निर्वाचन क्षेत्र नं २: १९ गाविस र न.पा. समेत पर्दछ ।
निर्वाचन क्षेत्र नं ३: २१ गाविस पर्दछन् ।
निर्वाचन क्षेत्र नं ४: १८ गाविस पर्दछन् ।

शैक्षिक संघ संस्था

प्राथमिक विद्यालय संख्या :	१५६
निमावि संख्या:	३६
माविको संख्या	३७
क्याम्पसको संख्या	२
उच्च मा.वि संख्या	२

जिल्लामा रहेका स्वास्थ्य कार्यालयहरु

जिल्ला जनस्वास्थ्य कार्यालय:	१
अस्पत्ताल संख्या:	१
प्राथमिक स्वास्थ्य केन्द्र:	३
स्वास्थ्य चौकी:	८
उप-स्वास्थ्य चौकी:	६४

सञ्चार

जिल्ला हुलाक:	१
इलाका हुलाक:	१२
अतिरिक्त हुलाक:	६१
टेलिफोन लाईन:	५३५

२०५७ साल कार्तिकदेखि थप २५० लाईनको व्यबस्था भएको छ ।

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय:	१
इलाका प्रहरी कार्यालय:	५

सिमा चौकी, स्थाई प्रहरी चौकी र अस्थायी प्रहरी चौकी: २३

सडक

मोटर सडक बाटो: २३८ कि.मी. रहेको छ ।

संक्षेपमा जिल्लाको राजनीतिक पक्ष

प्रजातन्त्रको स्थापना भएको १० वर्ष वितिसक्दा पनि यस जिल्लाको राजनीतिक विकासले कोल्टे

फेर्न सकेको छैन । यस जिल्लामा मुख्यतया नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा, सद्भावना र संयुक्त जनमोर्चा पार्टीको चलखेल रहेको छ । विभिन्न पार्टीहरु स्थानीय सत्तामा बस्दा पनि भौतिक निर्माण गर्ने परम्परामा बाटो बनाउने भन्दा अरु सोच नै नराखेको हुनाले यो जिल्लामा स्वास्थ्य, शिक्षा तर्फ राम्रो विकास हुन सकेको छैन । झन यस जिल्लाका अधिकांश मानिसहरुको मानसपटलमा मानव अधिकारको बारेमा थाहा नै छैन। थाहा भएको बुद्धिजीवीहरु निश्क्रिय छन्। यस जिल्लाको राजनीतिज्ञहरुले जातीय राजनीति भन्दा माथि उठेर काम गर्न सकिरहेका छैनन् ।

सामाजिक पक्ष

यो जिल्लामा विभिन्न जातजातिका मानिसहरु बस्छन्। जिल्लाका प्रमुख जातिहरुमा ब्राम्हण, क्षेत्री, हलुवाई, कलवार, तेली, सुडि, कोईरी, यादव, धानुक, खत्वे, मुसहर, चमार, दुसाद, पासवान, थारु, दनुवार, भोटे, मगर आदि यस जिल्लाको प्रमुख बासिन्दा हुन् । केही मात्रामा तत्मा, डोम, हलखोर, बिन र मलाहा जातिका मानिसहरुको पनि जिल्लामा बसोबास रहेको छ । यस जिल्लाका बासिन्दाहरु पुरानै परम्परालाई अझै पनि निरन्तरता दिईरहेका छन् । प्राय जसो परम्पराको विकृति आजको एक्काईसौं शताब्दीमा आएर अझ विकसित भएको छ । जस्तै: दाईजो प्रथा (तिलक वा दहेज) तथा विहावारी गर्न देखासेखी को कारण आर्थिक ह्रासको बाटोतिर लाग्न यहाँका जनता विवश छन् । औषधी उपचारमा प्रायजसो पुरानै अन्धविश्वासमा आधारित धामीद्वारा फुकफाक गर्दछन् । दिनहुँ जस्तो झगडा गरेर थाना र अदालत जाने सामाजिक परम्परा बनिसकेको छ । आफ्ना सन्ततिलाई पढाउनको साँटो धेरै जसोले आर्थिक आर्जनकोलागि छिमेकी राष्ट्र भारततिर काम गर्न पठाउँछन्।

आर्थिक पक्ष

यो जिल्ला तराई क्षेत्रको अरु जिल्ला भन्दा राजनीतिक र आर्थिक हिसावले अतिनै पिछडिएको जिल्ला हो। यस जिल्लामा कलकारखानाको नाममा एउटा मात्र चिनी मिल छ । त्यस मिलमा प्राय जसो कामदार भारतीय नै छन् । मिलले प्रत्यक्ष रुपमा किसानलाई फाईदा पुग्नु पर्नेमा भुक्तानी समयमै नदिनाले किसानहरु ऋणको मारमा पिल्सिनु परेको छ । खेतिको नाममा पानी र मलखादको अभावमा उत्पादनमा ह्रास आएको छ । कतिपय ठाउँमा खोलाले बाली बगाउने, कतिपय ठाउमा पानीको अभावमा बाली डढ्ने गरेको छ । जनसंख्याको बृद्धि एकातिर छ भने अर्कोतिर उत्पादनमा ह्रास र बेरोजगारीको बढोत्तरीले गर्दा यस जिल्लामा अपराधीक क्रियाकलापले प्रश्रय पाएको देखिएको छ । संविधान प्रदत्त र संयुक्त राष्ट्रसंघ द्वारा जारी गरिएको मानव अधिकार अर्न्तगत आर्थिक अधिकार महासन्धिमा नेपाल सरकारले अनुमोदन गरेको कयौं वर्ष वितिसक्दा पनि यस प्रति श्री ५ को सरकार र यस जिल्लाका नेताहरुले मौन धारण गरेर बस्नु कै कारण यस जिल्ला पिछडिएको महसुस हुन्छ ।

राज्य र जनताविचको सुमधुर अन्तरसम्बन्ध नै मानव अधिकार हो। जस भित्र नागरिक अधिकार, राजनैतिक अधिकार, आर्थिक अधिकार, सामाजिक अधिकार, साँस्कृतिक अधिकार पर्दछन् । यि अधिकारहरुको पुरा गर्ने अविभारा राज्य संचालन गर्न बसेको सरकारको हो । यहाँ विभिन्न राजनैतिक पार्टीले सरकार बनाउदा जनतासंग मागिने मतमा यिनै उल्लेखित अधिकारहरु दिने बाचा गरेका हुन्छन् तर सरकारमा पुगेपछि यि सवालहरुमा सांसदहरु मौन रहन्छन् ।

मानव अधिकार तथा विकास समाज: एक परिचय

संस्था परिचय :

यस संस्थाको स्थापना २०५५ सालमा भएको हो। हाल यस संस्थाको साधारण सदस्य १४ जना र कार्य समितिमा ७ जना सदस्य गरी जम्मा २१ जना हुनुहुन्छ । यस संस्थाले स्थापना काल देखी हालसम्म निम्न लिखित विभिन्न कार्यक्रम गर्दै जनताको बीचमा लोकप्रिय बनेकोछ।

सचेतन भेला :

हालसम्म कार्यक्रम भएको स्थानहरुमा गौशाला, लक्ष्मनीया, फुलकाहा, भरतपुर, रामनगर, सम्सी, गैढा भेटपुर, सोनामाई, गोनरपुरा, विजलपुरा, गोरहन्ना, धमौरा र वेलगाछी आदि गाविसहरुमा सचेतन भेला सम्पन्न भएका छन् ।

विद्यालय कार्यक्रम :

विद्यालय कार्यक्रम अन्तरगत मा.वि. स्कूलमा वाल अधिकार चेतना समूह गठन गरी छात्र छात्रालाई मानव अधिकार र वाल अधिकार सम्वन्धि सम्वन्धित

स्कूलको संरक्षक शिक्षक बाट पठन पाठन गराउने प्रक्रिया रहेको छ। वाल अधिकार चेतना समूह गठन भएको विद्यालयहरुमा जनता मावि भरतपुर, जनता मावि वर्दिवास, सोन्फी दशै मावि श्रीपुर, त्रिभुवन मावि गौशाला र लक्ष्मीनारायण मावि खयरमारामा विद्यालय कार्यक्रमहरु संचालन भएका छन्।

मानव अधिकार शिक्षा साक्षरता तथा सचेतन कार्यक्रम :

यो कार्यक्रम गाउँघरमा रहेका दलित तथा जनजाति जो निरक्षर छन्, तिनीहरुलाई साक्षर बनाउँदै मानव अधिकार सम्वन्धि शिक्षा दिइन्छ। यो शिक्षा कार्यक्रम लागु भएको केन्द्रमा ११ महिना सम्म चलाइन्छ। कार्यक्रम भैसकेको स्थानहरु निम्न छन् :

क) भरतपुर-९
ख) लक्ष्मनीयाँ-८ र ९
ग) खोपी-७ र ९
घ) गौशाला-३ र ६
ङ) फुलकाहाँ-२ र ६
च) जलेश्वर नगरपालिका-११
छ) निगौल- ९
ज) पर्सा देवाड- १
झ) गैडा भेटपुर- ७ र ३ ।

दिवश

यस संस्थाले राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वपूर्ण पर्व र दिनहरुलाई दिवस मानेर मनाउने गरेको छ। जसमा प्रशासक, कानून व्यवसायी, पत्रकार, संघ-संस्थाको प्रतिनिधि, बुद्धिजीवी, सामाजिक कार्यकर्ता र जन-समुदायलाई आमन्त्रित गरी जुलुस, गोष्ठी, अन्तर्कृया, सभा आदि गरेर ती दिनको महत्व वारे प्रकाश पार्ने गरिएको छ। यस संस्थाले मनाउँदै आएको दिवशहरु यस प्रकार छन् -

(क) प्रकाश स्मृति दिवश
(ख) शान्ति दिवश
(ग) अन्तराष्ट्रिय श्रमिक महिला दिवश
(घ) प्रजातन्त्र दिवश
(ङ) जन आन्दोलन दिवश
(छ) संविधान दिवश
(ज) शहीद दिवश
(झ) वाल अधिकार दिवश
(ञ) मे दिवश र
(ट) मानव अधिकार दिवश ।

कृषि मजदुर कार्यक्रम :

यो कार्यक्रम जिल्लामा छरिएर रहेका कृषि मजदुरहरुलाई संगठित गर्दै कृषि मजदुरहरुको अधिकारवारे सचेत गराउँदै विभिन्न प्रक्रियाबाट मानव अधिकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषक तथा मजदुर आन्दोलनका वारेमा जानकारी गराई श्री ५ को सरकारले अपरिपक्व तरिकाले तोकेको कृषि मजदुरको न्यूनतम ज्याला दर प्राप्तिका लागि मार्ग निर्देशन गरेको छ। कृषि मजदुर कार्यक्रम गरिएको गाविसहरु यस प्रकार छन् :

क) भरतपुर
ख) कक्ष्मीनीया
ग) रामनगर
घ) खोपी
ङ) ससौला
च) वलवा
छ) राम गोपालपुर
ज) गोनरपुर

मतदाता सचेतन कार्यक्रम

यो कार्यक्रम यस जिल्लाको पर्सा देवाड र गैंडा भेटपुर गा.वि.स.मा विशेष रुपले लागु गरियो भने सामान्यतया अरु सबै गाविसमा पोष्टरको प्रचार द्वारा सम्पन्न भयो। विशेष किसिमले लागु गरिएको गाविसहरुबाट निर्वाचनमा कहिल्यै महिलाहरुको सहभागिता नरहेकोमा कार्यक्रमको प्रभावले २०५६ सालको सुरुमा भएको संसदीय निर्वाचनमा महिलाहरुको सहभागिता रहेको देखियो। त्यस्तै अन्य गाविसमा आकर्षक पोष्टरद्वारा इमान्दार प्रतिनिधिलाई भोट दिनुहोला भनी प्रचार गरियो।

तालिम

क) महिला नेतृत्व बिकास तालिम

यो तालिम २०५५ सालमा यस संस्थाले आयोजना गरेको थियो । यस तालिममा बिभिन्न गाविस वाट विभिन्न तह र स्तरका महिलाहरुलाई सम्मिलित गराई यो कार्यक्रम सम्पन्न गरियो ।

ख) जन प्रतिनिधि तालिम

यो तालिम विभिन्न गाविसका अध्यक्ष, उपाध्यक्ष र अनिवार्य एक महिला जन प्रतिनिधि गरी करिव

१२ गाविस समेट्दै तीन दिन सम्म मानव अधिकार सम्बन्धि महासन्धी र स्वायत्त शासन ऐन जस्ता विषय वस्तुमा तालिम दिइयो ।

ग) मानव अधिकार कार्यकर्ता तालिम :

यो तालिम संस्थाले २०५५ र २०५६ सालमा गरी दुई पटक प्रदान गरेको छ । विभिन्न गाउँ वाट विभिन्न स्तरका मानिसलाई आमन्त्रित गरी दुई दिने यस तालिममा महिला र पुरुष गरी ३५ जनाको सहभागिता थियो । यस तालिममा मानव अधिकार, ऐतिहासिक घटनाक्रम, राष्ट्रिय र अन्तराष्ट्रि सन्धी महासन्धी, अन्तराष्ट्रिय कानुनको राष्ट्रिय कानुनमा मिलान र श्री ५ को सरकारले अनुमोदन गरेका सन्धीहरुको वारेमा प्रशिक्षण दिईएको थियो ।

२०५७-०५८ को नयाँ कार्यक्रम र कार्यक्रम गरिने स्थानहरु ।

१) मानव अधिकार शिक्षा तथा साक्षरता कार्यक्रम :

क) जलेश्वर नगर पालिका-८ सानो खवारा
ख) परिकौली गा.वि.स.-४
ग) एकरैया गा.वि.स.-५ खयाबा
घ) बनौली गा.वि.स.-७ बनौली

२) विद्यालय कार्यक्रम :

क) भरतपुर गाविस अन्तर्गत जनता मावि भरतपुर खोर
ख) बर्दिवास गाविस अन्तर्गत जनता मावि बर्दिवास
ग) गौशाला गाविस अन्तर्गत त्रिभुवन मावि गौशाला बजार
घ) खैरमारा गाविस अन्तर्गत लक्ष्मीनारायण मावि खैरमारा
ङ) बखि गाविस अन्तर्गतको विद्यालय ।

३) दिवश :

यस वर्ष दिवश नगर पालिका र यसैको वरिपरीको गाविसमा सम्पन्न गर्ने योजना रहेको छ ।

४) कृषि मजदुर कार्यक्रम :

यो कार्यक्रम यस जिल्लाको १२ वटा गाविसमा लागु गरिएको छ । ती गाविसहरु निम्न छन् ।

क) निर्वाचन क्षेत्र नं. १ का गाविसहरु

१. सितापुर
२. सिंग्याही
३. हरिनमरी

ख) निर्वाचन क्षेत्र नं. २ का गाविसहरु

१. एकरहिया
२. परिकौली
३. पिपरा
४. नगरपालिका

ग) निर्वाचन क्षेत्र नं. ३ का गाविसहरु

१. डामी मरई
२. भटौलीया
३. एकडारावेला

घ) निर्वाचन क्षेत्र नं. ४ का गाविसहरु

१. गौशाला र बगलगाछी

५) अभियान :

समाजमा रहेका विभिन्न विकृतिहरु र न्याय प्रशासनले गरेको कमी कमजोरीलाई मुख्य विषय बनाइ जिल्लाको सदरमुकाममा यो कार्यक्रम लागु गरिने छ ।

६) रक्षा कार्यक्रम :

यो कार्यक्रम जिल्लाको कुनै पनि स्थानमा राज्य वा व्यक्तिबाट मानव अधिकारको उल्लंघन हुन्छ, त्यस्तो अवस्थामा यस संस्थाले पीडित पक्षमा न्याय दिन र पीडक पक्षलाई कानूनी कारवाही गर्न नैतिक दवाव दिने गरी संचालन गरिन्छ ।

संस्थाको वर्तमान कार्यसमिती :

अध्यक्ष : प्रमोद राज कोइराला
उपाध्यक्ष : हेम बहादुर क्षेत्री
सचिव : राजेन्द्र प्रसाद कोइराला
कोषाध्यक्ष : सरस्वती कोइराला
सदस्य : राम प्रसाद पोखरेल
सदस्य : सुनिल खनाल
सदस्य : वाल कुमारी नेपाल

सर्लाही



परिचय

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत जनकपुर अञ्चलमा पर्ने सर्लाही जिल्लाको कुल क्षेत्रफल १२५९ वर्ग कि.मि. छ। जिल्लाको कुल जनसंख्या ४९२७८९ छ भने साक्षरता २६.३ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता १३.५ प्रतिशत रहेको छ । यस जिल्लाको पूर्वमा महोत्तरी, पश्चिममा रौतहट, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा भारतको सिमाना पर्दछ । जिल्लामा जम्मा मोटर सडक ११५ कि.मि. रहेको छ । यस जिल्लामा ९९ गाविस, एक न.पा., ५ संसदीय निर्वाचन क्षेत्रमा विभाजित छ। त्यस्तै जिल्लामा ३८३ विद्यालय, २ वटा क्याम्पस, ५ उच्च मा.वि., एक अस्पत्ताल र ९६ वटा स्वास्थ्य चौकी रहेका छन् । यसरी नै यस जिल्लामा ३८५ टेलिफोन लाईन, ३५ प्रहरी कार्यालय र ८९ स्थानमा हुलाकहरु रहेका छन् । यस जिल्लाको सदरमुकाम मलंगवा हो । जिल्लाको प्रमुख बासिन्दाहरुमा ब्राम्हण, क्षेत्री, दलित आदि जाति, जनजाति रहेका छन्। साथै यो नेपालको तराई भागमा पर्ने जिल्ला भएको हुँदा मुख्य कृषि पैदावार अर्न्तगत धान, मकै, गहुँ, उखु र तरकारीको उत्पादन जिल्लामा राम्रो रहेको मानिन्छ।

उत्पीडित महिला समाजः एक परिचय

हाम्रो समाजमा रहेका उपेक्षित, अपहेलित, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक आदि अधिकारबाट बञ्चित ग्रामीण क्षेत्रका समुदायका जनताहरु बीच मानव अधिकार बहालीका निम्ति सचेत गराउन र मानव अधिकार सम्बन्धि सबै विषयमा जानकारी र चासो राख्नकोलागि जिल्लामा उत्पीडित महिला समाजको स्थापना २०५४ असोज १० गते गरिएको हो। ०५४ फाल्गुण ७ गते यो संस्थालाई समाज कल्याण परिषदमा दर्ता गरिएको छ।

संस्थाको उद्देश्य

यस संस्थाको उद्देश्य ग्रामीण क्षेत्रमा छरिएर रहेका उत्पीडित जनजातिहरुलाई मानव अधिकारको सम्बन्धमा सचेत गराउँदै मानव अधिकार उल्लंघनका घटनाहरुलाई तथ्यपरक ढंगबाट संकलन गरी त्यस्ता अमानवीय घटनाहरुको बारेमा सम्बन्धित पक्षलाई

उत्पीडित महिला समाज सर्लाहीको आयोजनामा आयोजित प्रकाश स्मृति दिवसको एक दृष्य

जानकारी गराई ध्यानाकर्षण गराउनु रहेको छ ।

संस्थाका संस्थापक सदस्यहरु

अन्जु पौडेल
उर्मिला भट्टराई
चन्दा कुसवाह
मन्जु पौडेल
अम्बिका थापा
राधा कार्की
शोभा तिमल्सिना
तारा रमौली
तिलक कार्की

सदस्यता

यस संस्थामा हाल ३१ जना साधारण सदस्यहरु रहेका छन्।

संस्थाको वर्तमान कार्यसमिती

अध्यक्ष:	अन्जु पौडेल
सचिव:	राधा कार्की
कोषाध्यक्ष:	भरत थापा
सदस्य:	शिव कुमारी तिमिल्सिना
"	नर्वदा बोहरा
"	हेमन पासवान
"	नवराज दहाल
"	योगेन्द्र पौडेल
"	बाल कुमार भट्टराई

इन्सेक संग आबद्धता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग यस उत्पीडित महिला समाज सर्लाही को आबद्धता २०५५ साल असोज ७ गतेबाट सुरु भएको हो।

संस्थाले अहिलेसम्म गरेका कामहरुको विवरण र त्यसको प्रभाव

क. आबद्धता पूर्व

८ स्थानमा सचेतन कार्यक्रम सम्पन्न भए ।

८ स्थानमा साक्षरता कक्षा संचालन भएका छन् ।

ख. इन्सेकसंग आबद्ध भएपछि

- ०५५ मा ९ स्थानमा सचेतन भेला सम्पन्न भए ।
- ०५५ मा ५ वटा विद्यालय कार्यक्रम सम्पन्न भए ।
- ०५५ मा ७ वटा दिवस सम्पन्न भए ।
- ०५५ मा २ वटा तालिम सम्पन्न भयो ।
- ०५५ मा एक शिक्षक गोष्ठी सम्पन्न भयो ।
- ०५६ मा ५ वटा विद्यालय कार्यक्रम सम्पन्न भयो ।
- ०५६ मा ६ स्थानमा साक्षरता कार्यक्रम सम्पन्न भए।
- ०५६ मा २ वटा तालिम सम्पन्न भयो ।
- ०५६ मा ७ वटा सचेतन भेला सम्पन्न भए ।
- ०५६ मा ४ स्थानमा न्यूनतम ज्याला निर्धारण ।
- ०५६ मा १० वटा कृषि मजदुर कार्यक्रम ।
- ०५६ मा ७ वटा दिवस सम्पन्न ।
- ०५६ मा ४ वटा अन्तरक्रिया ।
- ०५६ मा ५ वटा अनुगमन/फलोअप सम्पन्न ।
- ०५६ मा ५ वटा भेला संगठन निर्माण ।
- ०५६ मा जिल्ला शिक्षा कार्यालयलाई ज्ञापन पत्र बुझाएको ।

०५६ मा चुनाव पर्यवेक्षणकालागि ९ सदस्यीय (नियोग) गठन ।

कार्यक्रमबाट लाभान्वित हुनेहरुको संख्या

उत्पीडित महिला समाजबाट सम्पन्न भएका विभिन्न कार्यक्रमहरु जस्तै: मानव अधिकार साक्षरता कक्षा, दिवस, सचेतन, तालिम, विद्यालय कार्यक्रम, कृषि मजदुर अभियान, अन्तरक्रिया, मानव अधिकार रक्षा आदिबाट हालसम्म करिब १४०० महिला तथा पुरुषहरु प्रत्यक्ष लाभान्वित भैसकेका छन् ।

संस्थाको भावी कार्यक्रम

जिल्लामा भएका र हुन सक्ने मानव अधिकार उल्लंघनका घटनाहरुलाई संकलन र सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गर्नकालागि यो संस्था सधै तयार रहेको छ । विभिन्न सरकारी, गैर सरकारी संघ संस्थासंग सुमधुर सम्बन्ध र समन्वय कायम राख्दै मानव अधिकार सम्बन्धमा जन चेतना र जानकारी गराउदै अघि बढ्नु यस संस्था आफ्नो कर्तब्य सम्झन्छ । साथै अधिकार प्राप्तिकानिम्ति जनप्रतिनिधि, समाजसेवी, बौद्धिक वर्ग लगायत ग्रामीण क्षेत्रका उत्पीडित जनसमुदायहरुलाई मानव अधिकारप्रति आस्था जगाउने र सचेत पार्दै मानव अधिकार उल्लघंनका घटनामा चासो राख्न, जन चेतना अभिबृद्धि गर्न यस संस्था सधै लागिपर्ने छ । साथै निम्न कार्यक्रमद्वारा संस्था आफ्नो क्षेत्रमा क्रियाशिल रहने छ । कृषि मजदुरहरुको न्यूनतम ज्याला निर्धारणमा सहयोग गर्दै

प्रकाश स्मृति, जन आन्दोलन, मानव अधिकार, श्रमिक महिला, कृषि मजदुर तथा श्रमिक दिवसहरुबाट चेतना फैलाउने ।

- कृषि मजदुर सभा/अन्तरक्रिया गर्ने ।
- मानव अधिकार शिक्षा/प्रौढ कक्षा संचालन गर्ने ।
- गोष्ठी, बाल अधिकार चेतना समूह निर्माण गर्ने ।
- प्राथमिक विद्यालयमा नि:शुल्क शिक्षा नीतिलाई लागु गराउन लागि पर्ने ।
- जिल्लामा हुने छुवाछुत, दाईजो प्रथा, बालविवाह, बहु विवाह जस्ता सामाजिक कुप्रथाको बिरुद्धमा जन चेतना फैलाउने ।
- कृषि बाल मजदुर विरुद्धको कार्यक्रममा सहभागी हुँदै आफ्नो तर्फबाट पनि कार्यक्रमहरु संचालन गर्ने ।

संस्थाको सम्पर्क व्यक्ति

अन्जु पौडेल
ढुंग्रेखोला- ७, धरहरा
सर्लाही, जनकपुर

सिन्धुली


हरिहरपुर
पिपलमडी
महेन्द्रनगरी
कपिलाकोट
कपिलेश्वर
कल्पवृक्ष
महादेवस्थान
रामपुर
नेत्रकानी
श्रीकुमेश्वर
दुन्जा
जिल्ला रामेछाप
सिद्धेश्वर
रानीपुरी
भीमाश
बाहाजोर
बेलधारी
रानीवास
हुल्पे
भीमान
मकुवा
भद्रकाली
जिल्ला ओखलढुंगा
सिन्धुली
जिल्ला सिरहा
संकेत
कार्यक्रम विवरण
कार्यक्रम संख्या
विद्यालय बालअधिकार कार्यक्रम → ५
मानव अधिकार शिक्षा → २
अभियान कार्यक्रम → २
कृषि मजदूर अभियान → ४
दिवस समारोह → ६
पेशागत मानव अधिकार गोष्ठी → १
जिल्ला स्तरीय शिक्षक गोष्ठी → १

परिचय

भौगोलिक स्थिति:

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्ने ६ वटा जिल्लाहरु मध्ये सिन्धुली जिल्ला पनि एक हो। जनकपुर अञ्चलको मध्य भागमा अवस्थित यो जिल्ला २६° ५५' देखि २७° २१' उत्तरी अक्षांश र ८५° २४' देखि ८६° २२' पूर्वी देशान्तरभित्र पर्दछ । आकारमा नेपालको नक्शा जस्तै उत्तर र दक्षिणी भू- भाग साँघुरो हुँदै पूर्व र पश्चिमी भू-भाग लामो देखिने यो जिल्लाको कुल क्षेत्रफल २४९१ वर्ग किलोमिटर छ। समुन्द्री सतहबाट १००० फिट (३०५ मि.) देखि ९१३७ फिट (२७८७ मी.) सम्मको उचाईमा अवस्थित यो जिल्ला चुरे पहाड र महाभारत पर्वतर्को वीच पूर्व पश्चिम दिशातर्फ फैलिएर रहेको छ। यसरी महाभारतको उच्च पर्वतीय श्रृंखलादेखि चुरेपहाड र भित्री मधेशको सम्म मैदानी फाँटहरु समेतको भौगोलिक विविधता रहेको यस जिल्लालाई भू-संरचनाका आधारमा निम्नानुसार विभाजन गर्न सकिन्छ।

(क) उच्च पहाडी क्षेत्र (४०००-९१३७ फिटसम्म)

(ख) मध्य पहाडी क्षेत्र (२०००- ४००० फिटसम्म)

(ग) शिंवालिक क्षेत्र (१०००-२००० फिटसम्म)

यस जिल्लाको नामाकरण एक तपस्वी राजाको नामबाट भएको मानिन्छ। किंवदन्ति अनुसार भनिन्छ भारतको उज्जैनबाट सिन्धुल नामका एक तपस्वी राजा उत्तर खण्डमा तपस्या गर्न आएका र उनले यस ठाउँमा शिद्ध प्राप्त गरेकोले उनले शिद्धी प्राप्त गरेको यस ठाउँलाई सिन्धुल भनियो। पछि त्यहि सिन्धुल अपभ्रंश भई यस जिल्लाको नाम सिन्धुली रहेको धारण पाइन्छ। यस जिल्लाको शिद्धेश्वर देवालय रहेको स्थान नै राजा सिन्धुलले शिद्धी प्राप्त गरेको स्थान मानिन्छ।

नेपालको सवै भन्दा धेरै जिल्लाहरुसंग सिमाना जोडिने जिल्लाका रुपमा परिचित यस जिल्लाको पूर्वमा उदयपुर र सिरहा, पश्चिममा रौतहट र मकवानपुर, उत्तरमा काभ्रे, ओखलढुंगा र रामेछाप तथा दक्षिणमा धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरु पर्दछन्। राजनैतिक प्रयोजनका हिसावले जिल्लालाई तीन वटा क्षेत्रमा विभाजन गरिएको छ। हाल प्रतिनिधि सभामा क्षेत्र नं १ बाट गंगा प्रसाद नेपाल, क्षेत्र नं २ बाट शंकरनाथ शर्मा र क्षेत्र नं ३ बाट लिलामणि पोखरेल निर्वाचित सांसद हुनुहुन्छ। साथै श्रीमती गोमा देवकोटा राष्ट्रिय सभामा मध्यमाञ्चल बिकास क्षेत्रबाट सदस्य हुनुहुन्छ । यी तीन वटा क्षेत्र अर्न्तगत १३ वटा ईलाका, १ नगरपालिका र ५३ वटा गाविसहरु रहेका छन्।

जनजीवन

यस जिल्लाका नागरिकहरुको आय-आर्जनको स्रोत मुख्यत: कृषि र पशुपालन हो। केही सानातिना घरेलुउद्योग र सिमित व्यापार व्यवसाय बाहेक जिल्लामा ठूलाउद्योग, कल-कारखानाको विकास हुन सकेको छैन । जिल्लामा विभिन्न जातजातिका मानिसहरु वसोवास गर्दछन्। जिल्लामा रहेका ब्राम्हण, क्षेत्री, नेवार, मगर, तामाङ, गुरुङ, हायू, राई, सुनुवार, दनुवार, माझी, मैथली, कामी, दमाई आदि विविध जातजातिका मानिसहरु विशेषत: हिन्दु र बौध्द धर्म मान्दछन् । जिल्लामा रहेका अल्पसंख्यक जाति वाहेक अधिकांश अन्य छिमेकी जिल्लाहरुबाट बँसाई सरी आएका मानिसहरुको बसोबास छ। राष्ट्रिय जनगणना २०४८ अनुसार जम्मा २,६७,८१७ जनसंख्या भएको यस जिल्लाको वर्तमान स्थिति निम्नानुसार छ ।

- अनुमानित औसत आयू ५६वर्ष
- प्रतिव्यक्ति बार्षिक आय रु. ६,५१०
- साक्षरता २९.२७ प्रतिशत
- मानवीय विकास सुचांक ०.२९५ प्रतिशत

पेशागत समुदायमा मानवअधिकार शिक्षा विषयक उद्घाटन कार्यक्रम

हावापानीः

भैंगोलिक विषमताले गर्दा यस जिल्लाको हावापानीमा पनि विविधता रहेको पाइन्छ। धरातलीय उचाईको आधारमा यो जिल्लाको हावापानीलाई निम्न तीन भागमा विभाजन गर्न सकिन्छ ।

(क) उष्ण हावापानी (१०००-२०००फिटको क्षेत्र)

(ख) सितोष्ण हावापानी (२०००-४००० फिटको क्षेत्र)

(ग) समशितोष्ण हावापानी (४०००-९१३७ फिटको क्षेत्र)।

गर्मी मौसममा अधिक गर्मी र हिउँदमा अत्यन्त जाडो, तुषारो र हिमपात हुने भू-भाग समेत रहको यस जिल्लाको अधिकतम तापमान औसत २८.३' सेल्सीयस र न्यूनतम औसत ५.३' सेल्सीयस रहन्छ । पोखरा पछि नेपालको दोश्रो पानी पर्ने स्थान मानिने यस जिल्लाको बार्षिक औसत वर्षा १४,१९५ मी. मी. रहेको छ ।

नदीनालाः

महाभारत श्रृंखला र चुरेपर्वतलाई उद्‌गमस्थान बनाई जिल्ला भित्र बग्ने खोला र नदीनालाहरु प्रशस्त छन्। यहाँ बर्षातमा उर्लने थुप्रै खहरे वगरहरु पनि छन्। चुरे पर्वत उद्‌गमस्थान रहेको कमला नदी (६० कि. मी.) र मरिणखोला, ग्वा खोला, बितीजोरखोला र अरुणठाकुरखोला आदि उल्लेखनीय नदी हुन। त्यसैगरी वागमती, रोशी र सुनकोशी यो जिल्लाको सिमावर्ति नदी हुन्।

बन, बनस्पति खनिज र पशुपन्छीः

जिल्लाको कूल भू-भागको ६४ प्रतिशत भाग बनक्षेत्रले ढाकेको छ । जिल्लामा रहको बनमा मुख्यतया साल, शिशौ, खयर, चिलाउने, सल्ला, बाँस आदि जातका रुखहरु पाइन्छ । सुनखरी, चिराइंलो, कुरिलो र तेजपात यहाँ पाइने प्रमुख जडीवुटीहरु हुन् । जिल्लाको मध्य पहाडी भागमा अवस्थित सिन्धुलीगढीमा अभ्रख, चुनढुंगा र कोइलाखानी छन् । जिल्लको महाभारत श्रृंखलामा पेट्रोलियम पदार्थ पाइने सम्भावना बताइन्छ । धरातलीय स्वरुप र हावापानी अनुसार यहाँ विभिन्न प्रकारका जंगली जनावर र पन्छीहरु पाइन्छ । बाघ, भालु, चितुवा जस्ता हिंसक जनावर लगायत मृग, खरायो, चित्तल घोरल, बाँदर, स्याल आदि जनावरकासाथै मयूर लुइचे, कालिज, कोइली, सुगा, मैना, ढुकुर आदि पन्छीहरु यहाँको जंगलमा पाइन्छ।

कृषि उत्पादनः

जिल्लामा उद्योग धन्दाको विकास भएको छैन। ग्रामीण जनजीवन मूख्यत: कृषिमा नै आधारित छ । जम्मा २,४९,१०० हेक्टर कृषियोग्य जमीन रहेको यस जिल्लाको प्रमुख कृषि उत्पादन निम्नानुसार छन् ।

(क) प्रमुख खाद्यान्न बाली– धान, मकै, गहुँ, कोदो ।

(ख) प्रमुख तरकारी खेती– आलू, अदुवा ।

(ग) प्रमुख फलफूल खेती– जुनार, सुन्तला, भूँईकटहर, नास्पाती ।

शिक्षाः

जिल्लाको शैक्षिक विकास राम्रोनै रहेको पाइन्छ। हालसम्म २ वटा क्याम्पस (सिन्धुली बहुमुखी क्याम्पस र सूनकोशी क्याम्पस), रहेका छन् । त्यस्तै विद्यालयमा २७४ वटा प्राथमिक विद्यालय, ४४ वटा निमावि,४७ वटा मा. वि. र ८ वटा उच्चमावि संचालित छन् । कुल साक्षरता ३९.२७ प्रतिशत छ । जसमा महिला साक्षरता २५.२४ प्रतिशत र पुरुष साक्षरता ५२.८३ प्रतिशत रहेको छ ।

स्वास्थ्यः

यस जिल्लाका जनस्वास्थ्य सेवाका लागि सदरमुकाममा १५ शैयाको एक अस्पताल र जिल्लाको विभिन्न भागमा १० वटा स्वास्थ्य चौकी, ४२ वटा

उपस्वास्थ्य चौकी र २ वटा प्राथमिक स्वास्थ्य केन्द्रहरु हालसम्म संचालित छन् । विशेषत: कूपोषणको जटिल समस्या रहेको यो जिल्लामा शिशु मृत्यूदर ८ प्रतिशत छ र अपांगहरुको संख्या ३,४१० जना रहेको छ ।

सडक राजमार्ग :

सिन्धुली जिल्लाको सडक राजमार्गहरु विकासशिल तथा निर्माणाधिन अवस्थामा छ । हाल यातायात चालु रहेको सिन्धुली बर्दिवास ३७ कि.मि. राजमार्ग र निर्माणाधिन सिन्धुली-बनेपा १२२ कि.मि. राजमार्ग लगायत जिल्लाभित्र बनेका कच्ची मोटरबाटोहरु निम्नानुसार छन् ।

भिमान-हर्सादी-डकाहा-सियौली : ४९ कि.मि.
बाहुन तिल्पु -धोवीखोला : ८ कि.मि.
रतनपुर-दुधौली : २० कि.मि.
सिन्धुलीमाढी-जरायोटार : ३५ कि.मि.
सिन्धुलीमाढी-कपिलाकोट-पिपलमाढी : ५० कि.मि.

संचार :

जिल्ला सदरमुकामभित्र १५० लाइन टेलिफोन सेवा उपलब्ध छ । सदरमुकाम बाहिरका कपिलाकोट, बस्तिपुर, ग्वालटार, दुम्जा, झाँगाझोली रातमाटा (संचालन भैरहेको) भिमान (क.न.पा.) र दुधौली, भलुवाही (हतपते), बेलघारी, सिथौली (हाल बेलघारीको छरछरे स्थित टेलिफोन टावर माओवादीले ध्वस्त पारेकोले मर्मत नभएकोले संचालन बन्द अबस्थामा छन्) मा भि.एच.एफ. बाट टेलिफोन सेवा संचालित छन् । त्यसैगरी जिल्लामा एउटा जिल्ला हुलाक कार्यालय ११ वटा ईलाका हुलाक कार्यालय र ४३ वटा अतिरिक्त हुलाक कार्यालयहरु छन् ।

विद्युत :

नेपालमा विद्युत प्राधिकरणको केन्द्रिय प्रशारण लाईनबाट सदरमुकामस्थित शान्ति नगरमा स्थापित ३३/११ के.भि. क्षमताको एउटा विद्युतगृह र अन्य दुई वटा साना जलविद्युत केन्द्रहरुमा भिमेश्वर गाविस स्थित ७५ के.भि. क्षमताको सुँगुरे जलविद्युत गृह र तामाजोर गाविसमा ५ किलोवाट क्षमताको पेल्ट्रिक सेटबाट विजुली उत्पादन तथा वितरण गरिएको छ ।

बैंकिङ :

सिन्धुली जिल्लामा राष्ट्रिय बाणिज्य बैंकका चार वटा शाखा/उपशाखाहरु रहेकाछन् जसमा माढी बजार शाखा, भिमान उपशाखा, रातमाटा उपशाखा र कपिलाकोट उपशाखा संचालित छन् । एउटा कृषि विकास बैंक र दुई वटा फाईनान्स कम्पनीहरु जिल्लामा संचालित छन् ।

प्रेस पत्रपत्रिकाहरु :

जिल्ला सदरमुकाम स्थित माढीबजारमा तीन वटा प्रिन्टिंग प्रेसहरुमा सृजना, दहाल र परजुना रहेका छन् । दुई वटा साप्ताहिक पत्रिकाहरुमा सिन्धुल साप्ताहिक र जनप्रभात साप्ताहिक हाल प्रकाशित भइरहेका छन् ।

प्रहरी :

सदरमुकामस्थित जिल्ला प्रहरी कार्यालयमा ५ वटा इलाका प्रहरी कार्यालय, १५ वटा प्रहरी चौकी र ४ वटा अस्थाई प्रहरी पोष्ट रहेका छन् ।

मनोरञ्जन :

सदरमुकामभित्र चलचित्र घर-एउटा, कभर्ड हल-एउटा र सभागृह-दुईवटा रहेका छन् ।

जिल्लाको धार्मिक तथा ऐतिहासिक स्थलहरु :

(क) कमलामाईस्थान:

सदरमुकामबाट करिव ५ कि.मि. दक्षिण भागमा पर्ने यो एउटा धार्मिक स्थल हो । यो कमला नदी र ग्वाङखोलाको संगमस्थलको दोभानमा पर्दछ । दोभानको उत्तर पूर्वी किनारमा कमलामाईको मन्दिर छ । प्रत्येक बर्षको माघे संक्रान्तिका दिन यहाँ ठूलो मेला लाग्दछ ।

(ख) पञ्चकन्या पोखरी :

यो एउटा पौराणिक पोखरी हो। सदरमुकामवाट करीब २२ कि. मी. उत्तर पश्चिममा मरीण खोलाको बाँया किनारको जंगलभित्र यो पोखरी अवस्थित छ। धेरै पहिले यस पोखरीमा ५ जना केटीहरु रहन्थे र उनीहरु स्थानीय बासिन्दाका खेत रोपाँईमा सहयोग गर्न आउने गर्थे र पछि केही मान्छेले उनीहरु माथि दूर्व्यवहार गरेको र पोखरीमा फोहोर पारिदिएकाले ती केटीहरु देखिन छाडेको स्थानीय किम्वदन्ती छ । मरीण खोलाको कटानबाट प्रभावित यो पोखरी संरक्षणको पर्खाइमा छ ।

(ग) हरिहरपूर गढी:

सदरमुकामवाट करीव ५१ कि. मी. पश्चिममा पर्ने यो एउटा ऐतिहासिक गढी हो । मकवानपूरका राजा हरिहर सेनले बनाएको यस किल्लाबाट गोर्खाली सेनाले कासमल्लीखाँको नेतृत्वमा विहारवाट आएका फौजलाई परास्त गरेको थियो ।

(घ) सिन्धुलीगढी:

सदरमुकामबाट करीव ९ कि. मी. पूर्वमा अवस्थित यो एउटा ऐतिहासिक किल्ला हो । वीर अमरसिंह थापाको नेतृत्वमा तैनाथ गोर्खाली सेनाले यस किल्लाबाट अंग्रेज फौजलाई ध्वस्त पारेका थिए । यो किल्लाबाट एक कि. मी. माथि डाँडामा राणाकालीन दरबारको जीर्ण अवशेष छ जसलाई गढीदरबार भनिन्छ ।

मानव अधिकार शिक्षा तथा सचेतन केन्द्र: एक परिचय

मानव अधिकार शिक्षा तथा सचेतनका माध्यमबाट सिन्धुली जिल्लाका नागरिकहरुको मानव अधिकार संरक्षण, सम्वर्धन तथा सामाजिक न्याय शान्ति र प्रगतिकोलागि स्थापना गरिएको मानव अधिकार शिक्षा तथा सचेतन केन्द्र (हयूरेन्स) एउटा राष्ट्रिय गैहसरकारी मानव अधिकार संस्था हो । अंग्रेजीमा यसलाई Human Rights Education and Enlightenment Centre (HURENCE) नामाकरण गरिएको छ ।

हयूरेन्स एक अविछिन्न उत्तराधिकारवाला स्वशासित एवं संगठित संस्थाको हैसियतले २०५७ सालमा जिल्ला प्रशासन कार्यालय सिन्धुली र समाज कल्याण परिषदमा दर्ता भई वैधानिक रुपमा स्थापना भएको सामाजिक संस्था हो । अध्यक्ष, कार्यकारिणी समिति र साधारणसभा जस्ता प्रमुख अंगहरु रहेको हयूरेन्सको आफ्नै विधान र छाप छ । हयूरेन्स कार्यालय सिन्धुली जिल्लाको सदरमुकाम स्थित माढीबजारमा अवस्थित छ ।

यसले स्थानीय स्रोत, साधन र जनशक्तिको परिचालन गरि स्थानीय समुदायमा अनौपचारिक शिक्षा, तालिम, गोष्ठी, सभा, सचेतन, योजना कार्यान्वयन तथा अभियान संचालन गर्दै आइरहेको नागरिकको संविधान तथा कानून प्रदत्त आधारभूत मानव अधिकार एवं मौलिक स्वतन्त्रताको रक्षा, संरक्षण तथा सम्वर्धन गर्दै मानवीय मूल्य, मान्यता र मर्यादाको सम्मान एवं सामाजिक न्याय शान्ति र प्रगतिका लागि निरन्तर कृयाशील रहनु हयूरेन्सको प्रमुख उद्देश्य रहेको छ । हयुरेन्सले ती उद्देश्य प्राप्तिकोलागि आफ्नो विधान र उद्देश्यसँग मेल खाने अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी, गैहसरकारी सामाजिक तथा मानव अधिकारवादी संघ-संस्थाहरुसँग सम्झौता र समन्वय गरी कार्य गर्न सक्ने वैधानिक प्रावधान यसमा अन्तरनिहीत छ ।

उद्देश्य:

- चेताशील व्यक्ति र समाजको चेतना अभिवृद्धि गरी राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक मुल्यको रक्षा गर्ने ।
- मानव अधिकारको संरक्षण गर्न सचेत नागरिक तयार गर्ने।
- पिछडिएका जनसमुदायको जीवनस्तर उकास्नको लागि मानव अधिकार जनचेतना अभिवृद्धि गरी वालअधिकार, महिला, स्वास्थ्य, शिक्षा, बन, वातावरण र सर-सफाई आदि रचनात्मक सहयोग पुर्‍याउने ।

- अपांगहरुको संरक्षण गर्ने ।
- रुढीवादी विकृती र विसंगतिको अन्त्य गर्न गोष्ठी, सेमिनार, सभा, समारोह आदि मार्फत जनचेतनामूलक कार्यहरु संचालन गर्ने ।
- निरक्षर प्रौढ एवं वाल-वालिकाहरुको हितमा प्रैढ कक्षा एवं वालशिक्षा मार्फत साक्षर बनाउने र अन्य कार्यक्रमहरु संचालन गर्ने ।
- विकास र वातावरणको वीच सन्तुलन कायम गर्ने र त्यसलाई व्यवहारमा उतार्ने जनशक्ति तयार गर्ने ।
- धार्मिक र साँस्कृतिक चेतनाको अभिवृद्धि गरी त्यसको संरक्षण र सम्बर्द्धन गर्ने तर्फ सचेत नागरिक तयार गर्ने।
- शिक्षित र अशिक्षित बेरोजगारहरुको लागि स्वावलम्वी एवं शिपमुलक व्यवसायको अभिवृद्धि गर्ने।
- पुस्तकालय तथा वाचनालयको स्थापना र त्यसको उपयोगिताका वारेमा जन अभिरुचीको विकास गर्ने ।

वर्तमान कार्यसमितिका पदाधिकारीहरु:

अध्यक्ष:	अशोक श्रेष्ठ
उपाध्यक्ष:	लक्ष्मीप्रसाद देवकोटा
सचिव:	कृष्णहरि घिमिरे
कोषाध्यक्ष:	अमरेश चन्द्र बैदार
सह-सचिव:	सुश्री लक्ष्मी श्रेष्ठ
सदस्य:	प्रवीण कुमार हायू (पदेन)
सदस्य:	सुश्री मेनुका काफ्ले (पदेन)

सल्लाहकार समिति:

फाल्गुणी शर्मा
विश्वम्भर लामिछाने
विश्वराज शर्मा
देवीप्रसाद सुवेदी
विष्णुकुमार श्रेष्ठ

साधारण सदस्यहरु:

संस्थाको हाल सम्म १० जनाले साधारण सदस्यता लिइसकेका छन् ।

आवद्धता:

२०५७ साउन ६ गते देखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग यो संस्थाको आबद्धता शुरु भएको छ ।

संस्थाको भावी कार्यक्रम:

- मानव अधिकारको संरक्षण तथा विस्तारकालागि निरन्तर रुपमा आवश्यक कार्यकमहरु निर्माण तथा संचालन गर्दै जाने।
- मानव अधिकारको विभिन्न क्षेत्रहरुमा (नागरीक, राजनैतिक, सामाजिक, आर्थिक, साँस्कृतिक अधिकार) शिक्षा तथा सचेतनाका प्रकृयालाई सशक्तिकरण गर्दै जाने।
- अल्पसंख्यक, आदिवासी, पिछडिएका वर्ग, दलित तथा उत्पीडित जाति जनजातिको अधिकारको रक्षाकालागि आवश्यक कार्यकमहरुको तर्जूमा तथा कार्यान्वयन गर्दै जाने।
- छुवाछुतको आधारमा हुने जातीय भेदभाव, लैंगिक आधारमा महिला-परुषबीच हुने भेदभाव र अन्य विविध सामाजिक विकृति र विसंगतिहरुका विरुद्ध सचेतनामूलक अभियानहरु संचालन गर्दै जाने ।
- महिला तथा वालवालिकालई सशक्तिकरण गर्दै घरेलु हिंसा तथा उत्पीडनमा परेका र निरक्षर महिला तथा सडक वालवालिका र वालमजदुरको अधिकार संरक्षणकालागि आवश्यक कार्यकम तथा अभियान संचालन गर्दै जाने ।
- कमैया, मोही र कृषि मजदुरहरुको हक अधिकारको रक्षार्थ सचेतन, अभियान तथा कार्यकमहरु संचालन गर्दै जाने।
- मानव अधिकार कानुनसँग बाझिएका असमान ऐन कानुनहरुको खारेजी, संशोधन तथा नयाँ कानुनको निर्माणकालागि सरकारलाई सुझाव दिने, दबाव दिने र मानवअधिकार सम्वन्धी मुद्धाहरुमा आवाज उठाउने, अगुवाई गर्ने, ऐक्यबद्धता जनाउने ।

संस्थाको सम्पर्क व्यक्तीको नाम र ठेगाना:

अशोक श्रेष्ठ
C/o अनुपम फोटो स्टूडियो
कमलामाई नगरपालिका वडा नं:- ६, २ नं. बजार
फोन:- ०४७-२०२५९
फ्याक्स:- ०९७७-०४७-२०१५४

विजया दशमी तथा दिपावली

२०५७ को शुभ उपलक्ष्यमा तमाम देशवासीहरुप्रति शान्ति, प्रगति र उन्नति रहोस् भन्ने

हार्दिक मंगलमय शुभकामना

वासुदेव श्रेष्ठ

तथा

कमलामाई नगरपालिका परिवार, सिन्धुली

२०५७ सालको विजया दशमी तथा दिपावलीको शुभ उपलक्ष्यमा समस्त सिन्धुलीवासी दलित, बालबालिका, महिला तथा गरीबहरुको घर आँगनमा हर्ष, उमंग र खुशीयाली छाओस् भन्ने

मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

सामुदायिक विकास कार्यक्रम

सिन्धुली, नेपाल परिवार

विजया दशमी तथा दिपावली २०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरु तथा देशवासीहरुप्रति सुख, शान्ति, समृद्धिको

हार्दिक मंगलमय शुभकामना

रमेश कार्की

सभापति

तथा

जिल्ला विकास समिति परिवार, सिन्धुली

दोलखा

CHINA
CHINA
SOLUKHUMBU
SINDHUPALCHOWK
RAMECHHAP
RAMECHHAP
S
Lamahagar
Aalampu
Gaurishankar
Bigu
Chitankha
Khopachagu
Urang
Bulung
Kalinchowk
Babare
Laduk
Marbu
Lapsiang
Lamidanda
Chankhu
Boch
Makalbag
Chhemawati
Sunkhani
Jhyaku
Sun
Sanupinang
Dolakha
Jugu
Shyama
Magapouwa
Mati
Charikot
Chhetrapa
Jiri
Bhusapheda
Katakub
Namdu
Kavre
Mirge
Phasku
Gaimmudi
Dudhpokhari
Sailungeswor
Pohati
Bhirkot
Jhule
Hawa
Ghangsukathokai
Japhe
Chyama
Bhednu
Dandokharka
Melung
Malu
Shahare

परिचयः

नेपालको मानचित्रमा दोलखा जिल्ला २७ ° २८" उत्तरदेखि २८ ° ००" उत्तरी अक्षांश र ८५ ° ५०" पूर्वदेखि ८६ ° ३२" पूर्व देशान्तरसम्म फैलिएको छ । राजधानी काठमाण्डौंबाट १३३ कि.मि. पूर्वमा पर्ने यो जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत जनकपुर अञ्चलमा पर्दछ। करिब २१९१ वर्ग कि.मि. यसको क्षेत्रफल रहेको यो जिल्ला हिमाली जिल्लाको रुपमा परिचित छ। यसको पूर्वमा सोलुखुम्बु र रामेछाप, पश्चिममा सिन्धुपाल्चोक, उत्तरमा चिनको क्षेत्र तिब्बत तथा दक्षिणमा रामेछाप जिल्ला रहेको छ । यस जिल्लाको सदरमुकाम चरिकोट हो। लामोसाँघु जिरी सडकबाट सुगमता प्राप्त जिल्लामा रामेछाप, मुडे, मेलुङ, दोलखा, सिंगटी, सुनखानी, साङवा रोड खन्ने कार्य विस्तार हुन लागेको छ। खिम्ति जलबिद्युत आयोजनाले यसलाई अझ महत्वको रुपमा उठाउनकोलागि मद्दत गरेको छ।

जंगल

यस जिल्लामा पतझर मौसमी बन, सदावहार बन, कोणधारी बन, लेकाली घाँसे मैदान, शित मरुभूमि आदि बनस्पतिहरुको प्रचुरता रहेको पाईन्छ। बोटविरुवाहरुमा लालिगुँरास, चिलाउने, साल, उत्तिस, सल्ला प्रमुख रहेका छन्। जडिबुटीहरुमा चिराईतो, जटामसि, ठूलो ओखती, विषमह, पाँचऔले आदि पाईन्छन्। जिल्लाको कुल २१४२७८ हेक्टर भूमि मध्ये बनजंगलले ४४ प्रतिशत भूभाग ओगटेको छ ।

जनसंख्या

२०४८ सालको जनगणना अनुसार दोलखा जिल्लामा कुल ३५८६२ घरधुरी मध्ये महिला ८८४११ र पुरुष ८४८२५ गरी जम्मा १७३२३६ जनसंख्या रहेको छ। जस अनुसार जनघनत्व प्रति वर्ग कि.मि. ७९.१ रहेको छ। १० वर्ष मुनिका बालबालिकाको संख्या कुल जनसंख्याको २९.३ प्रतिशत, १० देखि ५९ वर्ष सम्मको ६६.५ प्रतिशत र ६० वर्ष माथिका ४.३ प्रतिशत जनसंख्या रहेको देखिन्छ।

संस्थाको आयोजनामा आयोजित
९० औं अन्तर्राष्ट्रिय नारी दिवस

नदीनाला

जिल्लाको मुख्य नदीमा तामाकोशी हो भने अन्य खोलाहरुमा खिम्ति, गुमु, चर्णावती, रोल्वालिङ, खारे, दोल्ति जस्ता सानातिना अन्य खोलाहरु प्रशस्त रहेका छन्।

धर्म, जात, भाषा

हिन्दु र बौद्ध धर्म दोलखा जिल्लाको प्रमुख धर्म भएतापनि कतै कतै क्रिश्चियन धर्मावलम्बि समेत पाईन्छन्। मुख्य रुपमा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, गुरुङ, जिरेल, सुरेल, थामी, शेर्पा, माझी, वादी, दमाई, कामी, सार्की आदि जातजातिको बसोबास रहेको यो जिल्लामा राष्ट्रिय भाषा बाहेक तामाङ, नेवार, जिरेल, शेर्पा, थामी, सुरेल, माझी आदि जातिहरुले आ-आफ्नो मातृभाषा नै बोल्ने गर्दछन्। तर पनि ६९.१२ प्रतिशत जनताले साधारण बोलीचालीको लागि नेपाली राष्ट्रिय भाषा नै प्रयोग गर्ने गर्दछन्।

खेतिपाती

प्रमुख रुपमा जिल्लामा मकै, कोदो, गहुँ, आलु, जौ, भटमास आदि अनाजहरुको उत्पादन हुने गरेको छ । यस बाहेक फलफुल, तरकारी आदिको पनि खेती गर्न थालिएको छ भने फलफुल खेतीले क्रमशः व्यबसायीक रुप समेत अंगाल्दै गईरहेको छ।

पशुपालन

गाई, भैसी, बाखा, कुखुरा, चौरीगाई, भेडापालन आदि यहाँका मुख्य पशुपालन हुन् । केही कृषकहरुले पशुपालनलाई व्यबसायको रुपमा पनि संचालन गरेका छन्।

उद्योग

जिल्लामा हाल सानाठूला गरेर २३३ वटा साना घरेलु उद्योग संचालनमा छन् । वित्तिय संस्थाहरुमा

वाणिज्य बैंक, नेपाल बैंक, र कृषि विकास बैंकहरु रहेका छन्।

संचार

जिल्लामा हुलाक सेवा सबै गाविसमा पुगेको छ भने इलाका हुलाक ९ वटा, अतिरिक्त हुलाक ४३, स्थानीय हुलाक एक र जिल्ला हुलाक एक वटा रहेका छन्। जिल्लाको जिरी, मैनापोखरी, दोलखा, किर्ने, मेलुङ, चरिकोट, मागा देउराली, सिंगटी, साङवा आदि स्थानमा टेलिफोन सेवा उपलब्ध छन्।

विद्युत

जिल्लाभरिका जम्मा २७७६ घरधुरीमा मात्र हाल बिजुली सुविधा उपलब्ध भएको पाईन्छ ।

स्वास्थ्य

जिल्लामा २ वटा प्राथमिक उपचार केन्द्र, एक अस्पत्ताल, १० ईलाका स्वास्थ्य चौकी र २९ वटा उपस्वास्थ्य चौकीहरु रहेका छन् । बजार क्षेत्रमा औषधी विक्री गर्ने पसलको राम्रो व्यबस्था रहेको छ ।

शिक्षा

जिल्लामा ३ उच्च मा.वि., २ क्याम्पस, २ प्राविधिक शिक्षालय, ३३ मा.वि., २७ नि.मा.वि र २१७ प्राथमिक विद्यालय रहेका छन् । जिल्लाको समग्र स्थितिमा ३४.३९ प्रतिशत साक्षर रहेका छन् ।

मानव अधिकार सचेतन तथा विकास केन्द्र:एक परिचय

संस्था परिचय

मानव अधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) नेपाल, नामक गैर सरकारी संस्था दोलखा जिल्लामा २०४९ सालमा स्थापना गरिएको हो। यो संस्थाका संस्थापक अध्यक्ष श्री पशुपति चौलागाईले संस्थाको स्थापना दोलखा जिल्लामा रहेका मानव अधिकार कार्यकर्ता, कानुन व्यबसायी, पत्रकार, शिक्षक लगायत प्रजातन्त्रको भावनालाई कदर गर्ने युवाहरुलाई साथ लिएर गर्नु भएको हो। प्रजातान्त्रिक व्यबस्थालाई सक्षम, सुदृढ गराउन २०४७ सालको संबैधानिक अधिकारको संरक्षण गर्न नेपालले संयुक्त राष्ट्रसंघद्वारा पारीत घोषणापत्र लगायत सन्धि, अभिसन्धि, महासन्धि आदि अधिकारपत्रहरुमा हस्ताक्षर गरी सकेकोले ती व्यबस्थाहरुलाई कार्यान्वयन गर्न, गराउन र सहयोग पुऱ्याउने उद्देश्यले यसको गठन गरिएको हो । जनता स्वयंलाई अधिकार प्रति आन्दोलित बनाउदै अधिकार प्राप्तिकोलागि संघर्षरत बनाउनु नै यस संस्थाको मुल भावना रहेको छ । यसैको आबश्यकता महशुस गरी दोलखा जिल्लामा यो संस्था कार्यरत रहेको छ ।

संस्थाको उद्देश्यहरु

चेतनाको अभावमा आफ्नो अधिकार र कर्तव्यको जानकारी नभएका असचेत नागरिकहरुलाई समेत सचेत र संगठित गराई मानव अधिकारकोलागि सचेत नागरिक समाजको निर्माण गराई विकासको काममा क्रियाशिल बनाउन तलका कामहरु गरिने छ ।

क. जनचेतना अभिबृद्धि गर्ने

चेतनाको कमि रहेका जनसमुदायमा शिक्षा, स्वास्थ्य, कृषि, वन, वातावरण, जनसंख्या सम्बन्धि चेतनाको अभिबृद्धि गर्ने।

सामाजिक अन्धविश्वास एवं रुढिग्रस्त चिन्तनबाट मुक्त गराउन यथार्थ एवं बैज्ञानिक विचारको प्रचार गर्ने ।

ख. मानव अधिकार बहालीकोलागि चेतनामुलक कार्यक्रम गर्ने

- मानव अधिकार सचेतन अभिबृद्धि गर्न मानव अधिकार सचेतन कार्यक्रम संचालन गर्ने ।
- मानव अधिकार पुस्तकालय स्थापना गर्ने ।
- मानव अधिकार शिक्षाको लागि पत्रपत्रिका प्रकाशित गर्ने ।
- मानव अधिकारको गतिविधीमा भाग लिने ।
- प्रजातन्त्रको रक्षा, विकास र सुदृढिकरणकोलागि विभिन्न ढंगले काम गर्ने ।

ग. विकास मुलक काम गर्ने

- विकास आफैले गरे मात्र हुन्छ भन्ने भावना जनतामा विकास गराउने ।
- विकासको काममा संलग्न श्री ५ को सरकार, गैर सरकारी संघ संस्थासंग सहभागिता जुटाउने ।
- बेरोजगारहरुलाई सिपमुलक तालिम दिई व्यबसायतर्फ अग्रसर गराउने ।

घ. महिला तथा पिछडिएका जाति तथा जनजातिकोलागि बिशेष कार्यक्रम संचालन गर्ने ।

संस्थाको बर्तमान कार्यसमिति

अध्यक्ष:	गणेश प्रसाद शिवाकोटी
उपाध्यक्ष:	गंगा काफ्ले
सचिव:	सरोज उप्रेती
कोषाध्यक्ष:	डवल पाण्डे
सदस्य:	बालकृष्ण शर्मा
"	होम प्रसाद पाठक
"	कालिका पाठक

संस्था दर्ता

- संस्था स्थापना मिति: २०४९ साल चैत्र २३ गते ।
- दर्ता नं: ४०/०४९/५०, जिल्ला प्रशासन कार्यालय, दोलखा ।
- समाज कल्याण परिषदमा दर्ता: ३२२४/२०५२ साल भदौ १८ गते ।

आबद्धता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग यस संस्थाको आबद्धता २०५० साल देखि सुरु भएको हो।

संस्थाले अहिलेसम्म गरेका कार्यक्रमहरुको विवरण

- ग्रामीण इलाकामा मानव अधिकार तथा साक्षरता कार्यक्रमको संचालन ।
- ग्रामीण क्षेत्रमा मानव अधिकार शिक्षा संचालन ।
- पेशागत समुदायमा मानव अधिकार शिक्षा संचालन।
- सरकारी विद्यालय कार्यक्रम ।
- अभियान कार्यक्रम ।
- मानव अधिकार रक्षा कार्यक्रम ।
- सचेतन भेला ।
- दिवस, समारोह ।
- तालिम ।
- मानव अधिकार उल्लंघनका घटना संकलन ।
- पर्यवेक्षण ।
- अनुगमन ।
- रेडियो श्रोता क्लव गठनमा सहयोग पुर्‍याउने ।
- अनौपचारिक शिक्षा ।
- सामुदायिक वन गठन ।

प्रभाव

संस्थाले संचालन गरेका कार्यक्रमहरुमा संस्थाको उद्देश्य र भावनाले ओगटेका हरेक आदर्शहरुलाई आत्मसाथ गर्दै कार्यक्रम संचालित क्षेत्रमा आफ्नो प्रभाव छोड्न सफल नै रहेको छ। जसले गर्दा मानिसहरुलाई प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्न तथा आफ्नो अधिकार र कर्तव्यको बारेमा जागरुक बनाउन सफल छ। इन्सेकको पहिचान र यो संस्थाको छविले जनतामा राम्रो प्रभाव पारेको छ । जसले गर्दा यो संस्था जिल्लामा राजनैतिक, नागरिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारका बारेमा सचेत भै त्यसको भावनालाई प्रतिनिधित्व गर्न सफल र सशक्त रुपमा परिचित भएको छ। प्रशासन, राजनैतिक पार्टी, जनप्रतिनिधि, पेशागत समुदाय, पत्रकार, प्रहरी, कानून व्ययसायी, मानव अधिकार कार्यकर्ता, संघ संस्था, बुद्धिजीवी, विभिन्न तह र तप्काका आम नागरिकहरु समेतमा यसको राम्रो प्रभाव परेको छ । जसले गर्दा केही परिवर्तनका सम्भावनाहरु समेत जिल्लामा देखा परेका छन्। उदाहरणकोलागि निम्न क्षेत्रमा प्रभाव परेको छ।

- प्रशासनिक क्षेत्र
- कृषि मजदुर क्षेत्र
- निरक्षर जनसमुदाय
- पीडित समुदाय
- राजनीतिक तथा जनप्रतिनिधि, विद्यार्थी र समाजका सचेत नागरिकहरुमा प्रभाव पारेको छ ।

कार्यक्रमबाट लाभान्वित हुनेहरुको संख्या

कार्यक्रम संचालन भए देखि प्रशासन, राजनैतिक पार्टी, पत्रकार, प्रहरी, जनप्रतिनिधि, मानव अधिकारबाट पीडित व्यक्तिहरु, निरक्षर, कानुन व्यबसायी, पेशागत समुदाय, विद्यार्थी लगायतका व्यक्तिहरुमा संस्थाको कार्यक्रमको प्रभाव राम्रोसंग पर्न गएको छ । तसर्थ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बार्षिक २००० देखि ३००० व्यक्तिहरुले ती कार्यक्रमबाट लाभान्वित हुने अवसर प्राप्त गरेका छन्। तसर्थ इन्सेकसंग आबद्ध भईसकेपछिका वर्षहरुमा करिव १५००० जन समुदायले कार्यक्रमबाट लाभान्वित हुने अवसर पाएका छन् ।

संस्थाको भावी कार्यक्रम

इन्सेक अभियानसंग आबद्ध भए यताका दिनहरुमा यस जिल्लामा निश्चित रुपमा मानव

अधिकारको क्षेत्रमा केही प्रगति भएको छ। तथापी २०४६ सालको जन आन्दोलनबाट प्राप्त प्रजातान्त्रिक अभ्यास संगै हाम्रो सामाजिक दायित्वहरु पनि क्रमश: बृद्धि हुँदै गईरहेको छ। २०४९ सालबाट थालनी गरेका कार्यक्रमहरुमा निश्चित रुपमा सुरुमा जुन अबस्था थियो ती अबस्थाहरु परिवर्तन भएका छन्। तत्कालीन समाजको भावना र आबश्यकताहरु फरक थिए। अब समाजमा नयाँ खाले चुनौतीहरु थपिएका छंन्, जुन सामाजिक आन्दोलनका अभिन्न अंगहरु हुन्। ती आबश्यकता परिपूर्तिका निम्ति फेरी नयाँ खाले आन्दोलनको विकास हुन र गर्न जरुरी छ। यसलाई गम्भिरताकासाथ लिएर संस्थाले नयाँ कार्यशैली, कार्यपद्धति, नीतिगत सवालमा फरक विचार अघि सार्नु जरुरी नै हुनेछ। तसर्थ हामीले हाम्रो आगामी कार्यक्रमहरुलाई नयाँ रणनीति बनाएर अघि बढ्नु हाम्रो दायित्व हुनेछ।

आगामी दिनमा संस्थाको ध्यान निम्न विषयहरुमा केन्द्रीत रहने छ।

- जातीय छुवाछुत विरोधी कार्यक्रम ।
- महिला पुरुष बीचको भेदभाव विरुद्धको कार्यक्रम ।
- चेलीबेटी बेच विखन बिरोधी अभियान ।
- शिक्षाको अधिकार
- कृषि मजदुरहरुको अधिकारको कार्यक्रम ।
- जाति, भाषा, धर्म आदिको संरक्षण कार्यक्रम ।
- बृद्धहरुको अधिकारको कार्यक्रम ।
- कानून लागु गराउने आन्दोलनको कार्यक्रम ।
- मानव अधिकार कार्यकर्ता निर्माणमा जोड ।
- विकासको अधिकारको बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।
- पेशागत समुदायलाई मानव अधिकारको विषयमा प्रशिक्षण गराउने कार्यक्रम ।
- मानव अधिकार आन्दोलनलाई व्यापक बनाउन सर्वपक्षीय रुपमा समन्वय गर्ने कार्यक्रम ।
- स्वास्थ्य, वातावरण शिक्षा कार्यक्रम ।
- सूचनाको अधिकारलाई परिपूर्ति गर्न पत्रपत्रिका, बुलेटिन, पुस्तक, पर्चा, विज्ञप्ती, पोष्टर, प्रकाशन गर्ने।
- पर्यवेक्षण/निरीक्षण गर्ने ।
- सामुदायिक तथा विकासका विभिन्न खाले कार्यक्रमलाई अगाडि बढाउने ।

संस्थाका सम्पर्क व्यक्तिः
होम प्रसाद पाठक
भिमेश्वर न.पा-१०, चरिकोट, दोलखा
फोन नं:०४९-२०१६५, २०२४०, २०२१३

एउटा राजनीतिक पार्टी, जो वास्तवमा कुनै धार्मिक, साम्प्रदायिक, कुनै जातीय, कुनै क्षेत्रीय भावना घोकेको छैन भने, त्यस्तो साम्प्रदायिकतावादी होइन भने उसले आफ्नो पक्षमा लागेका जनताको मात्र भलो चाहँदैन। उसले सबै जनताको भलो चाहनु पर्दछ। यो जनताको प्रतिबाधाभित्र पर्दछ।

-मदन भण्डारी

रौतहट



परिचय

अञ्चल: नारायणी
जिल्ला: रौतहट
कुल जनसंख्या: ४,३१,५१२
क्षेत्रफल: ११२६ वर्ग कि.मि.
साक्षरता: २७ प्रतिशत
निर्वाचन क्षेत्र: ४
गाविस: ९६
न.पा.: १
प्रहरी कार्यालय: ३९
विद्यालय: २२४
क्याम्पस: ५
उच्च मा.वि. ५

चार किल्ला: पुर्व सर्लाही, पश्चिम बारा, उत्तर मकवानपुर र दक्षिण भारतको विहार ।

मुख्य जातिहरु: राउत, यादव, मुसलमान, कलवार, तेली, मुसहर, चमार, डोम, ब्राम्हण, क्षेत्री, थारु आदि ।

मानव अधिकार चेतना केन्द्र: एक परिचय

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र र नेपाल अधिराज्यको संविधानद्वारा प्रदत्त मौलिक हक बहालीका लागि सचेतन गर्ने उद्देश्यले वि.सं. २०५१ साल माघ १ गते स्थापना भएको यस संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग २०५२ सालमा आबद्ध भई विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । यो संस्था स्थापना भएको थोरै समयमा जिल्लामा सशक्त मानव अधिकारवादी संस्थाको रुपमा स्थापित हुन सफल भएको छ। संस्थाको दर्ता विवरण निम्नानुसार छ-

जनप्रतिनिधि तालिमको समापनको अवसरमा मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि जिल्ला विकास समितिका उपसभापति रक्षिउद्दिन आलम

दर्ता नं: ७२

दर्ता भएको कार्यालय: जिल्ला प्रशासन कार्यालय गौर, रौतहट

दर्ता मिति: २०५२/१/१०

समाज कल्याण परिषदमा आवद्धता नं. : २९४७

समाज कल्याण परिषदमा आबद्धता मिति: २०५२/३/१३

संस्थाको उद्देश्य

- मानव अधिकार हननका घटना घट्न नदिन समाजका हरेक वर्गलाई संगठित रुपमा सचेत पार्ने ।
- मानव अधिकारको चेतना फैलाउने ।
- मानव अधिकारको चेतनासंग संगै निरक्षरता उन्मुलन बाल शिक्षा आदिमा जोड दिने ।
- सामाजिक कुरितीहरु विरुद्ध अभियान संचालन गर्ने ।
- सरकारी तथा गैर सरकारी निकायहरुबाट संचालित सामाजिक कार्यहरुमा सहयोग गर्ने ।

सदस्य संख्या

संस्थाको साधारण सदस्य संख्या: ३३ जना
कार्य समिति सदस्य संख्या: ९ जना

आबद्धता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग यस संस्थाको आवद्धता २०५२ साल श्रावणदेखि शुरु भएको हो।

संस्थाले हालसम्म गरेका कार्यक्रमहरुको विवरण

- मानव अधिकार साक्षरता तथा सचेतन कक्षा ।
- विभिन्न दिवस समारोहहरु ।
- तालिम (मानव अधिकार कार्यकर्ता, जनप्रतिनिधि, महिला नेतृत्व विकास , संगठन विकास)।
- सरकारी विद्यालयमा बाल अधिकार कार्यक्रम ।
- सचेतन कार्यक्रमहरु
- मानव अधिकार विश्वव्यापी घोषणा पत्रको ५० वर्ष र इन्सेक सेवाको १० वर्षको अवसरमा भोजपुरी भाषामा दोहोरो सम्बाद कार्यक्रम ।
- महिला चेतना विकास कार्यक्रम (प्लानको

चन्द्रनिगाहपुर स्थित गैंडाटारमा आयोजित सचेतन भेलालाई सम्बोधन व्यक्त गर्नुहुँदै कार्यक्रम संयोजक विपिन प्रसाद गौतम

सहयोगमा)।

- महिला जनप्रतिनिधि क्षमता अभिबृद्धि तालिम (प्लानको सहयोग) ।
- कृषि मजदुर संगठन निर्माण र न्यूनतम ज्याला निर्धारण कार्यक्रम ।
- कृषि मजदुर ज्याला अनुगमन कार्यक्रम ।
- अभियान संचालन (मानव अधिकार आयोग गठनकोलागि) ।
- जेल निरीक्षण ।

आमा समूह गठन तथा संचालन ।

- रेडियो श्रोता क्लव गठन तथा परिचालन ।
- अनुगमन/फलोअप कार्यक्रम
- जिल्ला शिक्षा कार्यालय मार्फत अनौपचारिक शिक्षा कार्यक्रम ।
- लक्षित समूह उत्थान कार्यक्रम (श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय मार्फत) ।
- वातावरण संरक्षणकोलागि जनचेतना जगाउन रंगिन पोष्टर वितरण ।
- मानव अधिकार रक्षा कार्यक्रम ।
- सदरमुकाममा मानव अधिकार शिक्षा (पेशागत समुदायकालागि कार्यक्रम) ।

कार्यक्रम संचालनबाट परेका प्रभावहरु:

- सामाजिक चेतना स्तर बृद्धि भई सामाजिक कुरितीहरु विरुद्ध अभियान संचालनकोलागि स्थानीय जनसमुदायहरु संगठित भएका छन् ।
- मानव अधिकारको चेतना बृद्धिको कारणले गाविस पदाधिकारीहरु विकास निर्माणप्रति प्रतिवद्ध रहने र स्वयं मानव अधिकार उल्लंघन नगर्ने बानीको विकास भएको छ ।
- कृषि मजदुरहरु संगठित र न्यूनतम ज्याला प्राप्तिकोलागि जागरुक भएका छन् ।
- मानव अधिकार चेतना स्तरमा बृद्धि भएको छ ।
- विद्यालय कार्यक्रमबाट बाल बालिकाहरुमा बाल अधिकारप्रति रुची बढ्नुको साथै बाल साक्षरता अभियानबाट अभिभावकहरुमा आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउनुपर्छ भन्ने भावनाको विकास भएको छ ।
- पिछडिएका जनसुदायमा मानव अधिकार चेतनाको विकास भएको छ ।
- मानव अधिकार रक्षाकोलागि संगठित हुने, आवाज उठाउने तथा मुद्धा गर्न सक्ने भएका छन् ।

हालसम्म कार्यक्रमबाट लाभान्वित हुनेहरुको संख्या

महिला: ३६८७
पुरुष: ६९३२
जम्मा: १०६१९

संस्थाको भावी कार्यक्रम

जिल्लामा मानव अधिकारको स्थिति ज्यादै दयनीय रहेको वर्तमान परिप्रेक्ष्यमा मानव अधिकार शिक्षा तथा सचेतनलाई अझ प्रभावकारी रुपमा लागु गर्दै संस्थालाई सशक्त मानव अधिकारवादी संस्थाको रुपमा स्थापित गर्दै पिछडिएका जनसुदायलाई आफ्नो हक, अधिकारप्रति जागरुक र संगठित बनाउने क्रियाकलापहरु संचालन गरिने छ ।

संस्थाको सम्पर्क व्यक्ति

विर्ष बहादुर घिसिङ
जुडिवेला-९, रौतहट
फोन: ०५५-२०४१८

विपिन प्रसाद गौतम
सन्तपुर- ८, रौतहट
फोन: ०५५-२०४१८

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

पदमबहादुर आले
अध्यक्ष
तथा
पौराइ गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

घनश्याम मोहन भण्डारी
अध्यक्ष
तथा
विश्रामपुर गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

विन्देश्वर राय यादव
अध्यक्ष
तथा
पतौरा गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

गौरीशंकर प्रसाद
अध्यक्ष
तथा
पथरा बुधराम गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

इश्वरीप्रसाद यादव
अध्यक्ष
तथा
कर्कच कर्मैया गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

ओमकार चौधरी
अध्यक्ष
तथा
संग्रामपुर गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

ऋषिराम तिमल्सिना
अध्यक्ष
तथा
लक्ष्मिनीया गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

अवुल कलाम आजाद (फुलबाबु)
अध्यक्ष
तथा
गम्हरियापर्सा गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

धमेन्द्र पटेल
अध्यक्ष
तथा
देवाही गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

गोविन्दप्रसाद चौधरी
अध्यक्ष
तथा
सन्तपुर गाविस परिवार, रौतहट

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय

शुभकामना

उद्धव रेग्मी
अध्यक्ष
तथा
चन्द्रनिगाहपुर गाविस परिवार, रौतहट

मानवअधिकारसम्बन्धी विविध
ज्ञानको लागि प्रत्येक दुई दुई
महिनामा प्रकाशित हुने
प्राची द्वैमासिक पत्रिका
खोजी खोजी
अध्ययन गरौं ।

बारा


बारा जिल्ला
कार्यक्रमको नाम
संकेत
कृषि प्रजनन
साक्षरता
सचेतना
जागरण
ऐच्छिक अभियान
गत साल को कार्यक्रम अनुगमन
विद्यालय कार्यक्रम
मा. अ. रक्षा कार्यक्रम

परिचयः

भौगोलिक स्थिति

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत नारायणी अंचलमा अवस्थित बारा जिल्ला ऐतिहासिक एवं पुरातात्विक सम्पदायुक्त जिल्ला हो। हिन्दुहरुको पवित्र एवं प्रसिद्ध गढिमाईको मन्दिर तथा सिमौनगढ जस्तो ऐतिहासिक स्थल, हलखोरिया ठुलो ताल, झरोखर पोखरी र काँठघाटको सहजनाथ महादेव यसै जिल्लामा पर्दछ। ९८ गाविस र १ मात्र नगरपालिका भएको यस जिल्लाको सदरमुकाम कलैया नगरपालिकामा पर्दछ ।

नारायणी अञ्चलको ५ जिल्लामध्ये २६ ५१' देखि २७ ' २' सम्म उत्तरी अक्षांश र ८४ ' ५१' देखि ८५ ' १६' पूर्वी देशान्तर सम्म फैलिएको यस बारा जिल्लाको पूर्वमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्य पर्दछन्। प्रशासकीय दृष्टिले यो जिल्ला ४ निर्वाचन क्षेत्र र १५ ईलाकामा छुट्याई १ नगरपालिका र ९८ गाविसहरुमा विभाजन गरिएको छ। करिव ११९० वर्ग कि.मि.मा फैलिएको यो जिल्ला समुन्द्रको सतहबाट १५२ देखि ९१५ मिटरको उचाईमा अवस्थित छ । यस जिल्लाको महत्वपूर्ण नदीहरु जमुनी, लालबकैया, अडुवा, बंगरी, शक्तिमोहर, सिरसिया र तियर हुन् । यस जिल्लामा करिव ४७१८२ हेक्टर जमिनको भाग बन जंगलले ढाकेको छ ।

सिंचित भूमी

अधिकांश तराई भाग भएको यस जिल्लामा करिव १७४६० हेक्टर जमिन चुरे पहाडले ढाकेको छ ।

हरेकछारा आयोजित प्रकाश स्मृति दिवसको सन्दर्भमा आयोजित अन्तरक्रिया कार्यक्रमको उद्घाटनको एक दृष्य

जिल्लाको भौगोलिक विभाजनलाई अध्ययन गर्दा कुल १२९५६३ हेक्टर जमिनमा ६९९६३ हेक्टर भूमी खेतियोग्य छ भने ७०३९० हेक्टर भूमीमा मात्र सानाठुला सिंचाईको व्यबस्था भएको छ। कुल जमिनको ३०.२ प्रतिशत भाग भविश्यमा विकास गर्न उपयुक्त देखिन्छ ।

हावापानी तथा मौसम :

यस जिल्लाको हावा पानी शितोष्ण (Tropical) तथा सम-शितोष्ण (Sub-Tropical) प्रकारको छ भने औसत तापकम अधिकतम ३१.३ डि. से. र न्यूनतम तापकम १८ डि. से. छ । यस जिल्लामा १७६०.७ मिलिमिटर औषत वर्षा हुन्छ ।

भू-उपयोगः

यस जिल्लाको कुल क्षेत्रफल १२९५६३ हे. मध्ये उपयोगको दृष्टिकोणमा कृषि योग्य ६९९५३ हे. छ तर ७१४० हे. मा कुनै खेतीपाती छैन। जिल्ला वन कार्यालयको तथ्यांक अनुसार ४७१८२ हे. जमिन वन जंगलले ढाकिएको छ भने २९४९ हे. चरण क्षेत्र रहेको छ। तर ४०९२ हे. जमिन नदि-नाला, पहाड पर्वत आदि पर्दछन् । ४७१८२ हे. जमिन वन क्षेत्र मध्ये २४२९८.५ हे. उत्पादनशिल वन र ३२७३ हे. सुरक्षित वन रहेको छ।

यातायात

यस जिल्लाको प्रायः सवै क्षेत्रमा यातायातको सुविधा रहेको देखिन्छ । जिल्लाको सदरमुकाम देखि बिरगञ्ज सम्म पक्की बाटो, मटिअर्वा सम्म ग्राभेल बाटो, चुरे देखि लिपनी विर्ता सम्म करिव २६ कि.मि. पक्की बाटो, महेन्द्र राजमार्गको पथलैया देखि भन्सार सम्म २८ कि.मि. पक्की बाटो निर्माण भएका छन् । यस्तै पदम रोड देखि सुराही, सिमरा देखि भवानीपुर, कलैया देखि कठरिया मानमल र गौर सम्म ग्राभेल र कच्ची बाटो निर्माण भएका छन् । यस जिल्लामा कालो पत्रे, ग्राभेल र कच्ची बाटो गरि जम्मा २०० कि.मि. बाटो निर्माण भैसकेको छ। जिल्लामा पक्की पुल ८ वटा छन् भने यस जिल्लाको सदरमुकाम कलैया देखि राजधानी काठमाण्डौ सम्म दैनिक एक दर्जन बस सेवा सञ्चालित छ। हवाई यातायातकोलागि यस जिल्लामा सिमरा विमानस्थल रहेको छ, जहाँ दैनिक विभिन्न वायु सेवा कम्पनिको ५ उडान रहेको छ ।

ऐतिहासिक तथा पर्यटकीय स्थलहरु

हवाई तथा यातायातको दृष्टिकोणले सुगम यस जिल्लामा अमलेखगञ्ज (ऐतिहासिक), बरियापुर (धार्मिक), कलैया (सदरमुकाम तथा धार्मिक एवं ऐतिहासिक स्थल), सिमौनगढ, रानीबास (धार्मिक तथा ऐतिहासिक स्थल), सिमरा बिमान स्थल तथा व्यापारिक केन्द्र काँटघाटको सहजनाथ महादेव, हलखोरीया ताल, सिमौनगढ (ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थल) रहेका छन् ।

जनसंख्या, स्वास्थ्य तथा शैक्षिक गतिविधि

यस जिल्लामा हिन्दु, बौद्ध, इस्लाम तथा जैन धर्मावलम्वीहरु बसोबास गर्दछन्। वि.सं.२०४८ सालको राष्ट्रिय जन गणना अनुसार यस जिल्लाको जनसंख्या ४१५७१८ रहेको पाईन्छ। जसमा पुरुष २१४८७२ छन् भने महिलाको संख्या २००८४६ रहेको छ । कुल परिवार संख्या- ६८९५२ रहेको र प्रत्येक घर धुरीमा सरदर ६ जना व्यक्तिहरु रहेका छन् भने जिल्लाको जनघनत्व ३४९ प्रति वर्ग कि.मि. रहेको छ । आर्थिक वर्ष २०५२ ।५३ मा यस जिल्लाको अध्यावधिक जनसंख्या करिव ५००१०० पुगेको अनुमान गरिएको छ । करिव १५८६२८ आर्थिक क्रियाकलापमा संलग्न व्यक्तिहरुमा १२४२८४ पुरुष र ३४३४४ महिला रहेका छन् । जनगणना २०४८ अनुसार यस जिल्लाको साक्षरता करिव ३० प्रतिशत रहेको छ भने २०५५ सालमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम द्वारा प्रकाशित नेपालमा मानवीय विकास प्रतिवेदनमा यस जिल्लाको प्रौढ साक्षरता मात्रा २६ प्रतिशत रहेको छ । शैक्षिक संस्थाहरुको स्थिति हेर्दा यो जिल्ला अन्य जिल्ला भन्दा निम्न स्थानमा पर्दछ। जिल्लाको जनसंख्याको आधारमा एक मात्र क्याम्पस, ४ वटा मात्र उच्च मा.वि. हुनुले जिल्लाको शैक्षिक स्तर कमजोर रहेको देखाउँछ ।

यस जिल्लामा जिल्ला अस्पत्ताल- एक, स्वास्थ्य केन्द्र- ३, इलाका स्वास्थ्य चौकी- ११, उप स्वास्थ्य चौकी- ८४, आयुवेर्दिक औषधालय- एक समेत जम्मा १०० वटा स्वास्थ्य केन्द्रले सेवा पुर्‍याएका छन् । जिल्ला अस्पतालको अवस्था र सेवा अन्य जिल्ला भन्दा राम्रो भन्न सकिने अबस्थामा छैन ।

१.८ सूचना तथा संचार सेवाः

यस जिल्लामा हुलाक सेवा र वाह्य तथा आन्तरिक टेलिफोन सेवा उपलब्ध छ । यहाँ दैनिक पत्रिका प्रकाशन नभए पनि साप्ताहिक तथा मासिक पत्रपत्रिका प्रकाशन हुन्छन् । जिल्लाका १६ वटा गाविसमा सार्वजनिक टेलिफोन सेवा पनि उपलब्ध गराइएको छ । यस जिल्लामा करिव ८६१ टेलिफोन लाईन वितरण गरिएको छ ।

१.९ विद्युतीकरण, उद्योग तथा कलकारखाना :

६० वटा गाविसमा बिजुलि सेवा उपलब्ध छ भने यस जिल्लामा करिब साना ठूला गरेर ९६ वटा उद्योग तथा कालकारखाना संचालित छन् ।

१.१० जिल्लामा रहेका सामाजिक संघ संस्था र भौतिक सुविधा :

क.सं.	संस्थाको नाम	पूर्वाधार र संस्थाहरु	संख्या
(क)	विद्यालयहरु	प्राथमिक विद्यालय	२२६
		निम्न माध्यमिक विद्यालय	२६
		माध्यमिक विद्यालय	३९
		उच्च माध्यमिक विद्यालय	४
		क्याम्पस	१
		बोर्डिङ स्कूल	७९
(ख)	बैंक	१. कृषि विकास बैंक	४
		२. राष्ट्रिय बाणिज्य बैंक	३
		३. नेपाल बैंक लिमिटेड	५
		४. साना किसान बैंक	८
		५. ग्रामीण विकाश बैंक	८
(ग)	स्वास्थ्य सेवा	१. अस्पताल	१
		२. ई. हेल्थ पोष्ट	११
		३. स्वास्थ्य केन्द्र	३
		४. आयुर्वेदिक औषधालय	२
		५. उप स्वस्थ्य चौकी	८४
		६. होमीयोप्याथी	२
(घ)	सञ्चार सेवा	१. हुलाक कार्यालय (ईलाका-१२, अतिरिक्त-६०, जिल्ला-१)	७३
		२. टेलिफोन सेवा	८६१
(ङ)	सुरक्षा	१. प्रहरि चौकी तथा थाना	३१
(च)	कृषि तथा पशु चिकित्सालय	१. कृषि सेवा केन्द्र	१८
		२. पशु सेवा केन्द्र	१७
(छ)	कृषि सामाग्री संस्थान र सहकारी	१. ए.सी. डिपो	९
		२.साझा (सहकारी कार्यालय) सहकारी संस्था	२६
(ज)	रेन्ज पोष्ट	१. रेन्ज पोष्ट	९

(झ)	बजार	१. बजारहरु	१८
		२. हाट बजार	३३
(ञ)	सामुदायिक वन	१. सामुदायिक वन	९
(ट)	सडक	१. कालो पत्रे	८४ कि.मी.
		२ ग्राभेल	७४.७ कि.मी.
		३. कच्ची	१३७ कि.मी.
(ठ)	विद्युत पुगेका गा.वि.स.	१. विद्युत पुगेका गाविसहरु	६०
(ड)	टेलिफोन पुगेका गा.वि.स. हरु	१.टेलिफोन पुगेका गाविसहरु	१६
(ढ)	जडिबुटी	१. जडिबुटी	१

बारा जिल्लामा विकासका अवसरहरु तथा सम्भावना

* प्राकृतिक सम्पदाको उचित प्रयोगबाट लाभ लिन सकिने ।
* ताजा तरकारी पर्याप्त उत्पादन गर्न सकिने ।
* प्राकृतिक श्रोतलाई उपयोग गर्दै कल कारखाना र उद्योग धन्दा स्थापना गर्न सकिने ।
* सामजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक क्षेत्रमा समलैंगिक समानताको अवसर ।
* पोष्ट हारभेष्ट प्रविधिको प्रयोग गर्न सकिने र कोल्ड स्टोरको स्थापना गर्न सकिने ।
* पशुपालन तथा दुग्ध व्यबसायको सम्भावना ।
* यातायातमा राष्ट्रिय सम्पर्क स्थापना गर्न सकिने ।
* व्यवसायिक कृषि उद्यमीको विकास गर्न सकिने ।
* कृषिजन्य उद्योगको स्थापना ।
* पर्यटकीय विकासको सम्भावना ।
* जडिबुटी उत्पादन गर्न सकिने ।

बिकास निर्माण कार्यलाई प्रभावकारी बनाउन सकिने उपायहरु

* स्थानीय निकायलाई सक्षम र सवल बनाउने ।
* बिकासका नीति अनुरुप संस्कार र नियतमा स्पष्ट हुन जरुरी ।
* राजनैतिक प्रतिबद्धता ।
* जन चेतनाको अभिबृद्धि ।
* एकिकृत विकास कार्यक्रम ।
* आधुनिक कृषि प्रणालीमा जोड ।
* शिक्षाको विकास ।
* महिला तथा बालबालिकाको विकास ।
* जनसहभागितामुलक कार्यक्रमलाई प्राथमिकता ।
* पर्यटकीय विकास ।

मानव अधिकार जागरण केन्द्र (हरेक), बारा

२०४६ सालको जनआन्दोलन पश्चात नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि मानव अधिकार उल्लंघनका घटनाहरु ग्रामीण स्तरमा बढ्दो स्थितिमा हुने गरेको पाईएकोले प्रजातन्त्रको आधार मानव अधिकार र कानुनी राज्यको स्थापना गरी मानव अधिकारको संरक्षण र संबर्धनकोलागि ग्रामीण स्तरमा रहेका असचेत र असंगठित जन समुदायलाई सचेत पार्दै, संगठित गर्दै लाने र जन जागरणको शसक्त आवाज उठाई लैंगिक समानता, सामाजिक न्यायकोलागि आन्दोलन गर्दै समतामुलक समाजको निर्माण गरी राष्ट्रको सर्वाङिंण विकासकोलागि व्यापक जन सहभागिता जुटाउने। ग्रामीण स्तरका पिछडिएका जन समुदायलाई मानव अधिकार बारे सचेतन गराउने तथा सामाजिक न्याय (अन्याय, अत्याचार, भ्रष्टाचार, गरिवी, अशिक्षा, लैंगिक विभेद, दाईजो प्रथा, बाल विवाह, बहु विवाह, जातीय विभेद, रुढिबादी परम्परा आदि जस्ता विकृति विरुद्ध) प्राप्ती गर्ने उद्देश्यले २०५२ सालमा यस "मानव अधिकार जागरण केन्द्र" (हरेक), बाराको स्थापना भएको हो । स्थापना कालदेखि हालसम्म यो संस्था सामाजिक न्यायकोलागि जिल्लामा कार्यरत छ ।

संस्थाको उद्देश्यः

* मानव अधिकारको विश्वव्यापी मान्यता स्वीकार गरी नेपाली उत्पीडित तथा असचेत जनसमुदाय माझमा मानव अधिकार बारे प्रचार प्रसार गर्ने तथा संरक्षणका लागि राष्ट्रिय, अर्न्तराष्ट्रिय क्षेत्रमा सहभागी हुँदै नेपाली उत्पीडित जनसमुदायको मौलिक अधिकार प्राप्ती र संरक्षण विस्तारमा जोड दिने ।
* उत्पीडित तथा असचेत जनसमुदाय बीच मानव अधिकार शिक्षा संचालन गर्ने ।
* मानव अधिकार उल्लंघनको घटनालाई रोकथाम गर्न अभियान संचालन गर्ने ।
* मानव अधिकारको रक्षा र विकासमा जन सहभागिता

जुटाउन प्रयत्नशिल एवं कियाशिल रहने ।

* असहाय तथा उत्पीडित जनसमुदायको आर्थिक श्रोत बढाउन विभिन्न किसिमका कार्यकम संचालन गर्ने ।
* उत्पीडित जनसमुदायहरुलाई साक्षर वनाउन विभिन्न किसिमका कार्यक्रम संचालन गर्ने जस्तै :- बालश्रीमकहरुलाई विद्यालय पठाउनका लागि वातावरण सिर्जना गर्ने । प्रौढ कक्षा संचालन गर्ने
* सामाजिक न्यायको लागि (बाल विवाह, बहुविव्राह, कमैया प्रथा, लैंगीक विभेद, जातीय विभेद, अशिक्षा, रुढिवादी परम्परा) अन्याय, अत्याचार, भ्रष्टाचार आदि विकृति र विसंगतिको विरुद्ध जनचेतना अभिवृद्धि गर्ने।
* देश भित्र तथा वाहिर मानव अधिकार वहालीको लागी कार्यरत संघ, संस्था र व्यक्तिहरु संग भातृत्वपूर्ण सम्बन्ध स्थापना गर्ने ।
* स्वस्थ र संतुलित वातावरण एवं प्राकृतिक स्वास्थ्य रक्षाको मानवीय अधिकारवारे अनुसन्धान गरी जनचेतना जगाउने । तिनमा विनाशकारी कार्यको विरोध गर्ने तथा विनाशकारी संस्था वा व्यक्ति उपर त्यस्तो कार्य नगर्न दवाब दिने ।
* उल्लेखित उद्देश्यसंग सम्बन्धित वा सो को प्राप्तीकोलागी गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

संस्थाको कार्य समिति तथा साधारण सदस्य :

(क) कुल साधारण सदस्य संख्या : ११२ जनामा महिला-४० र पुरुष-७२ रहेका छन् ।

(ख) कार्य समिति संख्या : संस्थाको कार्यसमिति जम्मा ११ जनाको छ । जसमा महिला-३ र पुरुष-८ जना रहेका छन्।

आबद्धता:

२०५२ साल आषाढ २७ गतेदेखि यो संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग आबद्ध रहँदै आएको छ ।

संस्थाले हाल सम्म गरेका कामहरुको बिवरण

क.सं.	कार्यक्रम बिवरण	बित्तिय संस्था	लाभान्वित संख्या	सम्पन्न वर्ष	कार्यक्रमको क्षेत्र
१.	मानव अधिकार शिक्षा	इन्सेक	७२०	२०५२-०५६	१८ गाविसमा
२.	प्रौढ साक्षरता	प्याक्ट	३००	२०५४	२ गाविसका (१० वडाहरुमा)
३.	विद्यालय कार्यक्रम	इन्सेक	७००	२०५३-०५६	५ विद्यालय
४.	अध्ययन अनुसन्धान	हुरेक	८०	२०५३-	२ गाविस
५.	दोहोरो सम्वाद कार्यक्रम (UDHR)	इन्सेक	१२०	२०५४	४ गाविस
६.	तालिम	इन्सेक	२२५	२०५२-०५६	विभिन्न गाविस र न.पा.गरी २०स्थानमा
७	एड्भोकेसी	इन्सेक	११००	२०५२-०५६	२५ गाविसमा
८.	दिवस समारोह	इन्सेक	७७५	२०५२-०५६	न.पा. र गाविसहरुमा
९.	आमा चेतना समुह	इन्सेक	१२०	२०५४-	४ गाविसमा
१०.	कृषि कार्यक्रम	इन्सेक	२६६	२०५६-	५ गाविसमा
११.	चुनाव सर्वेक्षण	इन्सेक	–	२०५४-०५६	जिल्ला भरी
१२.	पेशागत समुहमा मानव अधिकार शिक्षा	इन्सेक	३५	-०५६	न.पा.
१३.	मानव अधिकार रक्षा	इन्सेक	३५	-०५६	न.पा.
१४.	अभियान संचालन	इन्सेक	२५३	-०५६	५ गाविस
			४७२९	२०५२-०५६	

लाभान्वित महिला र पुरुषको संख्या :

कार्यक्रमको रेकर्ड विवरण अनुसार आ. व. २०५२ साल देखि २०५६ साल सम्म लाभान्वित संख्या महिला २५४० र पुरुष २१८७ गरि जम्मा ४७९२ रहेका छन् ।

संस्थाले गरेका कार्यक्रमबाट परेको प्रभाव :

- मानव अधिकार सम्बन्धी काम गर्ने संस्थाको रुपमा परिचित भएको छ ।
- यस कार्यक्रमले ग्रामीण स्तरका जनतालाई आफ्नो हक अधिकार सम्बन्धी पहिचान गराउने काम गरेको छ ।
- लैंगिक विभेद तथा जातीय छुवाछुतमा कमि ल्याएको छ ।
- यसले रुढिवादी परम्परा, बाल विवाह र घरेलु हिंसाबाट हुने घटनामा कमि ल्याएको छ ।
- मानव अधिकार शिक्षाले ग्रामीण अशिक्षित महिलालाई सचेत बनाउदै मानव अधिकार आन्दोलनमा संगठित भएर आवाज उठाउन सक्ने बनाएको छ ।
- यस कार्यक्रमले कृषि मजदुर ज्याला निर्धारण गरेका गाविसहरु वरपरको गाविसमा कृषि मजदुर सम्बन्धि आवाज उठाउन प्रभाव पारेका छ ।
- विद्यायाल कार्यक्रमले विद्यार्थीहरुमा मानव अधिकार सम्वन्धि चेतनाको विकाश गराउँदै बौद्धिक स्तरका थप क्रियाकलाप तिर लाग्ने हौसला प्रदान गरेको छ। साथै वाल सर्वेक्षणले गर्दा अभिभावक वर्गमा चेतना जगाई आ-आफ्नो छोरा छोरीलाई समान व्यवहार गरी स्कूल पठाउने नयाँ परिपाटीको थालनी भएको छ ।
- यो कार्यक्रमहरुले अन्य संघ, संस्थानहरु सँग सुमधुर सम्बन्ध कायम भएको छ ।

२.८ संस्थाको आगामी कार्यक्रमहरु :

- विभिन्न सरकारी, गैर सरकारी तथा स्थानीय निकायसंग समन्वय गरी यस संस्थाको विधानमा उल्लेखित उद्देश्य अनुरुप कार्यक्रमको निरन्तरता दिइने छ ।
- उत्पीडित जनसमुदायको समस्यालाई समाधान गर्न समन्वयात्मक रुपमा आवश्यक पहल गर्ने ।
- पिछडिएको जनसमुदायलाई समतामूलक समाज बनाउन सीप, दक्षता र अन्य विकाशका लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।
- मानव अधिकार प्राप्तिको अभियानमा असंगठित जन-समुदायलाई संगठित गर्दै चेतना अभिवृद्धि गर्ने तथा मानव अधिकार सम्बन्धि दिशाबोध गराउने।
- संस्थाले आफ्नो कार्यक्षेत्रलाई राजनीतिबाट परै राखि विशुद्ध उत्पीडित जन-समुदायको मानव अधिकार सम्बन्धी जागरुक गराउन पहल गर्ने ।
- ग्रामीण स्तरका जन-समुदायहरुको समाजिक, आर्थिक, साँस्कृतिक अधिकार प्राप्तिका लागि संगठित गर्दै आन्दोलन गर्ने ।

संस्थाको सम्पर्क व्यक्ति :
केवल प्रसाद चौधरी
हरिहर प्रसाद चौधरी
०५३-५०२८५ कलैया (अफिस)

जनता अधिकारघाट कसरी घलिया हुन्छन् भन्ने धारणा राखेर हामी सबैले काम गर्नु पर्दछ । तर अहिले सत्तामा नपुग्दा मानवअधिकारका कुरा गर्ने, सत्तामा पुगेपछि मानवअधिकार सुन्न नचाहने प्रवृत्तिले सबै पार्टीहरु ग्रसित छन् । मानवअधिकार सत्तामा जाने नारा र भ्याउ हुनुहुन्न । यसतर्फ सबैले सोचेर लाग्नु पर्दछ ।

- गणेशमान सिंह

पर्सा



परिचय

महेन्द्र राजमार्गले नछोएको तराईको एक मात्र जिल्ला पर्सा, नेपाल भारतको प्रमुख द्वारको रुपमा रहेको छ। दक्षिणतर्फको पुरै भू-भाग भारतसंग जोडिएको, उत्तरतर्फ मकवानपुर, पूर्वतर्फ बारा र पश्चिममा चितवन संग जोडिएको यो जिल्ला जम्मा १३५३ वर्ग कि.मि. मा फैलिएर रहेको आफ्नै छुट्टै मौलिक विशेषता अंगालेको जिल्ला हो । राजनैतिक हिसाबले चार निर्वाचन क्षेत्र, १५ इलाका, ८२ गाविस एक उपमहानगरपालिका रहेको यस जिल्लामा थारु, यादव, मुसलमान, बाहुन, क्षेत्री, नेवार, कुर्मि, चमार, मुसहर लगायत विभिन्न जातका लगभग ३७२५२४ व्यक्तिहरु स्थायी बसोबास गरिरहेका छन्। यहाँका बासिन्दाहरु मुख्य गरी हिन्दु, बौद्ध र इस्लाम धर्म मान्ने गर्दछन्। पेशाको हिसाबमा खेति नै रहेको छ। जिल्लामा साक्षरता ३३.४ प्रतिशत छ जसमा १८.१ प्रतिशत महिलाहरु छन्। यस जिल्लामा विद्यालय २६४ वटा, क्याम्पस २, अस्पताल एक, स्वास्थ्य चौकी ४२ वटा, प्रहरी कार्यालय ५२ र हुलाक ६५ वटा रहेका छन्।

हाम्रो समाज जागरण संस्था: एक परिचय

संस्था परिचय

यस जिल्लामा मानव अधिकारप्रति जनतालाई सचेत बनाउँन यो संस्था २०५१ चैत्र २६ गते स्थापना भएको हो । संस्थाले नेपाली समाजको विभिन्न क्षेत्रमा रहेका विकासका बाधक तत्वहरुको समुल नष्ट गर्ने मूल लक्ष्य राखेको छ । विभिन्न वर्गका नेपाली जनताको चेतना स्तर उठाउदै महिला, पुरुष र उत्पीडित जनसमुदायलाई संगठित गर्दै तिनीहरुको जीवनस्तरमा सुधार ल्याउदै आत्म

हाम्रो समाज जागरण संस्थाको आयोजनामा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा आयोजित र्‍याली

हाम्रो समाज जागरण संस्थाको आयोजनामा आयोजित मानवअधिकार कार्यकर्ता तालिम

निर्भर बनाउने र देश तथा समाजको विकास कार्यमा ती जनशक्तिको सिधा परिचालन गर्नु नै यो संस्थाको मुल उद्देश्य रहेको छ । २०५३ सालमा इन्सेकसंग आबद्ध रहेर हाम्रो समाज जागरण संस्थाले बितेको ४ वर्ष भित्र बाल अधिकार, पेशागत समुदायमा मानव अधिकार शिक्षँ, सचेतन कार्यक्रम, तालिम (मानव अधिकार कार्यकर्ता, जनप्रतिनिधि, महिला नेतृत्व विकास) मानव अधिकार शिक्षा तथा सचेतन कार्यक्रम UDHR कार्यक्रम, मानव अधिकार अभियान, कृषि मजदुरको न्यूनतम ज्याला निर्धारण तथा अनुगमन कार्यक्रम संचालन भैसकेको छ । बाल अधिकार चेतना समुह मार्फत ४६४८ जना बालबालिकालाई बाल अधिकार सम्बन्धि आधारभुत ज्ञान, मानव अधिकार शिक्षँ तथा सचेतन कार्यक्रम मार्फत ५६४ जनालाई साक्षर बनाईएको छ ।

त्यस्तै दिवस, तालिम, मानव अधिकार अभियान, पेशागत समुदायमा मानव अधिकार शिक्षा, कृषि मजदुर न्यूनतम ज्याला निर्धारण, मानव अधिकार कार्यकर्ता तालिम, जनप्रतिनिधि र महिला नेतृत्व विकास तालिमबाट करिव १४६६६ जनालाई मानव अधिकारको बारेमा चासो राख्न र सचेत हुन सक्षम बनाएको छ । अन्याय अत्याचारको विरुद्धमा आवाज उठाउन, मानव अधिकार उल्लंघनका घटनाहरुप्रति विरोध गर्न र दोषीलाई कानून बमोजिम कारबाहीको माग गर्न, पारिवारिक हिंसा, बहुविवाह, बालविबाह, छुवाछुतका घटनाहरु, छोराछोरीलाई शिक्षा दिक्षा दिन, महिला पुरुषलाई समान कामको समान ज्याला दिलाउनको लागि संस्थाले संचालन गरेका विविध कार्यक्रमहरुले मद्दत पुऱ्याएको छ ।

आ.व. ०५७/५८ को लागि मानव अधिकार शिक्षा सचेतन कार्यक्रम ३ वटा गाविसमा, सरकारी

विद्यालय कार्यक्रम सरस्वती मा.वि. गौतमनगर ठोरी, विजयबस्ति मावि निर्मलबस्ति, उचा ल मावि पोखरीया र विरगञ्ज स्थित वडा नं १२ र १७ मा श्री रेल्वे मावि र सिद्धार्थ मावियमा संचालन भईरहेको छ । त्यस्तै कृषि मजदुरको कार्यक्रम, मानव अधिकार गोष्ठी, अभियान कार्यक्रम र शैक्षिक अधिकार कार्यक्रम अर्न्तगत निशुल्क शिक्षा र विद्यालय भर्नाको कार्यक्रम समेत संचालन गरिएको छ । हाम्रो समाज जागरण संस्थाको साधारण सभा बर्षमा एक पटक र साधारण सभाको अधिवेशन ४ वर्षमा गरिने प्रावधान रहेको छ । यस संस्थाको साधारण सदस्य संख्या २१ जना र कार्यसमिति संख्या ७ जना रहेको छ । जसमा हाल तल उल्लेखित पदाधिकारीहरु रहनु भएको छ।

अध्यक्ष:	विरेन्द्र न्यौपाने
सचिव:	निर्मला देवकोटा
कोषाध्यक्ष:	राधा शर्मा
सदस्य:	शंकर उपाध्याय
"	रामजी उपाध्याय
"	प्रेम कार्की
"	रिक्त

प्रत्येक शनिबार बिहान ८:३० बजे रेडियो नेपालबाट आउने मानवअधिकार शिक्षा कार्यक्रम सुन्न नभुलौ ।

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

जनार्दन सिंह क्षेत्री
सभापति
तथा
जिल्ला विकास समिति परिवार, पर्सा

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

विमलप्रसाद श्रीवास्तव
प्रमुख
तथा
वीरगञ्ज उपमहानगरपालिका परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

भिखम महतो कोइरी
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

महमद हुसैन
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. २ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

अनवर
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ३ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

प्रदिप सुवेदी
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ४ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

प्रदिप सिंह ठकुरी
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ६ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

नरेन्द्र अग्रवाल
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ७ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

दिनाप्रसाद गुप्ता
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ८ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

रमेशमान मल्ल
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. ११ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

कृष्णप्रसाद सत्याल
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १२ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

प्रकाश बहादुर सिलवाल
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १३ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

प्रघुमन सेढाई
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १४ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

रामदरस प्रसाद
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १५ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

नवराज उपाध्याय
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १६ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

भरतप्रसाद कुर्मी
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १७ परिवार, पर्सा

विजया दशमी तथा दिपावली २०५७
को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि
हार्दिक मंगलमय शुभकामना

पुरुषोत्तम झा
वडा अध्यक्ष
तथा
वीरगंज उपमहानगरपालिका वडा नं. १८ परिवार, पर्सा

भाषा धर्म जाती मर्यादाको होरी
समानताको हक यौटै छोरा हुन् या छोरी
काली गोरो उच्च नित्त भेदभाव किन ?
धारा दुई भन्छ जुट अधिकार लिन ।

- मानवअधिकार घोषणापत्र १९४८

चितवन


CHITWAN DISTRICT
Village Development
Committees.(VDCs)
METER
0
7619
15232
NPC GIS FACILITY
भरतपुर
कोरोक
कालिताल
दाहाकानी
गुटपानी
सिहि
लोधर
पिस्तनगर
मेघौली
पाटहानी
पदमपुर
गर्दी
अयोध्यापुरी
पिपले

परिचय

नेपालको भौगोलिक हिसाबले देशको केन्द्र विन्दुमा रहेको चितवन जिल्ला समुन्द्र सतहदेखि सरदर २४४ मिटर उचाइमा पर्दछ । २२१८ वर्ग कि.मि. मा फैलिएको यो जिल्लाको दक्षिणमा भारतको विहार, पूर्वमा लोथर र मकवानपुर, पश्चिममा त्रिशुली नदी र मकवानपुर जिल्ला, उत्तरमा त्रिशुली नदी, गोरखा र धादिङ जिल्लासँग यसको सिमाना जोडिएको छ। यस जिल्लाको कुल क्षेत्रफलको ६३.९प्रतिशत क्षेत्र वनक्षेत्रले ओगटेको छ। जिल्लाको कुल जनसंख्या ४,२७,०९३ र जनघनत्व १७०.१६ प्रति वर्ग किलो मिटर छ । यहाँको कुल घरधुरी संख्या ६५,१४७ रहेकाछन् । जिल्लाको चारै वटा निर्वाचन क्षेत्रमा गरी कुल मतदाता संख्या २,४०,५९७ रहेको छ। यहाँको कुल साक्षरता प्रतिशतमा र ४०.९ प्रतिशत महिला साक्षर छन् । यस जिल्लाको पूर्व-पश्चिम लम्वाई सरदर ९८ किलोमिटर रहेको छ । जिल्लालाई पहाडी क्षेत्रमा ९ वटा र सुगम ठाउँमा २७ वटा गरी जम्मा ३६ वटा गाविस दुई नगरपालिका र १३ इलाकामा विभाजन गरीएको छ ।

नारायणी, राप्ती, रिउ, लोथर, रिम्दी, ढुंग्रें र खगडी यहाँको स्थायी जलस्रोत भएका नदीहरु हुन् । नेपालको पर्यटकीय सूचीमा रहेको र सन् १९७३ मा स्थापित शाही चितवन राष्ट्रिय निकुञ्ज, देवघाट, वाल्मिकी आश्रम, विकम बावा, उपरदा गढि, सोमेश्वर, चित्रसारी, गोद्धक, वागेश्वरी, शिबघाट, इच्छा कामना, कालिकास्थान, विशहजार ताल, गणेशस्थान, कसरा आदि यहाँका प्रमुख पर्यटकीय एवं ऐतिहासिक स्थलहरु हुन् । यहाँ जंगली हात्ती, एकसिंगे गैंडा, अर्ना, सालक, चरिवाघ, ध्वाँसे चितुवा, पाटे बाघ, भालु, खरायो हरिण, चित्तल, घडियाल, गोही आदि ४५ प्रजातिका जंगली जनावर र सरिसृप, मयूर, मूनाल, सारस, साजधनेश, भूँडीफोर, सुगा, पानीहाँस, आदि जस्ता ४५० जातिका चराहरु, १५ जातिका पुतलीहरु र ३८ उपजातिका वनस्पतिहरु पाइन्छन् ।

महिला सघन विकास केन्द्रको आयोजनामा आयोजित जनप्रतिनिधि तालिम

चितवन जिल्लामा विशेष गरी ब्रम्हण, क्षेत्री, गुरुङ, मगर, तामाङ, चेपाङ, दमाई, कामी, थारु, दरोई, माझी कुमाल आदि दलित जात-जातिका मानीसहरु बसोबास गर्दछन् , ती मध्ये यहाँका आदिवासी जनजातिहरु थारु, दराई, चेपाङ र माझी हुन् ।

महिला सघन विकास केन्द्रः एक परिचय

समाजमा रहेका महिलाहरुको अन्तर्निहित श्रृजनात्मक प्रतिभा, सीप र जाँगरलाई विभिन्न माध्यमबाट अभिबृद्धि गरि रचनात्मक काममा सकृय बनाउन महिलाहरुको सहभागीताबाट २०५० सालमा यस संस्था "महिला सघन विकास केन्द्र चितवनको" स्थापना भएको हो। स्थापना कालपश्चात विद्यमान नेपालमा व्याप्त अशिक्षा, आर्थिक विपन्नता र चेतनाको अभावबाट मुक्त गराउनकालागि विभिन्न आय-आर्जनका कामहरु प्रति उत्प्रेरित गराउने, सिप कार्यक्रमहरुको माध्यमबाट आय आर्जन गरी आत्म निर्भर गराउने, विशेष गरी महिलाहरुलाई आफ्नो अधिकार प्रति सचेत र सु-सूचित गराउने, विभिन्न वर्ग, पेशा र समूहमा रहेका नागरिकहरु बीच सामन्जस्यता कायम गरी वातावरण संरक्षण, गरिवी निवारण तथा मानव अधिकार जस्ता विषयमा विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ । संस्थाले हालसम्म पुरै चितवन जिल्ला भरी कार्यक्षेत्र निर्धारण गरी कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

संस्थाको उद्देश्य :

- महिलाहरुलाई जागरुक र चेतनशिल बनाई सामाजिक, राजनैतिक तथा मानवीय हक अधिकारको पूर्ण उपभोग गर्न लगाउन विभिन्न साक्षरता एवं सचेतन कार्यक्रमहरु तथा तालिम-गोष्ठीहरु संचालन गर्ने ।
- महिलाहरुमा निहीत रहेको प्रतिभा, सीप र जाँगरलाई आयमूलक व्यवसायिक क्षेत्रमा लगाई आत्मनिर्भर बनाउने।

मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा चितवनमा संचालित आर्थिक अधिकार तालिमका सहभागीहरु

- हाम्रो समाजमा महिलाहरुलाई रुढिबादी संस्कारबाट मुक्त गराउँदै पर्यावरण तथा वातावरण संरक्षणकोलागि महिलाहरु बीच जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने।
- परम्परागत व्यवसायको विकल्पमा नयाँ नयाँ व्यवसायको खोजी गर्ने र आय श्रोतमा वृद्धि गराउनकालागि उद्यमी महिलाहरुको वृद्धि गर्ने ।
- ग्रामीण क्षेत्रमा रहेका महिलाहरुलाई आर्थिक रुपमा पहुँच दिलाउन, महिलाहरुलाई स्वावलम्बि बनाउन र बैंकि सुविधा पुर्‍याउनका लागि वित्तिय मध्यस्तकर्ता भई काम गर्ने ।
- महिलाहरुलाई आर्थिक विकास गराउन र आर्थीक रुपमा आत्म निर्भर वनाउन विभिन्न खाले औद्योगीक र व्यापारीक कार्यहरुमा व्यापक संलग्नता जुटाउने ।
- माथी उल्लेखित उद्देश्यहरुसँग नबाझिने अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थासँग सम्बन्ध विस्तारका साथै ऐक्यवद्धता जाहेर गर्ने ।

२.३ वर्तमान कार्यसमितिका पदाधिकारीहरु :

अध्यक्ष	सुनिता थपलिया (खरेल)
उपाध्यक्ष	विमला न्यौपाने (ज्ञवाली)
सचिव	प्रभा वराल
सहसचिव	रमा अधिकारी
कोषाध्यक्ष	सुभद्रा लामिछाने
सदस्य	सीता पौडेल
सदस्य	विमला नेपाल (न्यौपाने)

२.४ सल्लाहकार सदस्यहरु :

संस्थापक सल्लाहकार	जगन्नाथ थपलिया
सल्लाहकार	मुकुन्दराज दहाल
सल्लाहकार	भरत भण्डारी
सल्लाहकार	लालमणी चौधरी

२.५ साधारण सदस्यहरु :

संस्थामा हाल सम्म २७ जनाले साधारण सदस्यता लिइसकेका छन् ।

२.६ आवद्धता :

२०५२ श्रावण देखि अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक सँग आवद्ध रहँदै आएको ।

२.७ संस्थाले हालसम्म संचालन गरेका कार्यक्रमहरु :

हाम्रो देश हरेक क्षेत्रबाट पिछडिएको छ । यहाँका अधिकांश वासिन्दाहरु पिछडिएका छन् । हाम्रो जस्तो धर्म र संस्कृतिमा महिलाहरुको स्थिति झनै दुःख लाग्दो छ । शिक्षा देखी लिएर हरेक क्षेत्रमा उनीहरु पिछडिएका छन् । यस्ता महिलाहरुको चेतनास्तर उकास्दै अधिकार प्रति सचेत गराउन र उनीहरुको अर्न्तनिहीत सीपलाई श्रृजनात्मक ढंगले उत्पादनमूलक बनाउन स्थापना कालदेखि नै महिला सघन विकाश केन्द्रले आफ्नो पहलमा र सहयोगी संस्थाहरुको सहयोगमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । संस्थाले गरेका कामको विबरणहरु तल प्रस्तुत गरिएको छ ।

(क) सामुदायिक वन कार्यक्रम :

पर्यावरणीय वातावरण संरक्षण गर्न र सामुदायिक वनमा सम्पूर्ण जनसमुदायहरुको पहुँच दिलाउनका लागि तराइ सामुदायिक वन कार्य समुहको सहयोगमा बिरेन्द्रनगर र भण्डारामा कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रम अर्न्तगत उपभोक्ताहरुको परिचय पत्र वितरण, वार्षिक साधारण सभा, घरधुरी भेटघाट, वन ऐन संशोधनका बिरुद्धमा हस्ताक्षर संकलन, पालेपहराको निरन्तरता, विधान तथा कार्ययोजना, जिल्ला वन कार्यालयबाट पारित सामुदायिक वन सम्बन्धी बक्तृत्वकला प्रगियोगिता सम्पन्न गर्दै आएको छ । यो कार्यक्रममा १५०० उपभोक्ताहरु संलग्न भंई सामुदायिक वनको अवधारणा आवश्कता र महत्वबारे प्रष्ट हुने र सचेत हुने अवसरको श्रृजना गरिएको छ ।

(ख) सरकारी विद्यालय कार्यक्रम

क्र.सं.	मिति	कार्यक्रमको नाम	संचालित विद्यालय	सहभागी संख्या
१.	०५२/५३-०५६/५७	बाल अधिकार चेतना समूह गठन	खैरहनि मावि , खैरहनि	४६
			नारायणी मावि, भरतपुर	४१
			बालकुमारीकन्या मावि, नारायणगढ	५७
			जनजिवन मावि, चैनपुर	४३
			नवप्रभात मावि ब्रम्हनगर	४५
			जम्मा	२३२
२.	०५२/५३-०५६/५७	आमा चेतना समूह	खैरहनि मावि , खैरहनि	६०
			नारायणी मावि, भरतपुर	५५
			बालकुमारीकन्या मावि, नारायणगढ	५६
			जनजिवन मावि, चैनपुर	६०
			नवप्रभात मावि ब्रम्हनगर	५७
			जम्मा	२८८
३.	०५२/५३-०५६/५७	बाल अधिकार चेतना समूह कक्षा संचालन	खैरहनि मावि , खैरहनि	१४४
			नारायणी मावि, भरतपुर	१४४
			बालकुमारीकन्या मावि, नारायणगढ	१४३
			जनजिवन मावि, चैनपुर	१४३
			नवप्रभात मावि ब्रम्हनगर	१४३
			जम्मा	७१७
४.	०५२/५३-०५६/५७	बाल अधिकार चेतना समूह बैठक संचालन	खैरहनि मावि , खैरहनि	१०१
			नारायणी मावि, भरतपुर	१०३
			बालकुमारीकन्या मावि, नारायणगढ	१०४
			जनजिवन मावि, चैनपुर	१०२
			नवप्रभात मावि ब्रम्हनगर	१०३
			जम्मा	५१३
५.	०५२/५३-०५६/५७	चित्रकला प्रतियोगिता	खैरहनि मावि, खैरहनि	५६
		निबन्ध प्रतियोगिता		५९
		बक्तृत्वकला प्रतियोगिता		६९
		हाजिरीजवाफ प्रतियोगिता		६०
		कविता प्रतियोगिता		२८
		म्युजिकल चियर प्रतियोगिता		२१
			जम्मा	२९३

६.	०५२/५३-०५६/५७	चित्रकला प्रतियोगिता	नारायणी मावि, भरतपुर	६५
		निबन्ध प्रतियोगिता		६१
		बक्तृत्वकला प्रतियोगिता		५१
		हाजिरीजवाफ प्रतियोगिता		८२
		कविता प्रतियोगिता		३४
		म्युजिकल चियर प्रतियोगिता		२३
		हिज्जे प्रतियोगिता		१२
			जम्मा	३२८
७.	०५२/५३-०५६/५७	चित्रकला प्रतियोगिता	बालकुमारी कन्या मावि, नारायणगढ	८१
		निबन्ध प्रतियोगिता		६५
		बक्तृत्वकला प्रतियोगिता		८०
		हाजिरीजवाफ प्रतियोगिता		६१
		कविता प्रतियोगिता		५५
		म्युजिकल चियर प्रतियोगिता		२४
		हिज्जे प्रतियोगिता		१५
		रिले रेस प्रतियोगिता		२४
			जम्मा	४०५
८.	०५२/५३-०५६/५७	चित्रकला प्रतियोगिता	नवप्रभात मावि ब्रम्हनगर	३५
		निबन्ध प्रतियोगिता		३१
		बक्तृत्वकला प्रतियोगिता		४३
		हाजिरीजवाफ प्रतियोगिता		४८
		कविता प्रतियोगिता		१४
		म्युजिकल चियर प्रतियोगिता		२३
			जम्मा	१९४
९.	०५२/५३-०५६/५७	चित्रकला प्रतियोगिता	जनजिवन मावि, चैनपुर	५८
		निबन्ध प्रतियोगिता		५७
		बक्तृत्वकला प्रतियोगिता		५८
		हाजिरीजवाफ प्रतियोगिता		६०
		कविता प्रतियोगिता		२८
		म्युजिकल चियर प्रतियोगिता		२२ जना
			जम्मा	२८४ जना
१०.	०५२/५३-०५६/५७	जिल्लास्तरीय चित्रकला प्रतियोगिता	भरतपुर	१३ जना

(ग) दिवस समारोह :

क.सं.	मिती	कार्यक्रमको नाम	कार्यक्रम संचालन क्षेत्र	सहभागी संख्या
१.	०५२-०५७	प्रकाश स्मृति दिवस	खैरहनि, भरतपुर, कुमरोज	२१०
२.	"	विश्व मा.अ. दिवस	भरतपुर, रत्ननगर	२५५
३.	"	विश्व बालअधिकार दिवस	भरतपुर	२११
४.	"	नारी दिवस	नारायणगढ, भरतपुर	
५.	"	आदिवासी दिवस	कुमरोज शक्तिखोर	८६
६.	"	जन आन्दोलन दिवस	भरतपुर	११३
७.	"	प्रजातन्त्र दिवस	भरतपुर, रत्ननगर	२८०
८.	"	संविधान दिवस	भरतपुर, रत्ननगर	२२०
९.	"	शहीद दिवस	भरतपुर,विरेन्द्र नगर, बहेरा	२२०
१०.	"	मे दिवस	रत्ननगर, भरतपुर	
	"		जम्मा	१५९५

(घ) मानव अधिकार साक्षरता तथा सचेतन कक्षा

क.सं.	कक्षा संचालन भएको स्थान	कक्षा संख्या	मिति	सहभागि संख्या
१.	कुमरोज, खैरहनी	४	२०५२/०५३	१२०
२.	चैनपुर, मंगलपुर, कुमरोज, जयमंगला	४	२०५३/०५४	१२०
३.	रत्ननगर, खैरहनी, विरेन्द्रनगर	४	२०५४/०५५	१२५
४.	मंगलपुर, गितानगर, खैरहनी, विरेन्द्रनगर	४	२०५५/०५६	१२१
५.	पिठुवा, जुटपानी, दारेचोक	३	२०५६/०५७	९०
			जम्मा	५७६

(ङ) सचेतन सभा

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	मिति	सहभागी संख्या
१.	सचेतन सभा	कुमरोज, कठार, विरेन्द्रनगर, भण्डारा, खैरहनी, चैनपुर	२०५२/०५३	५०४
२.	सचेतन सभा	पदमपुर, बछ्यौली	२०५३/०५४	८६५
३.	सचेतन सभा	खैरहनी, चैनपुर, कठार, विरेन्द्रनगर, कुमरोज, लोथर, कोराक, पदमपुर, बछ्यौली, मंगलपुर, पार्वतीपुर, पटिहानी, सुकुनगर	२०५४/०५५	१२९६
४.	सचेतन सभा	पिठुवा, पदमपुर, पिप्ले, बछ्यौली, जुटपानी, लोथर, कोराक, भरतपुर, रत्ननगर	२०५५/०५६	६४३
५.	सचेतन सभा	भण्डारा, शक्तिखोर, सिद्धि, कल्याणपुर, भरतपुर, मेघौली, रत्ननगर, कविलास, भरतपुर	२०५६/०५७	४२३

(च) पेशागत समुदायमा मानव अधिकार शिक्षा

क्र.सं.	संचालन स्थान	कक्षा संख्या	मिति	सहभागी संख्या
१.	भरतपुर (सप्तगण्डकी बहुमुखि क्याम्पस)	प्रत्येक हप्ताको शुक्रबार ११ वजेदेखि ३ बजेसम्म	२०५५।५।१ देखि २०५५।१०।१	२८

(छ) तालिम

क.सं.	मिति	कार्यक्रमको नाम	कार्यक्रम संचालन स्थान	सहभागी संख्या
१.	२०५२/०५३	जनप्रतिनिधि तालिम	विरेन्द्रनगर	३५
	२०५३/०५४	"	पर्सा, खैरहनी	३९
	२०५४/०५५	"	भरतपुर	३२
	२०५५/०५६	"	रत्ननगर, टाँडी	४७
	२०५६/५७	"	खैरहनी, पर्सा	५२
			जम्मा	२०५

२.	२०५२/०५३	मानव अधिकार कार्यकर्ता तालिम	भरतपुर	५१
	२०५३/०५४	,,	खैरहनी, पर्सा	३१
	२०५४/०५५	,,	भरतपुर	६०
	२०५५/०५६	,,	भरतपुर	३४
	२०५६/०५७	,,	भरतपुर	२७
			जम्मा	२०३
३.	२०५४/०५५	नेतृत्व विकास तालिम	भरतपुर	४५
	२०५५/०५६	नेतृत्व विकास तालिम	खैरहनी	४७
			जम्मा	९२
४.	२०५२/०५३	संगठन विकास तथा व्यवस्थापन तालिम	खैरहनी	२३
	२०५३/०५४	,,	खैरहनी	२६
	२०५४/०५५	,,	भरतपुर	२१
			जम्मा	७०
५.		महिला जन प्रतिनिधि सचेतन तालिम	विरेन्द्रनगर	२२

(ज) कृषि मजदुर समिती गठन

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	मिति	सहभागी संख्या
	कृषिमजदुरको ज्याला निर्धारण र कार्यान्वयन			
१.	समिती गठन	शिवनगर	२०५६-०५७	११
		चैनपुर	,,	१५
		पिप्ले	,,	१०
		खैरहनी	,,	१३
२.	जिल्ला समिती निर्माण	भरतपुर	,,	५३
३.	क्षेत्रीय समिती गठन, क्षेत्र नं-२	पिठुवा	,,	३२
४.	क्षेत्रीय समिती गठन, क्षेत्र नं-१	भण्डारा	२०५६-०५७	२२
५.	ईलाका समिती गठन	शिवनगर	,,	१०
६.	,,	चैनपुर	,,	१७
७.	,,	पिठुवा	,,	-
			जम्मा	१८३

(झ) फलोअप कार्यक्रम :

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	मिति	सहभागि संख्या
१.	फलोअफ	कुमरोज	२०५६-०५७	२९
		रनपा (टिकौली र भानुचोक)	,,	३६
		विरेन्द्रनगर	,,	२४
		खैरहनी	,,	२३
		गीतानगर	,,	२२
		जयमंगला	,,	२२
		मंगलपुर	,,	२२
			जम्मा	१७८

(ञ) अभियान कार्यक्रम

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	मिती	सहभागी संख्या
१.	अभियान (कालो विधेयक)	नारायणगढ-सभा	२०५६/०५७	१११
	,,	भरतपुर-भेला	,,	९७
२.	र्‍याली, धर्ना (चेलीवेटी वेचविखन)	जिल्ला अदालत, भरतपुर	,,	४००
३.	ज्ञापन पत्र	प्र.जि.अ. कार्यालय, भरतपुर	,,	७२
४.	र्‍याली, धर्ना (महंगी विरुद्ध)	भरतपुर	,,	१२०
५.	धर्ना, घेराउ (चेलीवेटी वेचविखन)	जिल्ला प्रहरी कार्यालय, भरतपुर	,,	२००
६.	ज्ञापनपत्र तथा र्‍याली (शिक्षाको अधिकार)	जि.शि.का., भरतपुर	,,	१०२
७.	पर्यवेक्षण (नेपाल बन्दको अवसरमा)	जिल्लाका प्रमुख स्थानहरुमा	२०५६/०५७	
			जम्मा	११०२

(ट) मानव अधिकार रक्षा कार्यक्रम :

क.सं.	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	मिति	सहभागी संख्या
१.	मानवअधिकार रक्षा (प्रेश विज्ञप्ती)	भरतपुर	२०५६-०५७	२६
२.	मानवअधिकार रक्षा (वहु-विवाहको विरोधमा)	भण्डारा	,,	५८
३.	मानवअधिकार रक्षा (वहु-विवाहको विरोधमा)	डेढुवा	,,	१००
			जम्मा	१८४

ठ) महिला जनप्रतिनिधि सचेतन कार्यक्रम :

क.सं.	मिति	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	सहभागी संख्या
१.	०५४-०५५	महिला जनप्रतिनिधि सचेतन समिती	विरेन्द्रनगर	१३ जना
२.	"	सचेतन कार्यक्रम	विरेन्द्रनगर-१	३०
३.	"	"	विरेन्द्रनगर -२	३०
४.	"	"	विरेन्द्रनगर -३	३०
५.	"	"	विरेन्द्रनगर- ४	३०
६.	"	"	विरेन्द्रनगर - ५	३०
७.	"	"	विरेन्द्रनगर- ६	३०
८.	"	"	विरेन्द्रनगर- ७	३०
९.	"	"	विरेन्द्रनगर- ८	३०
१०.	"	"	विरेन्द्रनगर- ९	३०
			जम्मा	२८३

(ड)शिक्षक गोष्ठी

क.सं.	मिति	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	सहभागी संख्या
१.	२०५३/०५४	सरकारी विद्यालय शिक्षक गोष्ठी	भरतपुर	२२
२.	२०५४/०५५	"	भरतपुर	२६
३.	२०५५/०५६	"	भरतपुर	१४
४.	२०५६/०५७	"	भरतपुर	२९
			जम्मा	९१

(ढ) रेडीयो श्रोता क्लव

क.सं.	मिति	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	सहभागी संख्या
१.	२०५४/०५५	मानव अधिकार रेडीयो श्रोता क्लव	चैनपुर-७, लदरी	१३
२.	२०५५/०५६	"	"	११
३.	२०५५/०५६	"	शक्ति खोर	९
४.	२०५५/०५६	"	कुमरोज	९
५.	२०५५/०५६	"	मेघौली	११
			जम्मा	५३

कार्यक्रमबाट प्राप्त उपलब्धी :

- विभिन्न कार्यक्रमबाट मानव अधिकारको बारेमा जान्ने र बुझ्ने भएका छन् ।
- मानव अधिकार शिक्षाले जनतामा राम्रो असर र सामाजिक भावनाको विकास गराएको छ ।
- ग्रामीण क्षेत्रका जनसमुदायहरुमा सानातिना झै-झगडालाई मिलाउन सक्ने क्षमताको विकास भएको छ ।
- विकृति र विसंगतिका विरुद्ध आवाज उठाउँन सक्ने भएका छन् ।

(ण) अन्य कार्यक्रमहरु :

क.सं.	मिति	कार्यक्रमको नाम	कार्यक्रम भएको स्थान	सहभागी संख्या
१.	०५५-०५६	विश्वयात्रीलाई स्वागत	नारायणगढ	१९४
२.	"	भित्तेलेखन र जस्तापातामा १७ वटा कोटेशन लेखन	खैरहनी मा.वि.	१६
३.	०५६-०५७	मानव अधिकार समिती गठन	भरतपुर	९
४.	०५६-०५७	जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम	भरतपुर	३००
५.	०५६-०५७	भिटामिन 'A' को सचेतन कार्यक्रम	चितवन	४
६.	०५५-०५६	पोलीयो थोपा खुवाउने कार्यक्रम	पर्साका सवै केन्द्रमा	४०००
७.	०५६-०५७	पोलीयो थोपा खुवाउने कार्यक्रम	पर्साका सवै विद्यालयहरुमा	४५०
			जम्मा	४९७३

- सामाजिक परिवर्तन र न्यायकालागि लड्न र प्रतिरोध गर्न सक्ने भएका छन् ।
- आफ्नो अधिकार र कर्तव्यको बारेमा व्याख्या गर्न, आवाज उठाउँन सक्ने भएका छन् ।
- अन्यायको विरुद्धमा आवाज उठाई सम्बन्धित निकायको ध्यानाकर्षण गराउँन सक्ने भएका छन्
- आय-आर्जन गर्दै आफ्नो खुट्टामा उभिएर बाँच्न सक्ने क्षमताको विकास भएको छ ।
- कानूनको बारेमा सामान्य रुपमा जान्ने र संगठित भएर केही गर्न सकिने छ भन्ने विश्वास बढेको छ।
- "महिला सघन विकास केन्द्र" एउटा मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा जिल्लाभरि नै चिनिन सफल भएको छ ।

महिला लघुऋण परियोजना:

"महिला सघन विकास केन्द्र" चितवनको उद्देश्य अनुरुप महिलाहरुलाई आर्थिक कारोवारमा संलग्न गराई विभिन्न व्यवसाय संचालन गर्नकालागि उत्प्रेरित गराउने र आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउनकालागि २०५२ साल देखि नै चैनपुर गाविसका वडाहरु ३, ४, ५, ६, ७, र ८ मा महिला लघु ऋण परियोजना संचालन गरि रहेको छ । जस अर्न्तगत महिलाहरु वीचमा भेला, बैठक, तालिम, सामुहिक बचत तथा बचत परिचालन,

ऋण लगानी, व्यबसाय संचालन र व्यबसाय संचालनकालागि विभिन्न परामर्श सेवाहरुकको संचालन गर्दै आईरहेको छ । यसको विवरण निम्न तथ्यांकमा प्रस्तुत गरिएको छ ।

- समूह गठन संख्या - ६० वटा
- समूह सदस्य संख्या - ५०० जना
- समूह बचत (५०० जना)- रु.४५०,०००=-
- ऋण प्राप्त गरि व्यबसाय संचालन गर्ने व्यक्तिहरु - २७० जना-

  (तरकारी खेती, माछा पालन, फलफुल खेती, बाख्रा पालन, गाई-भैसी पालन, मौरी पालन, कुखुरा पालन र पसलहरु)
- ऋण लगानी गरिएको रकम - रु ४०,००,०००।-

कार्यक्रमको प्रभावः

- छरिएर रहेका महिलाहरु एकत्रित भई संगठित भएका छन् ।
- हामी र हाम्रो भन्ने भावना (सामुहिक भावना) को विकास भएको छ ।
- निर्णय क्षमताको विकास भएको छ ।
- समुदायको विकासलाई आफ्नो विकास हो भनि त्यस प्रति उत्प्रेरित भएका छन् ।
- समाजमा महिलाहरुले पनि केही गर्नसक्ने रहेछन् भन्ने दृष्टिकोणको विकास भएको छ ।
- पारिवारीक रुपमा आर्थिक सुधार भएको छ ।
- महिलाहरु प्रति समाजले सम्मान गर्ने वातावरणको सृजना भएको छ ।

महिला सघन विकास केन्द्रको कार्यक्रम

(क) परिकल्पना (Vision)

महिला, बालबालिका तथा पिछडिएको समुदायको सशक्तिकरण (आर्थिक स्थितिमा सुधार, मानव अधिकार र जन चेतना अभिबृद्धि) गर्दै सकारात्मक सामाजिक परिवर्तन ल्याउन प्रमुख संस्थाको रुपमा स्थापित हुने

(ख) ध्येय (Mission)

- जन चेतना अभिबृद्धि गर्ने ।
- लघु वित्तीय कारोवार गर्ने ।

(ग) लक्ष्य (Goal)

- स्थानीय श्रोत र साधनको परिचालन गर्ने ।
- दातृ संस्थासंग समन्वय गर्ने ।
- तालिम गोष्ठी संचालन गर्ने ।
- मानव अधिकार शिक्षा साक्षरता र सचेतन कार्यक्रम संचालन गर्ने ।
- बचत तथा ऋण कारोवार संचालन गर्ने ।

(घ) उद्देश्यहरुः (Objectives)

- बचत कार्यक्रम संचालन गर्ने ।
- बालबालिकाको हेरचाह र बचाउकालागि जनचेतनना जगाउने ।
- साक्षरता कक्षा संचालन गर्ने ।
- बालबालिकाहरुलाई आफ्नो अधिकार र कर्तब्यका बारेमा सचेत गराउने ।
- लैंगिक विभेद, मानव अधिकार अभियान सम्बन्धि तालिम तथा गोष्ठीहरु संचालन गर्ने ।
- मानव अधिकार प्रति जन-चेतना जगाउने ।
- समूह गठन र निक्षेप संकलन गर्ने ।
- ऋण प्रवाह गर्ने ।
- स्थानीय स्तरमा सीप विकास गर्ने ।
- आय मुलक व्यवसायमा संलग्न गराई आर्थिक स्थितिमा सुधार ल्याउमैं ।

(ङ) मुल्य र मान्यता (Values)

- एक आपसमा छलफल गरेर मात्र निर्णय लिन्छौं ।
- संस्थाका सम्पूर्ण क्रियाकलाप पारदर्शि बनाउछौं ।

(च) कार्यनीति (Strategy)

- महिला, बालबालिका तथा पिछडिएको जन समुदायको सशक्तिकरणमा जोड दिने ।
- लघु बित्तिय कारोबार संचालन गर्दै आर्थिक स्थितिमा सुधार ल्याउने ।
- कार्यक्रमको खर्च, प्रभावकारीताको लेखाजोखा गर्ने ।

(छ) संस्थाले संचालन गर्ने कार्यक्रमहरु :

- साक्षरता कार्यक्रम संचालन गर्ने ।
- मानव अधिकार सचेतन कक्षा संचालन गर्ने ।
- मानव अधिकार सम्बन्धी तालिम, गोष्ठीहरु संचालन गर्ने ।
- अभिभावक सचेतन कक्षाहरु संचालन गर्ने ।

- सचेतन अभियान संचालन गर्ने ।
- मानव अधिकार रक्षा कार्यक्रम संचालन गर्ने ।
- बाल अधिकार साक्षरता तथा सचेतन कक्षा संचालन गर्ने ।
- बालबालिकाको वीचमा अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने ।
- खोप कार्यक्रमहरु प्रति सचेत गराउने ।
- कानूनी साक्षरता संचालन गर्ने ।
- महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालन गर्ने।
- लैंगिक समानताका बारेमा सचेतन तथा तालिमहरु संचालन गर्ने ।
- समूह गठन गर्ने ।
- बचत संकलन र परिचालन गर्ने ।
- आधारभुत तालिम संचालन गर्ने ।
- सीपमुलक तालिम संचालन गर्ने ।
- ऋण प्रवाह गर्ने ।
- आय आर्जनकालागि व्यबसाय छनौट गर्न परामर्श सेवा संचालन गर्ने ।
- अनुगमन तथा निरीक्षण गर्ने ।

संस्थाको सम्पर्क व्यक्ति

सुनिता थपलिया
खैरहनि गाविस
वार्ड नं-४, मगनि
फोन नं.: ८२०१२

विजया दशमी तथा दिपावली

२०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

विष्णु घिमिरे
सभापति

जगन्नाथ थपलिया
उपसभापति

तथा
जिल्ला विकास समिति परिवार, चितवन

विजया दशमी तथा दिपावली २०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

गोपालप्रसाद शर्मा
हिमालचुली पाउरोटी उद्योग
खैरहनी-४ पर्सा, चितवन

विजया दशमी तथा दिपावली २०५७

को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति र दिर्घायुको लागि

हार्दिक मंगलमय शुभकामना

श्याम सापकोटा
मनकामना छापाखाना एण्ड अफसेट प्रेस
खैरहनी-४ सिनेमारोड पर्सा, चितवन

हामीले त सारा दृष्टिकोण नै बदल्ने आँट गर्नु पर्ने छ । मित्र खोज्दा पनि सही र सज्जनहरुको खोजी गर्नुपर्दछ । यस्तो दृष्टिकोणको आधारमा काम गर्ने हो भने कमैया प्रथा पनि समाप्त होला । नत्र कानुनले धन्देजमात्र लगाउँदा कमैयाहरुले या त विदेशिनु पर्छ या आत्महत्या गर्नुपर्छ । उनीहरुले अर्को बाटो पाउँदैनन् ।

- तुलसीलाल अमात्य

काभ्रेपलाञ्चोक


KATHMANDU
Gairibisauna
Baluwapati Deupur
Naya Gaun
Mahadevsthan
Chandani Mandan
SINDHUPALCHOCK
Jaisithok
Jyamdi
Anaikot
Devtar
U.Nala
BHAKTAPUR
Sanga
Banepa
Rabiopi
Hokse
Saping
Bekhsimle
Simthali
Chaubas
Sano Balthali
Nagregargarch
Dolalghat
Sathi Ghar
Bhumlutar
Phaleta
Dhulikhl
Panchkhal
Baluwa
Kharelthok
Subba G
Taukhal
Patlekhet
Malpi
Sunthan
S.B.
Khopasi
Senkhu
Phulbari
Kolati vunlu
Dhuseni Siwalaya
Maghipheda
Gothpani
Pokharichauri
Kolita Bhumidada
Chlai Ganesthan
Balthali
Shyampati
Deupha
Daraune
Khanal Thok
Kampur Kalapani
Birtadevrali
Kattike Deurali
Dhunkharka
P.Dapcha
Phokhari
Thulo Parsel
Madan Kudari
Narayansthan
Chyasinjharka
Mahankolchour (Bhugdeu)
Khaharepangu
Katunjokosi
Khermachock
Kuruwas Chapakhori
LALITPUR
Sikharambute
Mahadevsthan
Sipali Chilaune
Mangaltar
Meche
RAMECHHAP
Phalametar
Sishakhani
Milche
Sheldhara
Deda Gaun
Budhakhani
Walting
Bhimkhori
Phoksingtar
MAKAWANPUR
Taldhunga
Gokule
SINDHULI
Ghartichap
Bankhu
N

परिचय :

काठमाण्डौ देखि ३० कि.मी. पूर्वमा पर्ने १३९६ वर्ग कि.मी. मा फैलिएको काभ्रेपलाञ्चोक जिल्ला मध्यमाञ्चल विकाश क्षेत्रको वागमती अञ्चलका ८ जिल्ला मध्ये महाभारत श्रृंखलाको उत्तरी भागमा अवस्थित पहाडी जिल्ला हो । यस जिल्लाको हावापानी समशितोष्ण प्रकृतिको छ । राजनीतिक विभाजनका हिसावले तीन संसदीय निर्वाचन क्षेत्र, १५ इलाका, ८७ गाविस र तीन नगरपालिकामा यो जिल्लालाई विभाजन गरिएको छ । यस जिल्लाको पूर्वमा सिन्धुली र रामेछाप जिल्ला, पश्चिममा भक्तपुर र काठमाडौं, उत्तरमा सिन्धुपाल्चोक र दोलखा, दक्षिणमा मकवानपुर र ललितपुर जिल्ला पर्दछन् ।

विविध धर्म, भाषा, संस्कृति, जातजातिको बसोवास भएको यस जिल्ला पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छ । प्रमुख पर्यटकीय एवं धार्मिक स्थलहरुमा पलाञ्चोक भगवती, नमोवुद्ध, पनौती, नाला भगवती, चण्डेश्वरी, धनेश्वर महादेव, धुलिखेल भगवती, गौखुरेश्वर महादेव, जगवजेश्वर महादेव, कुशादेवी, फुलचोकी, तिमाल नारायण स्थान, वुचाकोट भगवती, कालिका दाप्चा, भिमेश्वर, नगरकोट आदि प्रमुख छन् ।

मानव अधिकार तथा वातावरणीय शिक्षा केन्द्रः एक परिचय

मानव अधिकारको वास्तविक मर्म आधारभुत जनता समक्ष पुऱ्याउने र प्राप्त स्थानीय स्रोत साधनको परिचालन गर्दै विपन्न वर्ग एवं महिलाहरुको स्थितिमा सुधार ल्याउने, दलित र वालवालिकाको हितमा आवश्यक

संस्थाको आयोजनामा आयोजित मानवअधिकार कार्यकर्ता तालिमका सहभागीहरु

मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा काभ्रेमा आयोजित प्रस्तावित आतंककारी विधेयक विरोधी गोष्ठीलाई सम्बोधन गर्नुहुँदै इन्सेकका पूर्व अध्यक्ष तथा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेल

कदम उठाउने मूलभूत उद्देश्य साथ २०४८ साल देखि कार्य समूह बनाई त्यसै समूह मार्फत कृयाशिल हुँदै २०५० सालमा स्थापना भएको हो । संस्था दर्ता ऐन २०३४ वमोजिम जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा विधिवत दर्ता भई निरन्तर रुपमा आफ्नो घोषित लक्ष्य र उद्देश्य तर्फ अघिबढिरहेको यस संस्थाको नाम मानवअधिकार तथा वातवरणीय शिक्षा केन्द्र (हुरेक) जसको संस्थापक सदस्यहरुमा श्री राम प्रसाद अधिकारी, केदार कोइराला, रघुराम वैद्य, कमल बहादुर तामाङ, शुभ अधिकारी, तारादेवी मानन्धर, कृष्णचन्द्र आचार्य, शुक्रलक्ष्मी श्रेष्ठ र विकमहरी दनुवार हुनुहुन्छ ।

संस्थाको पहिलो साधारण सभाले केदार कोइरालाको अध्यक्षतामा रामप्रसाद अधिकारी उपाध्यक्ष, रघुराम वैद्य कोषाध्यक्ष, भोजराज तिमल्सिना सचिव, कृष्णचन्द्र आचार्य सहसचिव, शिव खकुरेल, अभिमन्यु हुमागाई, सरोज कुइँकेल, कमलबहादुर तामाङ सदस्य रहनु भएको नौ सदस्यीय कार्य समिति चयन गरेको थियो।

हाल यस संस्थाको दोश्रो अधिवेशनबाट श्री केदार कोइराला अध्यक्ष रहनु भएको र श्री राम प्रसाद अधिकारी उपाध्यक्ष , श्री भोजराज तिमिल्सिना सचिव, श्री रघुराम वैद्य कोषाध्यक्ष, श्रीमती कमला अधिकारी सह-सचिव, श्री कृष्णचन्द्र आचार्य सदस्य, श्री राजन सिंग्देल सदस्य र २ जना वैठक बाट पूर्ति गर्ने गरी ९ सदस्यीय कार्यसमितीको चयन गरिएको छ ।

संस्थाको उद्देश्य :

- प्रजातन्त्रको मूलभूत मर्मलाई आत्मसात गर्दै मानव

संस्थाको आयोजनामा आयोजित महिला नेतृत्व विकास तथा तालिम समारोह

अधिकारका विविध विषयहरु आधारभूत जनता समक्ष विभिन्न माध्यमबाट पुऱ्याउँने ।

- मानव अधिकारबारे ग्रामीण तह सम्म सचेत गर्ने।
- वातावरण संरक्षणको माध्यम बाट महिला आय आर्जन सम्बन्धि कार्य गर्ने ।
- विपन्न वर्गका लागि सीप, रोजगारी मूलक क्रियाकलाप संचालन गर्ने ।
- सामाजिक, आर्थिक, वातावरणीय स्थिति सधार गर्न आवश्यक पहल गर्ने ।
- वाल तथा महिला अधिकार बारे विशेष महत्वका साथ आवश्यक कार्य गर्ने ।
- सामाजिकन्याय, अर्थिक सुधार तथा चेतना क्षेत्रमा अन्य सरकारी तथा गैर सरकारी निकाय सँग समन्वय गरी विपन्न वर्गका हितमा कार्य गर्ने ।

संस्थाको साधारण सदस्य :

संस्थाको साधारण सदस्य र कार्यसमितिमा गरी जम्मा ३८ जना व्यक्तिहरु रहेका छन् भने कार्यसमितिमा हाल ७ जना र २ जना बैठकको निर्णय बाट पूर्ति गर्ने गरिएको छ ।

वर्तमान कार्यसमितिका पदाधिकारीहरु :

अध्यक्ष: केदार कोइराला
उपाध्यक्ष: राम प्रसाद अधिकारी
सचिव: भोजराज तिमिल्सिना
कोषाध्यक्ष: रघुराम वैद्य
सह-सचिव: कमला अधिकारी
सदस्य: कृष्णचन्द्र आचार्य
सदस्य: राजन सिग्देल

आबद्धता

यो संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकसँग २०५० सालमा आवद्ध भएको हो ।

संस्थाले अहिले सम्म गरेका कामहरुको विवरण र लाभान्वित संख्या

क्र.स.	संस्थाबाट संचालित कार्यक्रमहरु	लाभान्वित संख्या
१.	मानव अधिकार शिक्षा तथा सचेतन	६६८ जना
२.	प्रौढ शिक्षा	२४० जना
३.	वाल साक्षरता कार्यक्रम	१५० जना
४.	सचेतन /एड्भोकेसी	१५०५ को सहभागिता

(क) दिवश :

१. प्रकाश स्मृति दिवस २. शहीद दिवस
३. शान्ति दिवस ४. प्रजातन्त्र दिवस
५. संविधान दिवस
६. अन्तराष्ट्रिय नारी दिवस
७. वालअधिकार दिवस
८. जन आन्दोलन दिवस
९. विश्वमानव अधिकार दिवस
१०.श्रमिक दिवस

(ख) तालिम:

क्र.सं.	तालिम	लाभान्वित संख्या
१.	मानव अधिकार कार्यकर्ता तालिम	१७५ जना सहभागी
२.	जनप्रतिनिधि तालिम	२२६ जना सहभागी
३.	महिला नेतृत्व विकास तालिम	६८ जना सहभागी

(ग) विविध कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम	लाभान्वित संख्या
१.	सचेतन सभा भिडियो प्रदर्शनी उजेली, रात, बनपाले, मिना आदिको प्रयोग	१५०० जना
२.	सरकारी विद्यालय कार्यक्रम	६२५० जना
३.	वृक्षारोपण	११७ जना
४.	महिला जनप्रतिनिधि सचेतन कार्यक्रम	५४६ जना
५.	पुस्तक प्रकाशन (चेतना)	
६.	कृषि मजदुर ज्याला निर्धारण	५२ जना
७.	पेशागत समुदायमा मानवअधिकार शिक्षा	३८ जना
८.	जेल निरीक्षण	
९.	अभिभावक शिक्षा कार्यक्रम	१०० जना
१०.	आय आर्जन	५८ जना
११.	अपांगहरुलाई जामजेलि बनाउने तालिम	७ जना
१२.	वातावरण संरक्षण कार्यक्रम कन्टेनर र क्यालेण्डर वितरण	९८ घर परिवार
१३.	विचार गोष्ठी	९६ जना

कार्यक्रमबाट प्राप्त उपलब्धी

- ग्रामीण भेगका जनसमुदायमा मानव अधिकारबारे जानकारी भएको ।
- मानव अधिकार उल्लंघनका घटनामा कमि भएको।
- सामाजिक कुसंस्कार, रुढिबादी परम्परा आदिबाट हुने हिंसामा कमि आएको र जन चेतना अभिबृद्धि भएको।
- सीप तथा नेतृत्व विकास भएको ।
- आय आर्जनमा महिला सहभागिता बृद्धि भएको ।
- वातावरणमा थोरै भए पनि सुधार भएको ।
- आबद्ध संस्था र इन्सेक प्रति जन-समुदायको सकारात्मक धारणा रहेको ।
- आबद्ध संस्थासँग अन्य सरकारी तथा गैर-सरकारी निकाय, मानव अधिकारका विविध गतिविधिहरुमा संयुक्त रुपमा लाग्ने प्रतिवद्धता व्यक्त भएको ।

२.७ संस्थाको भावि कार्यक्रमहरु

- जन समुदायमा मानव अधिकारबारे थप जन चेतना अभिवृद्धि गर्ने ।
- वातावरण संरक्षण सम्बन्धी क्रियाकलापको माध्यमबाट वातावरणीय प्रदुषण कम गर्ने ।
- महिला तथा बालबालिकाको अधिकारको निमित्त आबश्यक पहल गर्ने ।
- विपन्न वर्गको सामाजिकन्याय र आर्थिक सुधारकालागि विभिन्न सरकारी, गैर सरकारी निकायसंग समन्वयात्मक रुपमा कार्य गर्ने ।

यस संस्था इन्सेकसंग आबद्धता भएपछि कार्यक्रमहरुलाई जिल्लामा संचालन गर्न सुरुमा केदार कोइराला, भोजराज तिमल्सिना, शिव खकुरेल, रोजीना श्रेष्ठले आफ्नो जिम्मेवारी पूरा गर्नु भएको थियो। हाल कृष्णचन्द्र आचार्य र गुणकेशरी श्रेष्ठ यस संस्थामा कार्यरत हुनुहुन्छ।

संस्थाको सम्पर्क व्यक्ति

केदार कोइराला

बनेपा, काभ्रे पो.व.नं. ५१४

फोन नं. ०११-६३०९६,बनेपा ०१- २२३६२०, काठमाण्डौं

विजया दशमी तथा दिपावली

२०५७

को पुनित अवसरमा हामा सम्पूर्ण पाहुनाहरु तथा शुभ चिन्तकहरुमा

हार्दिक मंगलमय शुभकामना

धुलिखेल लज

धुलिखेल, काभ्रे

फोन : ०११-६१७५३

विजया दशमी तथा दिपावली

२०५७

को पुनित अवसरमा हामा सम्पूर्ण पाहुनाहरु तथा शुभ चिन्तकहरुमा,

हार्दिक मंगलमय शुभकामना

धुलिखेल लज रिसोर्ट

धुलिखेल, काभ्रे

फोन : ०११-६१११४, ६१४९४, ६२०४२, ६२०४३

City Office : 01-222389, 247663, 248299

Fax : 977-1-222926

पोष्ट बक्स नं. : ६०२० कमलादी

विजया दशमी तथा दिपावली

२०५७

को पुनित अवसरमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमा

हार्दिक मंगलमय शुभकामना

फाइन आर्ट बनेपा

सम्पर्क फोन : ०११-६१६५१

हामीबाट उपलब्ध सेवाहरु

बार्ट

साइनबोर्ड, व्यानर, वाल पेन्ट, सटर पेन्ट, होर्डिंग बोर्ड, ग्लो सायन बोर्ड आदि।

स्क्रिन प्रिन्टमा

भिजिटिंग कार्ड, निमन्त्रणा कार्ड, स्टिकर, टिशर्ट प्रिन्ट, प्रमाणपत्र, शुभकामना कार्ड, लेटर हेड र अन्य प्रिन्ट सम्बन्धी कार्य

डिजाइन

लोगो डिजाइन, पोस्टर डिजाइन, ब्लोष्डर डिजाइन तथा अन्य डिजाइन सम्बन्धी कार्य

अन्य सेवा

नाइलन छाप, जिंक ब्लक, सिनेमा स्लाइड र पेन्टिंग, प्रिन्टिंग सम्बनधी सम्पूर्ण कार्यको लागि हामी कहाँ पाल्नुहोस् ।

विजया दशमी तथा दिपावली

२०५७

को पुनित अवसरमा गैर सरकारी सामाजिक

संस्थाहरुको कार्य प्रगती तथा निरन्तरताको लागि

हार्दिक मंगलमय शुभकामना

अध्यक्ष

एवं

सामाजिक संस्था जिल्ला समन्वय समिति

काभ्रे परिवार

स्मरण रहोस् उक्त संस्थाले विगत केही वर्ष अगाडिदेखि युनिसेफ, नेपालको सहयोगमा बाल तथा महिला अधिकारहरु सम्बन्धी कार्यक्रमहरु संचालित छन्।

बाल शिक्षा कार्यक्रम, समुदायमा आधारित बाल विकास केन्द्र, अभिभावक भेला, खोप भिटामिन ए कार्यक्रम, राष्ट्रिय खोप दिवसमा स्वयंसेवकको व्यवस्था र प्रचार प्रसार गरेको, स्वास्थ्य तथा सरसफाई कार्यक्रम, अन्य जनचेतना अभिवृद्धि कार्यक्रमहरु जुन कार्यक्रमहरु एनजीओसिसिसंग आबद्ध ८६ वटा एनजीओहरु मार्फत् काभ्रे जिल्लाको विभिन्न भागमा संचालन भएका छन्।

विजया दशमी तथा दिपावली

२०५७

को पुनित अवसरमा हाम्रा सम्पूर्ण

पाहुनाहरु तथा शुभ चिन्तकहरुमा

हार्दिक मंगलमय शुभकामना

कृष्णप्रसाद सापकोटा

सभापति

एवं

जिल्ला विकास समिति परिवार, काभ्रे

कानुनका दृष्टिमा सबै मानिस बराबर छन् र विना भेदभाव कानूनको भोगचलन सबैले एकैनासले गर्न पाउनुपर्छ । यस घोषणालाई कसैले उल्लंघन गऱ्यो भने पीडित पक्षले कानूनी संरक्षण पाउनुपर्छ । भेदभावको विरुद्ध संरक्षणको अधिकार सबैलाई हुनुपर्छ ।

बाँधा वा दास बनाई कसैलाई पनि राखिनु हुन्न । दासत्व र दासदासीको व्यापार कुनै पनि रुपमा गर्न मनाही गरिएको छ ।

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र

काठमाण्डौ

परिचयः

काठमाण्डौं जिल्ला नेपालको ७५ जिल्लामध्ये एक जिल्ला मात्र नभएर राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, हरेक दृष्टिकोणबाट सिंगो राष्ट्रकै पहिचान गराउने जिल्लाको रुपमा परिचित छ । नेपालको राजधानी काठमाण्डौं राष्ट्रको महत्वपूर्ण केन्द्र पनि हो भन्नुमा अत्युक्ति नहोला ।

विकास क्षेत्रका आधारमा मध्यमाञ्चलमा रहेको काठमाण्डौं वागमती अञ्चलका आठ जिल्ला मध्ये एक हो। पूर्वमा भक्तपुर र काभ्रेपलाञ्चोक, पश्चिममा नुवाकोट र धादिङ, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक तथा दक्षिणमा ललितपुर र मकवानपुर जिल्ला संग सिमाना जोडिएको यस जिल्लाको कूल क्षेत्रफल ३९५ व. कि. मि. रहेको छ। यस जिल्लामा १३०० मि. अग्लो शिवपुरी पहाड, २४३२ मि. अग्लो थानकोट, १९६० मि. अग्लो नागार्जुन पहाड रहेको छ । यस जिल्लाको हावापानी मध्यम खालको रहेको छ । जाडो समयमा यहाँ माइनस १ देखि २ डि. से. सम्म तापक्रम झर्छ भने गर्मिमा ३४-३६ डि. से. सम्म तापक्रम पुग्ने गरेको पाइन्छ ।

काठमाडौं जिल्लामा परापूर्व कालदेखि नै खास गरेर नेवार समुदाय आदिवासिको रुपमा बसोबास गर्दै आएको पाइन्छ। लिच्छविकाल र मल्लकालमा यहाँ नेवार समुदायकै राजाले शासन गरेको देखिन्छ। हाल आएर काठमाण्डौंमा सबै जातजाति र सम्प्रदायका मानिसहरु बसोवास गर्दै आइरहेका छन्। धार्मिक रुपमा काठमाण्डौंलाई मन्दिरहरुको शहर, मानिस भन्दा देवताहरु बढी भएको शहरको रुपमा चिनिन्छ । यहाँ हिन्दु ,बौद्ध, मुस्लीम आदि धर्मावलम्बीहरुका बीच अत्यन्त धार्मिक

मानवअधिकार संरक्षण तथा विकासमंच, काठमाडौंको आयोजनामा आयोजित महिला नेतृत्व विकास तालिम

मानवअधिकार संरक्षण तथा विकासमंच, काठमाडौंको आयोजनामा आयोजित प्रजातन्त्र र मानवअधिकार विषयक विचार गोष्ठीलाई सम्बोधन गर्नुहुँदै इन्सेकका पूर्व अध्यक्ष तथा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेल

सहिष्णुता पनि रही आएको छ । सांस्कृतिक रुपमा हेर्ने हो भने नेपाल विश्व कै संस्कृतिमा अत्यन्त धनी राष्ट्र हो। त्यसमा पनि काठमाण्डौं जिल्लामा रहेका मन्दिरहरु, प्राचिन दरवार, देवालयको अध्ययन गर्दा संस्कृतिका अपूर्व नमूनाका रुपमा रहेको पाइन्छ। साथै काठमाण्डौं जिल्लाका धेरै सांस्कृतिक क्षेत्रहरु विश्व सम्पदा सूचिमा रहेको हुँदा यो जिल्लाले आफ्नो महत्व र गरिमा लाई उच्च बनाएको छ।

जनसंख्याः

२०४८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार काठमाण्डौं जिल्लाको कुल जनसंख्या ६,७५,३४१ रहेको देखिन्छ। जसमा महिला ३,२४,०२५ र पुरुष ३,५१,३१६ रहेको देखिन्छ। परिवार संख्या १,२७,१९६ रहेको छ । केन्द्रीय तथ्याङ्क विभागको अनुमान अनुसार २०५८ सालमा काठमाण्डौंमा महिला ४,६२,५८३ र पुरुष ५,००,६५९ गरी करिब ९,६३,२४२ जनसंख्या पुग्ने देखिन्छ। काठमाण्डौं जिल्लामा एक महानगरपालिका, १ नगरपालिका र ५७ गा. वि. स. रहेका छन् भने राजनैतिक रुपमा यस जिल्लालाई ७ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ।

देशको राजधानी र राष्ट्रको प्रमुख शहर भएको कारण काठमाण्डौं जिल्ला शिक्षा, स्वास्थ्य, यातायात, दूरसंचार, उद्योगधन्दा आदि हरेक क्षेत्रमा अरु जिल्ला भन्दा अगाडि रहेको छ तापनि जिल्लामा दूर्गम गाउँहरु पनि प्रशस्तै छन्। जहाँ विकासको उज्यालोबाट जनताहरु अझै बञ्चित हुनु परेको छ। समष्टिमा भन्नुपर्दा काठमाण्डौं

जिल्ला देशको मुटु हो। देशका न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका सम्बन्धी केन्द्रीय अंगहरु राजधानीमा रही कार्यरत छन्।

मानव अधिकार संरक्षण तथा विकास मञ्चः एक परिचय

मानव अधिकारको संरक्षण, सम्वर्धन र विकास को लागि समाजका विविध क्षेत्रमा कृयाशिल रहंने समाज सेवाको विशुद्ध भावनाले प्रेरितभई २०५५ साल श्रावण १२ गते मानव अधिकार संरक्षण तथा विकास मञ्च (Human Rights protection & Development Forum- HURPDEF) नामक गैरसरकारी सामाजिक संस्थाको रुपमा यसको स्थापना गरिएको हो। यसको कार्यालय कामनपा-७ चावहिलमा रहेको छ।

संस्थाको उद्देश्यः

यस संस्थाले मानव अधिकार र नेपाली जनताका जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न क्षेत्रमा काम गर्ने निम्न उद्देश्यहरु राखेको छः-

- मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकासकोलागि विविध खालका सामाजिक गतिविधिहरु संचालन गर्ने।
- मानव अधिकारको सही प्रयोग र प्राप्तिकोलागि सर्वसाधारण जनतालाई व्यापक रुपमा सचेत गराउने।
- नेपाल अधिराज्यको संविधान प्रदत्त मानव अधिकारको संरक्षण र त्यसको सही प्रयोगको लागि जनचेतना अभिवृद्धि गर्ने।
- समाजका पिछडिएका र उत्पीडित जनजातिहरुका विविध समस्या समाधान गर्ने गतिविधि र कार्यकहरु संचालन गर्ने ।
- महिला अधिकार, वालअधिकार, जातपात, छुवाछुत, घरेलु हिंसा, सामाजिक उत्पीडन जस्ता मानव अधिकार विरोधी कार्यको अन्त्यको लागि संघर्ष गर्ने।
- देशका विविध क्षेत्र (आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र जनताको दैनिक जीवनसँग सरोका राख्ने) को समस्या समाधान र विकासको लागि कार्य गर्ने तथा सहभागी बन्ने ।

मानवअधिकार संरक्षण तथा विकासमंच, काठमाडौंको आयोजनामा आयोजित निशुल्क तथा अनिवार्य शिक्षाको माग गर्दै जिल्ला शिक्षा कार्यालयतर्फ जाँदै गरेका विद्यार्थीहरु

संस्थाको साधारण सदस्य र कार्यसमितिः

यस संस्थाको स्थापना हुँदा ७ सदस्यीय तदर्थ समिति रहेको थियो । विगत २०५५ फाल्गुन १४ गते मञ्चको प्रथम साधारण सभा हुँदा साधारण सदस्य १६ जना रहेका थिए । जसमा महिला ४ तथा पुरुष १२ जना रहेका थिए । प्रथम साधारण सभाले ७ सदस्यीय कार्यसमिति बनाएको थियो । २०५६ साल आश्विन २ गते दोस्रो साधारण सभा सम्पन्न भई कार्यसमिति को पुनर्गठन गरियो। हाल सोही कार्यसमिति संस्थामा कृयाशिल रहँदै काम गरि रहेको छ ।

नेकपा (माओवादी)को आयोजनामा ०५६ असोज २० गते गरिएको नेपाल बन्दमा मानवअधिकार संरक्षण तथा विकासमंच, काठमाडौंले गरेको पटीवेक्षणको एक दृष्य

जसमा निम्न पदाधिकारी रहेका छन्:

अध्यक्ष	श्री ध्रुब भट्टराई
सचिब	श्री बाबुकृष्ण मैनाली
कोषाध्यक्ष	श्री टिका पराजुली
सदस्य	श्रीमती कविता ए. सि.
सदस्य	सुश्री सुभद्रा विष्ट
सदस्य	श्री पारसमणि दहाल
सदस्य	श्री पशुपती खतिवडा

हाल मञ्चमा १६ जना साधारण सदस्य रहेका छन्। जसमध्ये महिला ३ र पुरुष १३ जना रहेका छन् ।

इन्सेकसँग आवद्धता:

मानव अधिकारको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग आवद्ध रही सहयात्रीको रुपमा कार्य गर्ने यस संस्थाको निर्णय तथा इन्सेकको सहमति अनुरुप यस मञ्च २०५५ साल आश्विन १ गते देखि इन्सेकसँग आवद्ध रहँदै हाल सम्म कृयाशिल रहेको छ ।

संस्थाले हालसम्म गरेका कामहरुको विवरण:

यो संस्था आफ्नो स्थापनासँगै इन्सेकसँग आवद्ध रहेको हुँदा हाल सम्म संचालित कार्यकमहरु इन्सेकबाट प्राप्त भएकै कार्यक्रमहरु हुन् जो मानव अधिकारको संरक्षण, सम्बर्द्धन र विकासप्रति लक्षित रहेका छन् ।

आ.व.२०५५/०५६ मा संचालित कार्यक्रम

१. सचेतना कार्यक्रम (एड्भोकेसी) १६ स्थानमा सम्पन्न भयो ।
२. दिवस कार्यक्रम (गोष्ठी) ५ स्थानमा सम्पन्न भएका।
३. महिला नेतृत्व विकास तालिम १ स्थानमा सम्पन्न गरियो।
४. मानव अधिकार कार्यकर्ता तालिम १ स्थानमा सम्पन्न भयो ।
५. प्रकाश मानव अधिकार पार्क निर्माण, भवनमर्मत, सुधार, तारबार, पहरेदार आदिको व्यवस्था ।

आ.व. २०५६/०५७ मा संचालित कार्यक्रम

१) विद्यालय मानव अधिकार शिक्षा कार्यक्रम ५ वटा विद्यालयमा सञ्चालन
२) एड्भोकेसी (सचेतना कार्यक्रम) ८ वटा गाविसमा
३) पेशागत समुदायमा मानव अधिकार शिक्षा कार्यक्रम (६ महिने)
४) ग्रामीण क्षेत्र मानव अधिकार शिक्षा कार्यक्रम
५) दिवस कार्यकम (गोष्ठी, आदि) १० स्थानमा
६) शिक्षक गोष्ठी १ दिने १ स्थानमा
७) जनप्रतिनिधि तालिम ३ दिने १ स्थानमा
८) मानव अधिकार कार्यकर्ता तालिम २ दिने १ स्थानमा
९) अभियान ५ स्थानमा संचालन
१०) कृषि मजदुर कार्यकम ४ वटा गाविसमा
११) मानव अधिकार शिक्षा कार्यकम विभिन्न स्थानमा

कार्यकमको प्रभाव:

संस्थाले हालसम्म संचालन गरेका कार्यकमहरु अत्यन्त प्रभावकारी रहेका छन् । काठमाडौं जिल्लाका धेरै गाविसहरुमा संस्था र इन्सेकको कार्यकमप्रति जनतामा चासो बढ्नुको साथै मानव अधिकारप्रति जनताहरुमा सचेतना, जागरण अभिवृद्धि भै रहेको हुँदा कार्यकमको प्रभाव सर्वसाधारणमा राम्रो परेको देखिन्छ ।

कार्यकमबाट लाभान्वित हुनेहरुको संख्या:

(क) आ. व. २०५५/०५६

सि.नं.	कार्यक्रमको नाम	कार्यक्रमवाट लाभान्वित हुनेहरुको संख्या		
		महिला	पुरुष	जम्मा
१.	एड्भोकेसी कार्यक्रममा	३३७	१९५	५३२
२.	दिवश कार्यक्रममा	३२२	१०२	४२४
३.	महिला नेतृत्व विकास	२२	१३	३५
४.	मानव अधिकार कार्यकर्ता तालिम	१०	२६	३६
		६९१	३३६	१०२७

(ख) आ. व. २०५६/०५७२.८ संस्थाको भावी कार्यक्रम :

सि.नं.	कार्यक्रमको नाम	कार्यक्रमवाट लाभान्वित हुनेहरुको संख्या		
		महिला	पुरुष	जम्मा
१.	दिवस कार्यक्रम १० स्थानमा	२६७	४९२	७५९
२.	सदरमुकाम मानव अधिकार शिक्षा १ स्थानमा	२	२५	२७
३.	ग्रामिण क्षेत्र अनौपचारिक शिक्षा ३ स्थानमा	४३	३८	८१
४.	मानव अधिकार कार्यकर्ता तालिम १ स्थानमा	१८	२०	३८
५.	जनप्रतिनिधि तालिम १ स्थानमा	१२	५	१७
६.	शिक्षक गोष्ठि	३	२८	३१
७.	मानव अधिकार अभियान ५ स्थानमा	१६००	१६९८	३२९८
८.	मानव अधिकार शिक्षा	२०२	५४	२५६
९.	एड्भोकेसी	२०१	२२१	३२२
१०.	विद्यालय कायृक्रम ५ विद्यालयमा	४७४	६२५	१०९९
११.	कृषि उपज सर्भेक्षण	-	७	७
१२	ज्याला निर्धारण	१	१३	१४
	जम्मा	२८२३	३१२६	५९४९

यस मञ्चले आगामी वर्षहरुमा मानव अधिकारको विकास, संरक्षण र सम्बर्धन गर्ने आफ्नो कार्यलाई निरन्तर रुपमा अगाडि बढाउनुको साथै समाजमा रहेका उपेक्षित, गरीव, उत्पीडित जनसमुदाय तथा महिलाहरुकोलागि आयमूलक कार्यक्रमहरु समेत संचालन गर्दै आफ्नो कार्यक्षेत्रलाई विस्तृत गर्दै जाने नीति लिएको छ।

संस्थाको सम्पर्क व्यक्ति

श्री ध्रुव प्रसाद भट्टराई
का.म.पा.७, चाबहिल
४९५१७७ (निवास)
४९५९४३ (कार्यालय)

श्री बाबु कृष्ण मैनाली
का.म.न.पा. ७, चाबहिल
४८३६८० (निवास) ४९५९४३ (कार्यालय)

विजया दशमी तथा दिपावली २०५७

को पुनित अवसरमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमा

हार्दिक मंगलमय शुभकामना ।

फुलचोकी पुस्तक तथा मसलन्द भण्डार
पुतलिसडक, काठमाडौं
फोन : २३१६०१

फुल्चोकी प्रिन्टिंग सपोर्ट
अनामनगर, काठमाडौं
फोन : २३०४३७

फ्याक्स नं. : २२७१७५

विजया दशमी तथा दिपावली २०५७

को पुनित अवसरमा सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा

हार्दिक मंगलमय शुभकामना ।

एम्ज माउस परिवार
पुतलिसडक, काठमाडौं
फोन : २६५९४४

सिन्धुपाल्चोक

परिचय :

विश्वको मानचित्रमा सिन्धुपाल्चोक जिल्ला पूर्वी देशान्तर ८५ '२७' देखि ८६ '६' सम्म र उत्तरी अक्षांस २७ '३६' देखि २८ '१३' सम्म फैलिएको छ । २,५२८ वर्ग किलो मीटर क्षेत्रफल रहेको यस जिल्लाको उत्तर तर्फ जुगल हिमाल रहेको छ । जिल्लामा इन्द्रावती र सुनकोशी जस्ता प्रमुख नदीहरु प्रवाहित भएका छन् । यहाँ हेलम्बु जस्तो मनोरम स्थल, तातोपानी जस्तो प्रसिद्ध स्थल, पाँचपोखरी, गौरती भिमसेन, पाल्चोक भगवती, तौथली त्रिपुरा सुन्दरीमाई जस्ता धार्मीक स्थल रहेका छन् ।

डायटिङ सिन्धुपाल्चोकको आयोजनामा सम्पन्न जिल्ला स्तरीय शिक्षक गोष्ठी

भौगोलीक अवस्था :

यो मुलत पहाडी जिल्ला हो । सिन्धुपाल्चोक जिल्लाको नाम सिन्धु र पाल्चोक दुइवटा थुम्काको नाम बाट रहन गएको छ । यसको भौगोलिक अवस्था अधिकांशत: पहाडी भू-भाग छ । तलसम्म हिउँले ढाकेको अग्ला-अग्ला हिमचुराहरु छन् । यहाँ अनगिन्ती लेकाली प्रदेशहरु पनि रहेका छन् । पहाड र पहाडको तल नदी किनारामा बेंशी तथा टारहरु रहेका छन् । यस जिल्लालाई भोट देखि बग्दै आएको भोटेकोशी नदी तथा इन्द्रावती, सुनकोशी, बलेफी, मेलम्ची आदि नदीहरुले उत्तरबाट दक्षिण बग्दै चिराचिरा पारेका छन् । धरातलीय स्वरुपका आधारमा यस जिल्लालाई चार प्रदेशमा बाँड्न सकिन्छ , ती हुन् :- क) हिमाली प्रदेश, ख) लेकाली प्रदेश, ग) पहाडी प्रदेश, घ) बेंशी प्रदेश ।

हावा पानी :

यस जिल्लाको धरातलीय विविधता अनुरुप नै हावापानीमा पनि विविधता पाईन्छ । लेक, पहाड तथा बेंशीहरुमा स्वस्थ्यकर हावापानी रहेको छ । फरक उचाईको कारणबाट जिल्ला भरी एकै नासको वर्षाद हुँदैन। अग्ला हिमश्रृंखलाहरुमा बर्ष भरी नै हिउँ जम्छ । यहाँ भौगोलिक विभाजन अनुसार चार किसिमका हावापानीमा हिमाली लेकाली, समशीतोष्ण र अर्धउष्ण हावापानी पाईन्छ।

१.३ नदी, खोला र झरना :

सिन्धुपाल्चोक जिल्लामा अटुट रुपमा बग्ने ठूला-ठूला नदीहरुमा सुनकोशी र इन्द्रावती प्रमुख हुन् । साथै यी ठूला नदीहरुका सहायक नदी तथा खोलाहरुमा सिन्धु, मेलम्ची, हांडी, झयांडी, भोटेकोशी, बलेफी, चाबुलिवाङ आदी रहेका छन् । भैरब कुण्डको झरना, लिदी नजिकको झरना, गम्छाथाको झरना आदी झरनाहरु यहाँ रहेका छन्। साथै भैरब कुण्ड ताल, पाँचपोखरी, सूर्य कुण्ड, धुपु कुण्ड आदि धार्मिक स्थल जिल्लामा रहेका छन्।

प्रमुख बस्ती र बजार :

सिन्धुपाल्चोक बागमती अंचलको सबै भन्दा ठूलो जिल्ला हो । यहाँ प्रति कि.मी. जनघनत्व १०३ छ । यस जिल्लाको ठूलो क्षेत्र हिमाली भेक, लेकाली क्षेत्र, भीर र पहाडहरुको रुपमा रहेका छन् । तैपनि यहाँ कतिपय पहाडको थली, बेंशी र पहाडका काखमा बस्तीहरु रहेका छन्। यहाँका प्रमुख बस्तीहरुमा चौतारा, बाह्रबिसे, मेलम्ची बजार, जलविरे बजार, लामोसाँघु बजार र तौथली बजार रहेका छन् ।

जनसंख्या :

वि.सं. २०४८ सालको जनगणना अनुसार यस जिल्लामा २,६१,०२५ कुल जनसंख्या रहेको छ । जस अनुसार प्रति वर्ग कि.मी. औसतमा करिब १०३ जना पर्न आउँछ । कुल जनसंख्यामा पुरुष ५०.४ प्रतिशत अर्थात् १,३१,५२३ जना र महिला ४९.६ प्रतिशत अर्थात् १,२९,५०२ जना रहेका छन् । यस जिल्लामा ५१,२९० घरधुरी रहेका छन् । यस अर्थमा एक परिवारमा करिब ५ जना परिवारका सदस्य रहेको देखिन्छ । यस जिल्लामा १० वर्षमाथिका अथवा आर्थिक कृयाकलापमा संलग्न जनशक्तिमा पुरुष ७४,६२७ र महिला ७१,६२९ गरि कुल १,४६,२५६ रहेका छन् ।

ख) विद्यालय कार्यक्रम :

वालअधिकार शिक्षालाई प्रभावकारी बनाउन जिल्लाका उच्च मावि तथा माविहरु मध्ये ५ विद्यालयहरुमा वालवालिकाहरुलाई संगठित र परिचालित गर्दै उनीहरुको माध्यमबाट विद्यालय कार्यक्रम संचालन गरिदै आएको छ। यसबाट उनीहरुमा बाल अधिकार बारे चेतना जागृत हुनुका साथै सामाजिक विकासका निम्ति आधार तयार हुने विश्वाश राख्न सकिन्छ ।

ग) विद्यालय छात्रवृत्ति कार्यक्रम :

सामाजिक भेदभाव एवं आर्थिक भिन्नताका कारण शिक्षा आर्जन गर्ने नैसर्गिक अधिकारबाट बन्चित वालवालिकाहरुलाई विद्यालय जानका लागि अभिप्रेरित गराउने उद्देश्यले विद्यालय छात्रवृत्ति कार्यक्रम पनि संचालन गरिएको छ ।

घ) प्रचारात्मक कार्यक्रम :

विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका अवसरहरुलाई दिवश तथा समारोहको रुपमा मनाउँदै चेतना जागरणका निम्ति अह्म भूमिका निर्वाह गर्ने काम यस संस्था मार्फत हुँदै आएको छ । त्यस्ता उत्सवहरुलाई समाजका विद्यमान पछौटेपनलाई उन्मुलन गर्ने माध्यमका रुपमा संचालन गर्ने यस संस्थाको ध्येय रहेको छ । खासगरि संस्थाद्वारा विभिन्न समयमा आयोजना गरिएका गोष्ठी, चेतना सभा, तालिम आदि कार्यक्रमहरु यसका उदाहरण हुन्।

ङ) विकास कार्यक्रम :

प्रजातान्त्रिक आन्दोलनका क्रममा शहीद हुनेहरुको सम्मान स्वरुप तथा आन्दोलनको क्रममा वेघरबार हुन पुगेका विपन्न परिवारहरुको आर्थिक उन्नतीका निम्ति आय आर्जनका कार्यक्रम संचालन गरिएको छ ।

च) सीप मुलक कार्यक्रम :

ग्रामीण समुदायमा विपन्न महिलाहरुलाई आत्मनिर्भर गराउने उद्देश्यले यस संस्थाद्वारा हातेबुनाई, सिलाई कटाई जस्ता सीपमुलक तालिम निरन्तर रुपमा संचालन गर्दै आएको छ ।

छ) निर्माण कार्यक्रम :

स्थानीय श्रोत र साधनलाई परिचालन गर्दै गतिशील ग्रामीण उत्थान समूह र स्थानीय अगुवा सामाजिक कार्यकर्ताहरुको सकृयतामा बतासे- ८ मा महिला समुदाय भवन को निर्माण गरिएको छ ।

उक्त कार्यक्रमहरुबाट भएको प्रभाव:

१) सामुदायिक विकास र मानव अधिकार क्षेत्रमा संस्थालाई संस्थागत रुपमा पहिचान गराउन सक्नु ।
२) विकट तथा दुर्गम क्षेत्रका निरक्षर र कमजोर चेतना स्तर भएका नागरिकहरुलाई साक्षरता र सचेतन कार्यक्रमबाट विकास गराउन सक्नु ।
३) संस्थालाई चेतनाको दृष्टिले कमजोर रहेको जनसमुदायमा एक भरपर्दो साथीको रुपमा उभ्याउन सफल हुनु।

ज) कार्यक्रमबाट लाभान्वित हुनेहरुको संख्या :

गतिशील ग्रामीण उत्थान समूहले संस्था स्थापना कालदेखि हाल सम्म गरेको माथि उल्लेखित कार्यक्रमबाट महिला ५२८३ र पुरुष १३१६१ गरि जम्मा १८४४४ जना कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ ।

संस्थाको भावी कार्यक्रम :

- ग्रामीण क्षेत्रमा छरिएर रहेका आम नागरिकहरुको असचेत पंक्तिलाई जागरुक गराउँदै प्रजातान्त्रिक मूल्य र मान्यताको सम्बर्द्धनका निम्ति वातावरण तयार गर्ने।
- समाजमा विद्यमान सबै खाले शोषण, उत्पीडन, दुर्व्यवहार एवं भेदभावको अन्त्यकालागि पहल गर्ने।
- संस्थाले आफ्नो नियमित योजना अनुसार ग्रामीण समुदायमा आधारित साक्षरता तथा सचेतन कार्यक्रमका साथ उनीहरुको आत्मानिर्भरताको निम्ति सीपमुलक तालिमहरुको संचालन गर्ने ।

संस्थाको सम्पर्क व्यक्ति

कृष्णराज श्रेष्ठ

चौतारा-४ सिन्धुपाल्चोक

फोन: ०११-२०१०७/२००६८

खिल बहादुर श्रेष्ठ

चौतारा -४, सिन्धुपाल्चोक

फोन: ०११-२००६८, २००५९

नुवाकोट


नुवाकोट
मालेथ
किमताङ
फिकुरी
मन
बाम्मन
बर्सुन्चेत
मुङ्गताङ
धाबीङ
वेश्राली
तुप्ने
सम्री
कल्याणपुर
विदुर
गोर्खु
वागेश्वरी
लप्चाङ
हल्लेकालिका
गणेशथान
रसानीगढ
दाङ्गुरी
गोस्याङ
नारघाट
तारुका
खड्का
मञ्याङ
बुधाबि
मूर्यमती
चौघडा
कठिमाडा
मदानपुर
थानचि
रातमाटे
वेलकोट
ककनी
बानाथली
सुनखानी
सुन्दरावती
सिप्रे
छाम
सुर्ङ पिपल
कुंवरी
माम्चे
औरवपौवा
उत्तरी
रसुवा
ध्याङ्केवी
गाउंखर्क
राजवेशी
वालकुमारी
वेतिनी
भद्रटार
महा-
घाती
लिखु
तनाङ्
सिन्धुपालचोक
काठमाण्डौ
विद्यालय बाल कार्यक्रम संचालित क्षेत्र
संस्थाको कार्यालय
मा॰अ॰ शिक्षा तथा साक्षरता कार्यक्रम
पेशागत समुदायमा मा॰अ॰ शिक्षा
मा॰अ॰ सचेतन समुह

भौगोलिक स्थिति

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पूर्वमा काठमाण्डौं र सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा रसुवा र दक्षिणमा काठमाण्डौं तथा धादिङको विचमा अवस्थित ११२१०० हेक्टर क्षेत्रफल ओगटेको नुवाकोट जिल्लालाई ७२ कि.मि. पक्की सडकले काठमाण्डौंसंग जोडेको छ। पृथ्वी नारायण शाहको ऐतिहासिक दरवार एवं उहाँको देहान्त भएको स्थल देवीघाट नुवाकोट जिल्लामै पर्छ तापनि यी दुवै क्षेत्र उपेक्षित अवस्थामा रहेको देखिन्छ।

२७ ४५" देखि २८ ६" उत्तरी अक्षांश र ८४ ५८" पूर्वीय देशान्तरमा अवस्थित यस जिल्लामा उचाईको हिसाबले समुन्द्र सतहबाट ५४० मी. देखि २५०० मी. सम्मका भूभागहरु पर्दछन् । भौगोलिक बनोट र उचाईको आधारमा यस जिल्लाका भू-भागहरुलाई लेकाली, पहाडी र बेशिटार गरी तीन भागमा बाँड्न सकिन्छ । यसै अनुसार शितोष्ण, समशितोष्ण र उष्ण प्रकृतिको हावापानी पाईने भएता पनि समशितोष्ण हावापानीको प्रधानता रहेको छ । यस जिल्लाको करिव ३ प्रतिशत भू-भाग लेकाली भू-भागमा पर्दछ भने बाँकी भू-भाग पहाडी र बेशिटारमा पर्दछ ।

ककनीको मुला, त्रिशुलीको माछा र शिखर बेशीको चामल स्थानीय उत्पादनको हिसाबले यस जिल्लालाई चिनाउने बस्तुहरु हुन् । साथै यहाँको मास, पिंडालु गुणस्तरको हिसाबले राम्रो मानिन्छ । चेलीबेटिको बेच विखन गर्ने जिल्लाको रुपमा यस जिल्लाले दुर्नाम पनि कमाएको छ । मुख्यत: यस जिल्लामा तामाङ, ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, शेर्पा, लामा, कामी, दमाई, सार्की, नेवार, घले आदि जातिका मानिसहरुको बसोबास रहेको छ भने नेवारहरुले नेवारी भाषा र तामाङ, घले, गुरुङ, लामाहरुले आ-आफ्नो मातृ भाषा बोल्दछन् तर अधिकांश जातजातिले राष्ट्रिय भाषा नेपाली नै बोल्ने गर्दछन् ।

संस्थाको आयोजनामा आयोजित सचेतन भेला

राजनैतिक विभाजन

यस जिल्लालाई तीन वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। क्षेत्र नं. १ मा २० वटा गाविस, क्षेत्र नं २ मा २३ गाविस र क्षेत्र नं. ३ मा एक नगरपालिका सहित १८ वटा गाविसहरु पर्दछन् ।

क्र.सं	विवरण	संख्या	कैफियत
१.	सांसद निर्वाचन क्षेत्र	३	
२.	गाविस	६१	
३.	नगरपालिका	१	
४.	ईलाका	१३	
५.	सदरमुकाम		विदुर

यस जिल्लामा एउटा मात्र नगरपालिका (विदुर नगरपालिका) रहेको छ । जिल्लामा १३ वटा ईलाकाका १३ सदस्यले जिविसमा प्रतिनिधित्व गर्दछन् ।

यातायात

यस जिल्लाको काठमाण्डौं त्रिशुली राजमार्ग (७२ कि.मि.) बर्षैभरि संचालन हुन्छ । यसका अतिरिक्त छहरे (टोखा निर्माणाधिन) सडक काठमाण्डौं त्रिशुली जोड्ने बैकल्पिक मार्ग एवं नुवाकोटको पूर्वी भेगका गाविसहरुको सुविधाको दृष्टिले अत्यन्त महत्वपुर्ण भएता पनि हिंउदमा मात्र संचालन हुन सक्ने अवस्था छ भने गल्छि-देवीघाट (निर्माणाधिन) सडक यस जिल्लाको स्वरुप नै परिवर्तन गर्न सक्ने अर्को एक महत्वपुर्ण बाटो हुन सक्दछ ।

क्र.सं.	सडक विवरण	परिमाण	कैफियत
१.	पक्की	७२ कि.मि.	
२.	हिउदमा मात्र चल्ने ग्राभेल सडक	१५ कि.मि.	
३.	निर्माणाधिन सडक	१९ वटा	
४.	प्रस्तावित	३ वटा	करिव २५० कि.मि

काठमाण्डौं उपत्यका बाहिर संचालन हुने लामो दुरीको यातायातसंग सिधै सम्पर्क हुने र सिधै तराई र रक्सौल सम्म सम्पर्क हुने हुँदा व्यापार र वाणिज्यको दृष्टिले यो बाटो अत्यन्त महत्वपुर्ण हुन सक्दछ । तर यस

संस्थाको आयोजनामा आयोजित विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता

मार्गमा पर्ने तादी लगायत अन्य तीन स्थानमा पुल नबने सम्म सो बाटोको औचित्य नरहने स्पष्ट छ । यस अतिरिक्त जिल्लाभित्र निर्मित एवं निर्माणाधिन अन्य सडक तथा ग्रामीण सडकहरु जस्तै: ढिकुरे-समुन्द्रटार-नुवाकोट, उर्लेनी-त्रिशुली, सामरी-हात्तिगौंडा, देउराली-मेघा विविध दृष्टिकोणले अत्यन्त महत्वपुर्ण मानिन्छन् ।

शिक्षण संस्थान

जिल्लामा हाल एक बहुमुखि क्याम्पस र एक उच्च मा.वि. रहेकोमा हालै अर्को एक उच्च मा.वि. स्वीकृत भएको छ ।

क्र.सं.	विवरण	संख्या	कैफियत
१.	क्याम्पस	१ वटा	
२.	उच्च मा.वि.	११ वटा	
३.	मा.वि.	४५ वटा	
४.	नि.मा.वि.	४८ वटा	
५.	प्रा.वि.	३३६ वटा	

त्यस्तै सरकारी अनुदान प्राप्त र निजी श्रोतमा संचालित समेत गरी जम्मा ४५ नि.मा.वि. र ३३६ प्रा.वि. रहेका छन् भने हालै मात्र त्रिशुली कोलोनीमा एक प्राविधिक शिक्षँलय (सि.एम. ए र अ.न.मी. क्याम्पस) संचालन गरिएको छ । जसबाट एक सिफ्टमा करिब ८० जना स्वास्थ्यमा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ । जिल्लास्थित सरकारी र निजि विद्यालयहरुमा प्रा.वि., नि.मा.वि., मा.वि., उ.मा.वि. र क्याम्पस समेतमा गरी जम्मा ६८३३६ जना छात्र र छात्राहरु अध्ययनरत छन् ।

क्र.सं.	विवरण	छात्र	छात्रा	जम्मा
१	प्रा.वि. (सरकारी)	२८५२१	२२५०७	५१०२८
	„ (निजी)	२२२	१०२	३२४
२.	नि.मा.वि. (सरकारी)	६३८८	३९९९	१०३८७
	„ (निजी)	१४०६	८२६	२२३२
३.	मा.वि. (सरकारी)	२२४२	१४२५	३६६७
	„ (निजी)	२२१	८३	३०४
४.	उ.मा.वि.	३०	६९	९९
५.	क्याम्पस	२२५	१००	३२५

यो संख्या यस जिल्लाकै जनसंख्याको झण्डै २५ प्रतिशत रहेको छ । यसैगरी प्रँ.वि. देखि मा.वि. तहसम्म समेतमा गरी जम्मा १५३४ जना शिक्षक शिक्षिकाहरु अध्यापनरत रहेको पाईएको छ ।

स्वास्थ्य सेवा

यस जिल्लाको त्रिशुली कोलोनीमा २५ शैयाको एउटा अस्पत्ताल रहेको छ । सो अस्पत्तालबाट नुवाकोट, रसुवा, धादि जिल्लाका विभिन्न भागका विरामीहरुले सुबिधा प्राप्त गर्दछन् । यस अतिरिक्त ककनी, देउराली र खरानीटारमा गरी ३ वटा प्रारम्भिक स्वास्थ्य चौकी, १० वटा स्वास्थ्य चौकी र ५३ वटा उप-स्वास्थ्य चौकीहरु स्थापना भएका छन् ।

क्र.सं	विवरण	संख्या
१.	अस्पत्ताल (२५ शैयाको)	१
२.	प्राथमिक स्वास्थ्य केन्द्र	३
३.	स्वास्थ्य चौकी	१०
४.	उपस्वास्थ्य चौकी	४९
५.	थप उपस्वास्थ्य चौकी	४
६.	आयुर्वेद औषधालय	६

हेल्थ पोष्टहरुमा एक/एक जना हेल्थ असिस्टेन्सका अतिरिक्त अ.हे.ब.हरु, ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु कार्यरत छन् भने प्रत्येक सव हेल्थ पोष्टहरुमा एक अ.हे.व., एक मातृ शिशु कार्यकर्ता सहित एक ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु रहने व्यबस्था छ । यस अतिरिक्त जिल्ला स्वास्थ्य कार्यालयले १०८० महिला स्वास्थ्य स्वयं सेविका, २५२ सुडेनी र १५ जनालाई औंलो स्वयंसेवकको तालिम प्रदान गरी दक्षता प्रदान गरेको पाईएको छ । यस जिल्लामा द रेयुकाई नेपालद्वारा एक र गेर्खुटार युवा क्लवबाट एक एम्बुलेन्स सेवा पनि संचालित छ ।

संचार

हुलाक सम्बन्धी तथ्यांक अनुसार हाल जिल्ला

हुलाक कार्यलय अर्न्तगत स्थानीय इलाका र अतिरिक्त समेत गरि ६४ वटा हुलाकहरु संचालित छन् भने अतिरिक्त हुलाक थपिने क्रम जारी छ । जिल्ला हुलाक अर्न्तगत १ द्रुततर हुलाक सेवा पनि संचालित छ । यस जिल्लामा हाल दूरसंचार कार्यालय विदुर अर्न्तगत ५०० लाईन डिजिटल टेलिफोन सेवा उपलब्ध छ भने जिल्लाका दुर्गम मानिएका गाविसहरुमा समेत मार्टस तथा भि.एच.एफ. प्रणालीको टेलिफोन जडान भएका छन् । मार्टस तथा भि.एच.एफ. समेत गरी जिल्लाको १ नगरपालिका सहित करिब २१ गाविसहरुबाट स्थानीय राष्ट्रिय एवं अन्तराष्ट्रिय कल गर्न सकिन्छ ।

विद्युत सेवा

यस जिल्लामा त्रिशुली जल विद्युत आयोजना २१००० कि.वा. र देवीघाट १४००० कि.वा. गरी ३५००० कि.वा. क्षमताको २ वटा विद्युत केन्द्रहरु रहेका छन्। दुवै केन्द्रबाट उत्पादित विद्युत केन्द्रीय प्रशारण लाईनमा जोडिएको छ । विविध प्रयोजनकालागि वितरित ११५४६ लाईन विद्युत मध्ये यस जिल्लामा जम्मा ११०६६ लाईन विद्युत वितरण गरिएको छ ।

क्र.सं.	ग्राहक लाईनको किसिम	संख्या	कैफियत
१.	औद्योगिक	२३३	
२.	ग्राहस्थ	११००८	
३.	व्यापारिक	५२	
४.	गैर-व्यापारिक	२१८	
५.	अन्य	३५	
जम्मा		११५४६	

एक नगरपालिका सहित ३५ गाविसका आंशिक भागहरुमा विद्युत सुविधा उपलब्ध छ । हाल सम्म यस जिल्लाको करिव २५ प्रतिशत भागमा मात्र विद्युतिकरण भएको देखिन्छ । दुवै केन्द्रहरुको उत्पादन तथा वितरण तर्फ जम्मा ७८४ जना दक्ष जनशक्ति कार्यरत रहेका छन् ।

अन्य

यसका अतिरिक्त यस जिल्लामा जिल्ला खानेपानी कार्यालय विभिन्न गै.स.स. तथा उपभोक्ता समूहहरु मार्फत र विदुर नगरपालिकामा विदुर खानेपानी उपभोक्ता समिति मार्फत नगरको आंशिक भागहरुमा खानेपानी सुविधा उपलब्ध गराउन कार्यरत एवं क्रियाशिल छ । यसका साथै जिल्ला स्थित सरकारी लाइन एंजेन्सी एवं संस्थान र समितिहरु त्यति चुस्त हुन नसके पनि आ-आफ्नो क्षेत्रको सेवा उपलब्ध गराउदै आएको पाइन्छ भने यसका अतिरिक्त जिल्लामा बागवानी फार्म एक, क्षेत्रीय माटो परीक्षण प्रयोगशाला एक, मत्स्य अनुसन्धान केन्द्र एक र सरकारी भेडा फाराम एक समेत रहेका छन् ।

आर्थिक स्थिति (Economic status) :

२०४८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २४५२६० रहेको छ । जसमध्ये पुरुष १२२५३१ र १२२७२९ महिला छन । कुल जनसंख्याको जम्मा ३१ प्रतिशत जन समुदायहरु मात्र साक्षर रहेको पाईएको छ । जस मध्ये पुरुष ४५.४ प्रतिशत र महिला १७.८ प्रतिशत साक्षर रहको पाइन्छ । यस जिल्लाको कुल घरधुरी संख्या ४५६५७ रहको छ । कूल जनसंख्याको ७.६ प्रतिशत जनसंख्या शहरी क्षेत्रमा र प्रति वर्ग कि.मी. मा सरदर २१८ जना मानिसहरु वसोवास गर्दछन् । जिल्लाको कूल बालबालिकाहरु मध्ये ८४.२४ प्रतिशत र वृद्धहरु मध्ये १३.०६ प्रतिशत अरुमा आश्रित रहेको पाइन्छ । ९१ प्रतिशत जनसंख्या कृषि व्यवसायमा मात्रै निर्भर रहेका छन् । शैक्षिक तथ्याङ्क अनुसार पनि कुल ६८५५६ विद्यार्थीहरु रहेका छन्, जो सामान्यतया कुनै आय आर्जनको कार्यमा संलग्न रहेको पाईंदैन । यसका अलावा बालक, वृद्ध र असक्तहरु वाहेक आर्थिक रुपले सक्रिय जनसंख्या केवल ६५.८० प्रतिशत रहेको पाईन्छ ।

यसरी कुल जनसंख्याको ६५.८० प्रतिशत जनसंख्या आर्थिक कृयाकलाप गरी आय आर्जन गर्न सक्षम छन् । ९१ प्रतिशत कृषि व्यवसायमाथि नै निर्भर छ । यस जिल्लामा कृषिको राम्रो विकास एवं व्यवसायिकरण हुन नसकेको र अन्य खासै रोजगारीका अवसरहरु उपलब्ध नहुनुका कारण जनसंख्याको ठूलो हिस्सा कृषिमै सिमित हुनु परेको र कृषि व्यवसाय बाट पनि वर्षभरी खान नपुग्नेहरुकै संख्याको वाहुल्यता रहेकोले समग्रमा ७५ प्रतिशत भन्दा बढि जनसंख्या आर्थिक रुपले पिछडिएर रहन बाध्य छन् । यस मध्ये करिव ५ प्रतिशत देखि ७ प्रतिशतले व्यापार व्यवसायवाट गुजारा चलाउँदै आएको पाईन्छ भने १७ प्रतिशत देखि २० प्रतिशत जनसंख्या खेतीपातीबाट खान पुग्ने अवस्थामा रहेको पाइन्छ ।

जिल्लामा सिंचाई सुविधा उपलब्ध भएका स्थानहरुमा तुप्चे, वुधसिं, चौघडा, लब्धु, खरानीटार, सिमाराफाँट, थान्सि फाँट लगायत तादी र लिखु खोला आसपासका फाँटहरु ढिकुरे, कविलास आदी स्थानका

वासिन्दाहरुको जीवन स्तर अनुपातिक रुपमा केही राम्रो रहेको पाईन्छ । जिल्ला भित्रका पिपलटार, माझिटार, वट्टार, सिमुटार, गेर्खुटार, रातमाटेटार जस्ता ठूलाठूला टारहरु जुन उत्पादनको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छन् तर सिंचाईको व्यवस्था हुन नसकेको कारण सुख्खा रहनु एउटा दुःखदायी कुरा भएको छ । जसले गर्दा यहाँका कतिपय कृषकहरुले पर्याप्त जग्गा भएर पनि राम्रो उत्पादन हात पार्न नसकी दुःख भोगिरहेका छन् ।

काठमाडौं त्रिशुली राजमार्गले यस जिल्लाको विदुर नगरपालिका लगायत वेल्कोट, मदानपुर, ककनी, ओखरपौंवा यी चार गाविसलाई चिरेर गएकोले यस राजमार्ग आसपासका क्षेत्रका नागरिकहरु तरकारी, नगदे वाली खेती र व्यापार व्यवसायमा संलग्न रही सामान्य रुपमा आय आर्जनमा संलग्न रहेको पाईन्छ । यस क्षेत्रका नागरिकहरुको आर्थिक स्थिति उति सुदृढ नभए पनि त्यति नाजुक भने रहेको पाईदैन ।

जिल्ला भित्र उपलब्ध श्रोत र साधनहरु (Resources) :

मानवीय साधन (Human resources) :

२०४८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २४५२६० रहेको छ ।

क्र.सं.	विवरण	संख्या	कैफियत
१.	कुल जनसंख्या	२४५२६०	
२.	महिला	१२२५२०	
३.	पुरुष	१२२५३१	
४.	कूल साक्षरता	३१.७	
५.	पुरुषमा	४५.४	
६.	महिला	१८.७	
७.	कूल परिवार संख्या	४५६५७	
८.	जनसंख्या वृद्धिदर	१.९	
९.	कृषिमा आश्रीत जनसंख्या	९१	

२०४८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसख्या २,४५,२६० रहेको छ । जसमध्ये महिलाहरुको संख्या १,२२,७२९ र पुरुषहरुको संख्या १,२२,५३१ रहेको छ । कुल जनसंख्याको ३१.७ प्रतिशत मात्र साक्षर रहेकोमा महिला साक्षरता १८.७ प्रतिशत र पुरुष साक्षरता ४५.४ प्रतिशत रहेको छ भने जनसंख्या वृद्धि दर १.९ प्रतिशत रहेको छ । ४५,६५७ परिवार संख्या रहेको यस जिल्लाको ९१ प्रतिशत जनसंख्या कृषिमा आश्रित छन्। जातीय हिसावले तामाङ जातिको वाहुल्यता रहेको यस जिल्लामा अन्य जातिहरुको पनि मिश्रित बसोवास रहेको पाईन्छ । यसै जिल्लामा चौघडा, रातमाटे, राई (दनुवार) जातिहरुको पिछडिएको वस्ती रहेको छ भने सदरमुकाम विदुरमै आदिवासीका रुपमा वसोवास गर्दै आएका जातिहरु पनि पिछडिएकै अवस्थामा छन् ।

वित्तिय संस्थाहरु (Financial Institute) :

क्र.स.	संस्थाको नाम	संख्या	कैफियत
१.	नेपाल बैंक लिमिटेड	५	
२.	कृषि विकास बैंक	३	
३.	साना किसान विकास आयोजना	११	
४.	राष्ट्रिय बाणिज्य बैंक	२	
५.	नेपाल ब लादेश बैक	१	
६.	ग्रामीण विकास बैक	१	
७.	महिला विकास बैंक	१	
८.	सहकारी संस्थाहरु	१५० भन्दा बढी	

जिल्ला भित्र विभिन्न वित्तिय संस्थानहरु वित्तिय कारोवारमा संलग्न छन् । नेपाल बैक लिमिटेडका ५ वटा शाखा एवं उपशाखाहरु, ३ कृषि विकाश बैक, २ राष्ट्रिय वाणिज्य बैक, एक नेपाल बंगालादेश बैंक र एक ग्रामिण विकाश बैंक कार्यरत रहेका छन् । यी संस्थानहरुले बैंकि कारोवार र अन्य वित्तिय कारोवारहरुका अतिरिक्त साना उद्योग एवं व्यवसायका लागि कर्जा प्रवाह समेत गरिरहेका छन् ।

मानव अधिकार तथा सामाजिक सचेतन केन्द्रः सेन्थुर

पृष्ठभूमि :

यस जिल्ला, राजधानीसँग जोडिएको जिल्ला भएर पनि हरेक क्षेत्रमा पिछडिएर रहेको पाईन्छ। अझै पनि यस जिल्लाका जनताहरुमा मानवअधिकार र सामाजिक चेतना न्यून रहेको सन्दर्भमा सेन्थुरले मानव अधिकार अभियान निरन्तर रुपमा अगाडि बढाँउदै आएको छ। आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनैतिक अधिकार प्राप्तिका लागि प्रजातान्त्रिक नेपाली समाजलाई सशक्त एवं सुरक्षित पार्दै लैजाने र मानव अधिकारको महत्व र आवश्यकता वारे जानकारी गराई मानव अधिकारको वारेमा चेतना अभिवृद्धि गराउने धारणा

लिएर विगत आधा दशकभन्दा बढी समयदेखि ईन्सेक आवद्ध संस्थाको रुपमा यो संस्था क्रियाशिल रहँदै अएको छ।

यस अवधिमा जनताको आधारभूत मानव अधिकारको परिपूर्ति तथा मानव अधिकारको रक्षार्थ विभिन्न अभियानहरु संस्थाले सफलता पूर्वक सञ्चालन गर्दै आएको छ । विशेष गरी समाजका कमजोर वर्गका जनताहरुको पक्षमा बोल्दै सचेतना तथा दवाब सिर्जना गर्ने काममा यो संस्था स्थापित भईसकेको छ । मानव अधिकार संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग २०५० जेष्ठ ३० गते देखि आवद्ध भई आ.व. २०५७/०५८ सम्म निरन्तर जिल्लाका तोकिएका स्थान तथा लक्षित समूह माझ विविध कार्यक्रमहरु हालसम्म संस्थाले संचालन गरिरहेको छ ।

संस्थाको लक्ष्य :

- मानव अधिकारको उपभोग तथा संरक्षण गर्ने ।
- सचेतनताको अभिवृद्धि गर्ने ।
- मानव अधिकार हनन्का घटनाहरुको विरोध गरी सम्बन्धित पक्षमाथि दवाव दिने
- ग्रामीण क्षेत्रका शोषित, पीडित तथा दलित जनसमुदायको हितका लागि आवश्यक कार्य गर्ने ।
- उत्पीडित वर्गका लागि सुधारक, सहजकर्ता तथा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै सवैका लागि सबै किसिमका अधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि कार्य गर्ने ।

कार्यक्रमको उद्देश्यहरु :

नागरिहरुकालागि पहरेदारी, दवाव सिर्जना, नीति निर्माणमा प्रभाव पार्ने, सशक्तिकरण गर्ने तथा विकासको मूल प्रवाहमा समाहित गराउने उद्देश्य प्राप्तिका लागि सेन्थुरले निम्न विषयहरुमा केन्द्रित रही कार्य गर्नेछ ।

- जनमानसलाई मानवअधिकार वारे सचेतनता अभिवृद्धि गराई मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन गराउने,
- आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनैतिक अधिकार प्राप्तिका लागि वहुदलीय प्रजातान्त्रिक समाजलाई सशक्त एवं सुरक्षित पार्दै लैजाने । यो कार्य अर्न्तगत जिल्लाभरीको कार्यक्रमको अनुगमन, सम्प्रेषण तथा सचेतन अभिवृद्धि गर्दै मानव अधिकारको हनन विरुद्ध आवाज उठाउँदै जाने ।
- वाँधा श्रम प्रणालीको उन्मूलन, न्यूनतम ज्यालाको कार्यान्वयन, आन्दोलनमूखी संगठनको सम्वर्द्धनद्वारा अनौपचारिक कृषि श्रमिकहरुको क्षेत्रका समस्याहरुको समाधान गर्ने ।
- महिला तथा वालवालिकाहरु विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा वेचविखन विरुद्धका अभियानहरु तीव्र पार्दै, पारिवारिक हिंसा, बलात्कार अन्त्य गर्न आबश्यक कानुन तथा संरचना निर्माण र तिनको प्रभावकारी कार्यन्वयनका लागि कार्यक्रमहरु संचालन गर्न प्रयत्नशील रहने ।
- छुवाछुतको आधारमा रहेको विभेदहरुलाई हटाउन थप कानुन निर्माण गराउने तथा त्यसको कार्यान्वयन गर्ने र समानताको अधिकारको प्रत्याभूती दिन प्रयत्नशील रहने ।
- नेपालमा विद्यमान कमैया, हलीया आदि प्रथाको रुपमा रहेको दासत्वका अवशेषहरुको अन्त्यकानिम्ति कानुनको व्यवस्था गर्दै उनीहरुको सामाजिक पुनर्स्थापनाका लागि प्रयत्नशील रहने,
- दाईजो प्रथा, वालविवाह, वहुविवाह, जारी प्रथा लगायत यस्तै अन्य अपमानजनक तथा शोषणयुक्त सामाजिक कुप्रथाको विरुद्ध आफ्ना सवै प्रयत्नहरु केन्द्रित गर्नु ।
- मानव अधिकारका उल्लंघनकर्ताहरुलाई न्यायालयका घेराभित्र ल्याउन, विद्यमान कानुनद्वारा मानव अधिकारको प्रत्याभूती गर्न, मानव अधिकारसंग बाँझिने कानुनी प्रावधानहरुको खारेजीका निम्ति प्रयत्नशिल रहने ।
- मानव अधिकारका संरचनाहरु निर्माण गर्न, त्यसलाई चाहिने प्रशासनिक व्यवस्था गर्न र जनताका निम्ति त्यस्ता संरचनाहरु सहज रुपमा प्राप्य वनाउन प्रयत्न गर्ने ।
- प्रजातन्त्रको संस्थागत विकासको लागि संसद, सरकार र राजनैतिक दलहरु जनताप्रति उत्तरदायी हुनु पर्ने आवश्यकतालाई हृदयंगम गर्दै ती सवैलाई नैतीक मूल्य र मान्यताका आधारमा संचालित हुन अभिप्रेरित गर्ने तथा विभिन्न स्तरका निर्वाचनहरुको निष्पक्षताका लागि प्रयत्नशील रहने,
- कृषि मजदुर तथा औद्योगिक मजदुहरुको अधिकार उपभोगका निम्ति कानुन तथा कार्यान्वयनका लागि हरसंभव उपायहरु अवलम्वन गर्ने ।

कार्यक्रमको प्रस्तावित भौगोलीक कार्यक्षेत्रहरु :

यस संस्थाद्वारा संचालन गरिने मानव अधिकार सम्वन्धी विभिन्न अभियान कार्यक्रमहरु यस नुवाकोट जिल्लाभित्रका सवै गाविस तथा नगरपालिकाहरुलाई समेट्ने गरी भौगोलिक कार्यक्षेत्र प्रस्ताव छनौट गरिएको छ।

कार्यक्रमका लक्षित समूहहरुको प्रकार :

- शोषित उत्पीडित वर्गहरु ।
- निरक्षर महिलाहरु ।
- पेशागत समुदायका कर्मचारीहरु ।
- सरकारी माध्यमिक विद्यालयका विद्यार्थीहरु ।
- सामाजिक संघ संस्था, राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक, महिला ।
- प्रहरी प्रशासन, जनप्रतिनिधि ।
- कृषि मजदुर ।

संस्थाको अन्य विवरण

क) संस्थाको नाम : मानव अधिकार तथा सामाजिक सचेतन केन्द्र (सेन्थुर)

ख) पत्राचार ठेगाना : विदुर नगरपालिका-४, नुवाकोट, विदुर ।

ग) भौगोलिक कार्यक्षेत्र : नुवाकोट जिल्ला

घ) आबद्धता : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग यस संस्थाको आवद्धता २०५० जेष्ठ ३० गतेबाट सुरु भएको हो ।

ङ) अन्तिम नविकरण : २०५७/५/१०

संस्थाको सदस्यता विवरण :

हालसम्म पुरुष ४१ र महिला ६ जना गरी जम्मा ४१ जना व्यक्तिहरुलाई यस संस्थाको साधारण सदस्यता बितरण गरिसकिएको छ भने हाल संस्थाको कार्य समितिमा महिला २ जना सहित जम्मा ११ जना सदस्यहरु रहेका छन् ।

संस्थाका बर्तमान कार्यसमितीका पदाधिकारीहरु :

अध्यक्ष	रामशरण प्याकुरेल
उपाध्यक्ष	रामहरि भंट
सचिव	मुकुन्द नेपाल
सह-सचिव	यमप्रसाद खतिवडा
कोषाध्यक्ष	रामचन्द्र भट
सदस्य	कृष्ण प्याकुरेल
सदस्य	रविन्द्र खड्का
सदस्य	एकराज घले
सदस्य	विष्णुबहादुर कुमाल

संस्था अन्तर्गतका इलाका सचेतन समुह :

क्र.सं.	इलाका सचेतन समुहको नाम	संयोजक
१.	इलाका सचेतन समूह पिपलटार	रामचन्द्र भट्ट
२.	इलाका सचेतन समूह जिलि	रामहरि भट्ट
३.	इलाका सचेतन समूह साल्मे	एकराज घले
४.	इलाका सचेतन समूह रामती	शिव प्रसाद आचार्य

आर्थिक वर्ष २०५७/०५८ को लागि प्रस्तावित कार्यक्रमहरु

क. मानव अधिकार शिक्षा तथा सचेतन कार्यक्रम :

चारघारे
विदुर नगर पालिका
थानसिङ

ख. पेशागत समुदायमा मानव अधिकार शिक्षा :

(कर्मचारी, प्रहरी, शिक्षक, पत्रकार, कानुन व्यवसायी, गैर सरकारी संघ संस्थाका प्रतिनिधि)

ग. मानव अधिकार वर्ष पुस्तक प्रकाशन :-

(मानव अधिकार उलंघनका घटनाहरुको तथ्य संकलन)

घ. जेल निरीक्षण/निर्वाचन पर्यवेक्षण :

ङ. मानव अधिकार शिक्षा रेडियो श्रोता क्लब परिचालनः

च. सचेतन कार्यक्रम :

छ. दिवस समारोह :

(प्रकाश स्मृति, कृषि मजदुर, अन्तराष्ट्रिय नारी दिवस, विश्व मानव अधिकार दिवस, जन आन्दोलन दिवस, श्रमिक दिवस)

ज. मानव अधिकार अभियान कार्यक्रम :

झ. वालवालिकाको शिक्षाको अधिकार :-

कल्याणपूर गाविस

ञ. मानव अधिकार रक्षा कार्यक्रम :

(जुलुस, सभा, धर्ना, ज्ञापन पत्र, पत्रकार सम्मेलन)

ट. प्रकाश छात्रवृत्ति कार्यक्रम :

(प्रत्येक वर्ष विद्यालयका २ जना छात्रछात्रालाई)

ठ. विद्यालय वाल अधिकार शिक्षा :

(५ वटा सरकारी माध्यमिक विद्यालय)

- कल्याणी मावि जिलि
- ज्ञानज्योती मावि फिकुरी
- अजिङरे मावि कल्याणपुर
- सुन्दरी क्यौरिनी मावि गेर्खुटार
- निरन्जना मावि बेलकोट

ड. चेलिबेटी बेचबिखन बिरुद्ध सचेतन अभियान :

ढ. कृषि मजदुर कार्यक्रम/संगठन निर्माण (न्यूनतम ज्याला अनुगमन)

- खानिगाउँ गाविस
- चारघरे गाविस
- गेर्खु गाविस
- कल्याणपूर गाविस

कार्यक्रमबाट परेका प्रभावहरु :

- मानव अधिकार उल्लंघन सम्बन्धी घटनाहरुको बारेमा सम्बन्धित पक्षमाथि दबाब दिन सक्ने भएको।
- मानव अधिकार सचेतनतामा वृद्धि भएको, मानव अधिकार सम्बन्धी ज्ञान भएको कारण मानव अधिकारको पक्षमा बहस गर्न सक्ने भएको ।
- राजनैतिक बिकृति, बिसगती तथा राजनैतिक अपराधिकरणका विषयमा आवाज वुलन्द गर्न सक्ने भएको ।
- ग्रामीण जन समुदायका महिलाहरुको मानव अधिकार शिक्षा तथा साक्षरतामा वृद्धि भएको ।
- रुढिवादी सामाजिक कुसंस्कारमा केही परिवर्तन आएको ।
- संस्थाबाट सञ्चालित तालिमबाट दक्ष प्रशिक्षकहरुको उत्पादन हुनुको साथै तालिम व्यवहारमा उपयोग गरी नेतृत्व लिन सक्षम भएको ।
- इन्सेक र सेन्थुर जिल्लामा चिरपरिचित भई अन्य संस्था भन्दा अग्रणी स्थानमा काम गर्ने संस्था भनेर चिनाउन सफल भएको ।
- संस्थाबाट संचालित विविध कार्यक्रमहरुबाट प्रहरी, प्रशासन, न्यायालय तथा अन्य सरकारी कार्यालयहरुबाट उल्लेखनिय रुपमा सहभागी भई प्रशंसा गरिएको ।
- दिवस समारोह कार्यक्रमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वपूर्ण दिनहरुको सम्मान र निरन्तरताको साथै दिवस समारोहको औचित्य र महत्वका बारेमा स्पष्ट हुनुको साथै सर्वसाधारण जनताहरुमा जानकारी गराई सचेतनामा व्यापक अभिवृद्धि भई मानव अधिकार आन्दोलनलाई जिल्लाव्यापी रुपमा अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको ।
- जिल्लामा घटेका मानव अधिकार उल्लंघनका विषयहरुलाई लिएर संस्थाले प्रेश विज्ञप्ति, धर्ना, जुलुश आदि बाट दबाब समूहका रुपमा काम गर्नाले पीडित पक्षहरुको पीडा सार्वजनिक हुनाको साथै कार्यक्रमलाई सहयोग पुर्‍याइएको छ भनि प्रहरी प्रशासन लचिलो हुन बाध्य भएको ।
- सरकारी विद्यालयमा संचालित कार्यक्रम विद्यार्थीहरुमा व्यापक चासोको विषय बनेको छ भने समाज वा राज्यले बाल अधिकार उल्लंघन गर्ने तथा अधिकारका कुराहरु व्यवहारमा कार्यान्वयन नहुँदा विद्यार्थीहरुले त्यस मुद्धालाई उठाउँदा समाज सचेत भई सतर्कतामा बृद्धि भएको ।

संस्थाको भावि कार्यक्रम

मानव अधिकारको उपभोग तथा संरक्षण, जनमानसमा सचेतनको अभिवृद्धि, मानव अधिकार हननका घटनाहरुको विरोध, जुलुस, धर्ना, प्रेशविज्ञप्ति, ज्ञापन पत्र तथा पत्रकार सम्मेलन गरी सम्बन्धित पक्षमाथि दबाब दिने, ग्रामीण क्षेत्रमा रहेका शोषित, पीडित तथा दलित जनसमुदायको हितकालागि आवश्यक कार्य गर्दै उत्पीडित वर्गका लागि सुधारक, सहजकर्ता तथा मध्यस्थकर्ताको भूमिका निर्वाह गरी सबै मानव अधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि कार्य गर्ने। न्यूनतम ज्यालाको कार्यान्वयन, संबैधानिक रुपमा आन्दोलन मुखि कार्यक्रम, कृषि मजदुर कार्यक्रम, अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षाको अभियान, विद्यालय वाल अधिकार कार्यक्रम, मानव अधिकारका उल्लंघनकर्ताहरुलाई न्यायालयका घेरा भित्र ल्याउन, विद्यमान कानुनद्वारा मानव अधिकारको प्रत्याभूति गर्न मानव अधिकारसंग बाझिने कानुनी प्रावधानहरुको खारेजीका निम्ति प्रयत्नरत रहने आदि जस्ता कार्यक्रमहरु संचालन गर्दै लगिने नीति यस संस्थाले तय गरेको छ ।

संस्थाको सम्पर्क व्यक्ति

राम शरण प्याकुरेल

गेर्खुटार- ३, नुवाकोट, फोन नं. : ०१०-६०२६१

फ्याक्स : ०१०-६०४२०

रसुवा



परिचय

राजधानी काठमाण्डौं देखि ८० किलोमिटर टाढा रहेको यस रसुवा जिल्ला गोसाईकुण्ड, पार्वती कुण्ड, रसुवा गढी, लामटाङ हिमाल, उत्तरगया बेत्राबति, लामटाङ.राष्ट्रिय निकुञ्ज, सदरमुकाम धुन्चे जस्ता स्थानहरुले चर्चित छ । जिल्लाभर १२० कि.मि. मात्र सड़क बनेको यस रसुवा जिल्लाको सिमाना चीनको तिब्बतसंग पनि जोडिएको छ । यस जिल्लाको जनसंख्या ३६७६८ मध्ये महिला साक्षरता ११.३ प्रतिशत र पुरुष साक्षरता २४.२१ प्रतिशत रहेको छ । भौगोलिक रुपले अत्यन्तै विपन्न यस रसुवा जिल्लामा विविध जात जातिका मानिसहरु बसोबास गर्छन र अधिकांश बौद्ध धर्म मान्ने गर्दछन् । प्रशासनिक क्षेत्र अर्न्तगत यो जिल्ला कूल १८ वटा गाविसमा विभाजित छ । कूल १५४४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस जिल्लामा ३४ वटा विद्यालय र एउटा क्याम्पस रहेको छ ।

भौगोलिक रुपमा निकै ठगिएको रसुवा जिल्ला आर्थिक रुपले पनि निकै ठगिएको छ । यहाँ हिमाली भेगमा बस्ने मानिसहरु चौरी पालन, भेडा च्याङ्ग्रा पालन व्यबसाय गर्दछन् भने फापर, आलु जस्ता अनाज़हरु उब्जाउँछन् । जिल्लाको तल्लो भागमा ब्राम्हण, क्षेत्री, दमाई, कामी, तामाङ जातिका मानिसहरु बसोबास गर्दछन्। यहाँको प्रमुख उत्पादनहरुमा आलु, मकै र कोदो रहेको छ।

मानव अधिकार तथा समाज सेवा केन्द्रः एक परिचय

मानव अधिकार तथा समाज सेवा केन्द्र (हुसेक), रसुवा को स्थापना २०४५ सालमा भएको हो । सुरुमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मानव अधिकार कार्यकर्ता प्रेम पराजुलीद्वारा जिल्लामा मानव अधिकार सम्बन्धि कार्यक्रम संचालन भएको थियो । तत् पश्चात २०५० सालमा इन्सेकसंग आबद्धता रहि वर्तमान संस्थाको अध्यक्ष अशोक कुमार धिमिरेको नेतृत्वमा कार्य समिति चयन गरी संस्थाले जिल्लामा विविध मानव अधिकार गतिविधि सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ। ग्रामीण इलाकामा रहेका आर्थिक पछौटेपनलाई कम गर्न स्थानीय जनशक्तिको सही परिचालन गर्ने उद्देश्यद्वारा स्थापित यस संस्थाले हाल सम्म

धुन्चेमा आयोजित प्रकाश स्मृति दिवस कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय जिल्ला न्यायाधीश श्यामकिशोर प्रसाद सिंह

यस जिल्लामा ग्रामीण जनताका घर दैलोमा चेतनाको दीप बाल्दै र जनतालाई सचेत बनाउँदै सही मार्गमा लगाउने प्रयास गर्दै आएको छ।

जिल्लामा यस संस्थाले बाल अधिकार र महिला अधिकारको क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस संस्थाको कार्य समितिको परिवर्तन २ वर्षमा हुँने गरेको छ र प्रत्येक १/१ बर्षमा साधारण सभा जस्ता कार्यक्रमहरु संचालन गर्ने गरेको छ । जिल्लामा मानव अधिकार सम्बन्धी कार्यक्रमहरुलाई सुव्यबस्थित ढंगबाट परिचालन गर्न कर्मचारीको रुपमा एकजना कार्यालय सहायक र एकजना कार्यक्रम संयोजक संस्थामा कार्यरत छन् । जिल्लामा मानव अधिकार उल्लंघनका घटनाहरु संकलन गर्नको निमित्त एकजना मानव अधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिको व्यबस्था गरिएको छ । यस संस्थाको कार्यालय जिल्लाको सदरमुकाम धुन्चेमा रहेको छ।

संस्थाको उद्देश्य

- संयुक्त राष्ट्र संघद्वारा घोषित मानव अधिकारको बारेमा सर्व साधारण ग्रामीण जनसमुदायलाई आफ्नो हक अधिकारको सही उपयोग गर्न प्रशिक्षित गर्ने ।
- सवै जात जाति, भाषा, धर्म, संस्कृति र असल परम्पराको खोजी गर्ने ।
- ग्रामीण इलाकामा रहेका आर्थिक पछौटेपनलाई कम गर्न स्थानीय जनशक्तिको सही परिचालन गर्ने ।

संस्थाको आयोजनामा आयोजित बालश्रम विरुद्ध विश्व यात्रा विषयक निबन्ध प्रतियोगिता

संस्थाको साधारण सदस्य तथा कार्य समिति

यस संस्थाको साधारण सदस्य संख्या जम्मा ३५ जनामा महिला ६ र पुरुष २९ जना रहेका छन् र संस्थाको कार्यसमितिमा महिला ३ र पुरुष ८ गरी जम्मा ११ जना रहेका छन् ।

वर्तमान कार्यसमिती

अध्यक्ष	अशोक कुमार घिमिरे
उपाध्यक्ष	लामा सम्देन घले
सचिव	राज कुमार थापा
सह-सचिव	नवराज न्यौपाने
कोषाध्यक्ष	रितमान वाइबा
सदस्य	सरिता पौडेल
"	छोवाङ तेन्जेन तामाङ
"	कमला थापा
"	कृपा छिरिङ तामाङ
"	सुन्तली गुरुङ
"	शिव प्रसाद पौडेल

इन्सेकसंग आबद्धता भएको मितिः

बि.सं. २०५०बैशाख २५ गते देखि यस संस्थाले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संग आबद्ध रही जिल्लामा मानव अधिकारको क्षेत्रमा विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ । हालसम्म यस संस्थाद्वारा संचालित कार्यक्रमहरुबाट करिव १२०० मानिसहरु लाभान्वित भएका छन् ।

२.६ संस्थाले अहिले सम्म गरेका कामको विवरण

स्थापना कालदेखि नै यस संस्थाले जिल्लामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) संगको सम्झौताको अलावा अन्य दातृ संस्थाहरु संग समन्वय गरि विविध कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । स्थापना कालदेखि संस्थाले हालसम्म जिल्लामा सम्पन्न गरेको कार्यक्रमको संक्षिप्त विवरण यस प्रकार छ ।

(क) इन्सेक संग आबद्ध भएर गरेको कार्यक्रमको विवरण

स्थापना कालदेखि नै यस संस्थाले इन्सेकसंग आबद्ध भई विविध मानव अधिकार कार्यक्रमहरु संचालन गर्दै आएको छ । जसमा मानव अधिकार सचेतन कक्षा जिल्लाको ४ वटा क्षेत्रमा ९ महिनासम्म संचालन गर्दै आएको छ । २०५५/५६ देखि हरेक वर्ष ३ वटा केन्द्रमा सचेतन कक्षा संचालन हुँदै आएको छ । त्यसैगरी जिल्लामा रहेका विभिन्न गैरसरकारी संघ संस्था, प्रशासन आदिको बीचमा मानव अधिकार कार्यकर्ता तालिम, स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरुलाई जनप्रतिनिधि तालिम, दिवस समारोह, सचेतन सभा, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन भैरहेका छन् ।

त्यसैगरि २०५३/५४ देखि जिल्लामा बाल अधिकारको क्षेत्रमा सरकारी बिद्यालय कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । जिल्लास्थित ५ वटा सरकारी विद्यालयहरुमा (बागेश्वरी मावि भोर्ले, डाँडागाउँ मावि डाडागाउँ, निलकण्ठ मावि वोगटीटार, रसुवा मावि धुञ्चे, श्यामे वाङ्फेल मावि स्याप्रुबेशि) बाल अधिकार चेतना समुह गठन गरी बिद्यालयमा बालबालिकाको सीप र सृजनाको विकास गर्ने किसिमका विविध प्रतियोगिता र आमा चेतना समूह गठन जस्ता कार्यक्रम सम्पन्न भएका छन् । विद्यालयमा कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गर्न १/१ जना संरक्षक शिक्षकको चयन गरी कार्यक्रमहरु संचालन हुँदै आईरहेको छ । समय समयमा विद्यालयमा विविध प्रतियोगीताहरु (चित्रकला, निबन्ध, बक्तृत्वकला र हाजिरी जवाफ) पनि बाल अधिकार चेतना समूहद्वारा आयोजना हुने गर्दछन् ।

२०५६/५७ देखि यस जिल्लामा संस्थाले अन्य नयाँ कार्यक्रमहरु पनि संचालन गर्दै आईरहेको छ । जस्तै सदरमुकाममा मानव अधिकार शिक्षा, मानव अधिकार अभियान कार्यक्रम, कृषि मजदुर न्यूनतम ज्याला प्राप्तिको कार्यक्रम, जाँड रक्सि विरुद्धको अभियान, जुलुस, धर्ना, मानवअधिकार रक्षा जस्ता कार्यक्रम, जेल निरीक्षण, शिक्षाको अधिकार सम्बन्धि अभियान आदि । संस्थाले अन्य संघ संस्थासंग पनि मिलेर कार्यक्रमहरु संचालन गर्ने गरेको

छ । २०५२ मा S.P.W. को सहयोगमा लहरेपौवा-५ कुवापानीमा रु.३०,०००/- को लगानीमा खानेपानी ट्यांङ्कि निर्माण कार्य सम्पन्न गरेको छ।

त्यसैगरि ०५१/५२ मा प्याक्ट नेपालबाट अनौपचारिक प्रौढ कक्षा जिल्लाका २० वटा केन्द्रहरुमा संचालन गरियो भने ०५३/५४ देखि नै जिल्ला शिक्षा कार्यालय रसुवाको सहयोगमा अनौपचारिक प्रौढ कक्षा र बाल कक्षा संचालन गर्दै आएको छ । ०५६/५७ मा जिल्ला विकास समिति रसुवाबाट दलित तथा उपेक्षित जातिहरुको विचमा आय आर्जन कार्यक्रम, बाखा पालनकोलागि रु. २,४४,९९९/- लहरेपौवा, धैवुङ र भोर्ले गाविसका दलित जातिको विचमा वितरण गरियो । यसबाट करिव १५० घरधुरी लाभान्वित भएका छन् ।

संस्थाको भावी कार्यक्रम

जिल्लामा रहेका मानव अधिकार उल्लंघनका घटनाहरुका विषयमा आवाज उठाउने, मानव अधिकार, धर्ना, जुलुस, पत्रकार सम्मेलन जस्ता कार्यक्रमहरु गर्न अभियान कार्यमा संलग्न रहने जस्ता कार्यक्रमहरु गर्दै जाने लक्ष्य रहेको छ ।

संस्थाको सम्पर्क व्यक्ति
अशोक कुमार घिमिरे
लहरेपौवा, बेत्रावति बजार
फोन: ६९२८२
सिङ पेमा तामाङ
हुसेक, कार्यालय धुन्चे ।

कमैया प्रथा छउन्जेल नेपालमा प्रजातन्त्र आयो भनेर भन्न सकिने अवस्था अझै पनि छैन । हाम्रो मुलुकको संविधानमा मानवअधिकारको उल्लेख गरिएको छ । सबै नेपाली नागरिकहरुलाई बराबर भनिएको छ । तसर्थ २०४६ सालको आन्दोलनबाट प्राप्त संविधान र प्रजातन्त्रको भावना विपरित रहेका यस्ता अमानवीय व्यवहार र कुसंस्कारलाई सबैले मिलेर तोड्नु पर्दछ ।

- मनमोहन अधिकारी

प्रत्येक व्यक्तिले काम गर्ने, आफ्नै इच्छा बमोजिम नोकरी रोज्ने उचित र अनुकूल परिस्थिति पाउनु पर्छ। बेरोजगारीबाट मुक्त हुन पाउनु सबैको अधिकार हो ।

प्रत्येक व्यक्तिले विना भेदभाव समान कामका लागि समान ज्याला पाउनु पर्दछ ।

काम गर्ने प्रत्येक व्यक्ति र उसको परिवारका लागि आवश्यक जीविकाको बन्दोबस्त हुनुपर्छ । उसका निम्ति उचित र अनुकूल पारिश्रमिक तथा अन्य प्रकारको सामाजिक संरक्षणको व्यवस्था हुनुपर्छ ।

प्रत्येक व्यक्तिले आफ्नो हितको रक्षाका निम्ति ट्रेडयुनियनको स्थापना गर्न वा त्यसमा संगठित हुन पाउनु पर्छ ।

- मानवअधिकार घोषणापत्र १९४८

मानवअधिकारको संरक्षण,
संवर्द्धन एवं सुदृढीकरणका
लागी निरन्तरता दिने
प्रतिबद्धता सहित विजया
दशमी, दीपावली तथा छठ
पर्व २०५७ को सुखद
अवसरमा सम्पूर्ण
दाजु भाइ तथा दिदी
बहिनीहरुमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

इन्सेक
insec

वर्ष पुस्तक जिल्ला प्रतिनिधि
तथा
इन्सेक आबद्ध संस्थाहरु

समिर नेपाल
क्षेत्रीय संयोजक
तथा
मध्यमाञ्चल क्षेत्रीय कार्यालय परिवार